
# शुभारम्भ



## प्रा. डा. यादवप्रकाश लामिछाने

अग्रगमनको समर्थन, प्रतिगमनको विरोध, सामाजिक-आर्थिक शोषण, कुसंस्कार र कुप्रवृत्तिको विरोध गरी समतामूलक समाज स्थापनाका पक्षमा खरो रूपमा प्रस्तुत हुने मार्क्सवादी दर्शन ग्रहण गरिसकेको मान्यताविशेष नै प्रगतिवाद हो। यसले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनलाई मेरुदण्ड मान्दै सोहीअनुसार साहित्य सिर्जना हुनुपर्ने र समाज परिवर्तनको वाहक बन्नुपर्नेमा विश्वास राख्दछ त्यसैले प्रगतिवादलाई द्वन्द्वात्मक तथा भौतिकवादी दर्शनमा अन्तर्निहित विशिष्ट साहित्यिक मान्यता मानिन्छ। यसले मार्क्सवादी सिद्धान्तलाई मूल आधार मानेर गरिने सिर्जनालाई बुझाउँछ। प्रगतिवादका दार्शनिक आधारमा रहेका द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोण, वैचारिक प्रतिबद्धता, भविष्यप्रति आशावादी दृष्टिकोण, सामन्तवाद तथा पुँजीवादविरोधी स्वरहरू, मानवीय मूल्य र सौन्दर्यप्रति आस्था र विश्वास, वर्गसङ्घर्ष र वर्गीय पक्षधरता, धार्मिक अन्धता र ईश्वरीय आस्थाप्रति अविश्वासलाई मूल रूपमा स्वीकार गर्दछ। रूप र अन्तरवस्तुको सम्बन्ध; यसको भाषा, लय र छन्दयोजना, प्रतीक र विम्ब आदिजस्ता कुराहरू प्रगतिवादी कवितासाहित्यका महत्त्वपूर्ण कडीका रूपमा रहन्छन्।

*-प्रा.डा.यादवप्रकाश लामिछाने (उहाँकै 'फरक सृष्टि फरक दृष्टि' समालोचनासङ्ग्रहमा सङ्ग्रहित 'प्रगतिवादी कवितासम्बन्धी सैद्धान्तिक मान्यता' समालोचनाबाट साभार)*

❖ सम्पादकीय

# आमनिर्वाचनपछिको सरकार र जनअपेक्षा

आवधिक निर्वाचन लोकतन्त्रको विशेषता हो । यद्यपि यस वर्षको निर्वाचन नियमित आवधिक निर्वाचन थिएन, यो त करिब पौने दुई वर्षअगाडि नै जेनजी आन्दोलनका नामबाट भ्रष्टाचार न्यूनीकरण र सुशासनको नारा वा आवरणमा भएको अनि शान्तिपूर्ण भनिएको आन्दोलन पहिलो दिनमा नै शान्तिपूर्ण हुनसकेन र मुलुकका एक्काइसजना होनहार युवाले जीवनउत्सर्ग गर्नुपर्ने अवस्थामा पुगेको थियो भने त्यसपछिको दोस्रो दिन अर्थात् भदौ २४ गते 'रगतको बदला' भनेर सिङ्गो मुलुक, उद्योगव्यवसाय, निजी सम्पत्ति, सरकारी ऐतिहासिक धरोहरहरू निर्मम रूपमा जलाइए, बालिए ! यसरी सिङ्गो मुलुक तहसनहस पार्दा ककसका केके स्वार्थ मिसिए, मिसाइए केही खुलेका पनि छन् र बाँकी खुल्दै पनि जालान् । यो दिनको वितण्डा सोद्देश्यमूलक थियो भन्ने आशङ्का पनि मडारिएका छन् ! यो सम्पूर्ण घटनाको छानविनका लागि तत्कालीन अन्तरिम सरकारले पूर्वन्यायाधिस गौरीबहादुर कार्कीको संयोजकत्वमा छानविन आयोग पनि गठन गरेको थियो । त्यस आयोगका पदाधिकारीको पूर्वपृष्ठभूमि, सामाजिक सञ्जालमा अभिव्यक्त निजी धारणा आदि इत्यादिका आधारमा आयोग निष्पक्ष हुनसकतैन भन्नेसमेतका आबाज पनि उठे तापनि आयोगले आफ्नो काम फत्ते गर्‍यो, प्रतिवेदन पनि सरकारलाई बुझायो । प्राप्त प्रतिवेदन सरकारले औपचारिक रूपमा सार्वजनिक त गरेन तैपनि त्यसको कार्यान्वयनमा हालको नवगठित सरकार लागेको देखिएको छ । यद्यपि प्रतिवेदन पनि आग्रहपूर्ण तरिकाले नै आयो र कार्यान्वयन पनि आग्रहपूर्ण नै भएको वा गरिएको देखिएको छ भन्ने टिप्पणी भइरहेका छन् ! समयक्रममा यथातथ्य खुल्दै खुल्दै जाने छ भन्ने विश्वास गर्नसकिन्छ ।

यही आन्दोलनको परिणतिका रूपमा समयअगाडि नै आमनिर्वाचन सम्पन्न भयो । जनताले यो निर्वाचनमा आफ्नो अभिमत नयाँ नै त होइन तर नयाँ भनिएका राजनीतिक दललाई शान्तिपूर्ण निर्वाचनका माध्यमबाट प्रकट गरेका छन् । पुराना र लामो समयको त्याग, बलिदान र सङ्घर्षका माध्यमबाट यो मुलुकमा लोकतन्त्र स्थापनामा उल्लेख्य भूमिका निर्वाह गरी लोकतन्त्रको यो करिब तीन दशक लामो शासनसत्तामा कुनै न कुनै रूपमा संलग्न रहेर उनीहरूले गरेको कार्यसम्पादन जनताको मूल्याङ्कनको रोहमा स्वीकृत हुनसकेन मात्र होइन लगभग तिरस्कारको तहका देखा पर्‍यो ! अथवा भनौँ जनताले विकल्पको खोजी गर्ने कार्य गरे । लोकतन्त्रको मर्म भनेको आवधिक निर्वाचन हो र जनताले राजनीतिक दलहरूलाई नजिकबाट मूल्याङ्कन गर्ने र त्यो मूल्याङ्कनलाई मतपत्रका माध्यमबाट प्रकटीकरण गर्ने अनि कसैलाई किनारा लगाइदिने वा कसैलाई एक अवधिका लागि जिम्मेवारी सुम्पने यो सुअवसरको यसपटक पनि जनताले सदुपयोग गरेका छन् ।

जनताले सपना साँच्छन्, भरोसा गर्छन्; सँगसँगै विवेकको प्रयोग पनि गर्छन् । हाम्रो मुलुकमा अहिलेसम्म पनि मुलुकका सबै सबै भूभागमा समान राजनीतिक चेतना विकसित भइसकेको छैन र कहिलेकाहीँ जनताले बहकाउमा पनि लाग्नुपर्ने अवस्था रहन्छ भन्ने गरिन्छ । यो केही हदसम्म सत्य पनि हो, सबैमा समान चेतना हुने कुरा पनि होइन तर जनताले जहिल्यै पनि आफ्नो विवेकको कसीमा राजनीतिक दल र त्यसका नेतृत्वलाई घोट्ने गरेका र त्यो कसीमा जाँच्दा नेतृत्वकर्ता हौँ भन्नेहरू कोही किनारा लाग्ने र कोहीले अवसर पाउने वा भनौँ यो पाँच वर्षको अवधिमा अब तिम्रो साँचो अर्थमा जाँच हुन्छ, परीक्षा हुन्छ भनेर चेतावनसहित जिम्मेवारी दिने काम पनि जनताले गर्ने हो; यसपालि हाम्रो मुलुकका जनताले यसैगरी विवेकको प्रयोग गरेका छन् । जनताको विवेकको कसीमा घोटिँदा किनारा लाग्नेले आफूलाई सच्याउने र जनताको साथसहयोग प्राप्त गर्ने दिशा रोज्नुपर्ने हुन्छ भने अवसर पाउनेले जनताको परीक्षामा आफूलाई अब्बल साबित गर्ने हरसम्भव प्रयास गर्नुपर्ने हुन्छ । इमानदार प्रयास नगर्नेहरू फेरि अर्को अवधिमा किनारा लाग्नु निश्चित नै छ ।

जनताको विवकले देखेको र कोही कसैको गुण र दोषका आधारमा गरिएको मूल्याङ्कन स्विकार्य नै हुन्छ । कहिलेकाहीँ कतै कतै मूल्याङ्कन् यथार्थपरक नहुने वा कुनै व्यक्ति वा समूहको जोरजबरजस्तीको सामना गर्नुपर्दा यथार्थभन्दा फरक हुनु पनि स्वभाविक हो । त्यसैगरी कहिलेकाहीँ विवेकको प्रयोग गर्ने जनताजनार्दनलाई स्वार्थ वा प्रलोभनमा पारेर पनि मूल्याङ्कन तलमाथि भइदिने अवस्था आएको पनि हामी देख्नसक्छौँ; यसलाई पनि धेरै अस्वभाविक मान्नुहुँदैन । यस्ता केही सामान्य पक्षलाई गौण मान्ने हो भने लोकतन्त्रमा जनता नै सर्वोपरि हुन् र उनीहरूको निर्णय पनि सर्वस्विकार्य हुन्छ । जनताको मूल्याङ्कनका आधारमा किनारा लाग्नेले जनतालाई सराप्ने वा जनसमर्थन प्राप्त गर्नेले अब मैले सदा सदाका लागि अवसर प्राप्त गरेको हुँ, अब कहिल्यै पनि जनताको मूल्याङ्कनको सामना गर्नै पर्दैन भन्ने भ्रम किमार्थ पाल्नुहुँदैन । बरु जनताले दिएको गहन जिम्मेवारी कसरी कुशलतापूर्वक वहन गर्ने हो ? कसरी अब्बल कार्यसम्पादन गर्ने हो भन्ने चिन्तनमा लाग्ने र सोहीअनुसारको आचरण गर्ने हो भन्ने पक्षमा समर्पित हुनु आवश्यक हुन्छ ।

जनताको विवेक प्रतिशोधी हुँदैन किनभने मतपत्रका माध्यमबाट व्यक्त हुने अभिमतमा समान्यतया मतैक्य हुनसक्तैन तर संसारको राजनीतिक आरोहअवरोहलाई मूल्याङ्कन गर्दा वा पढ्दा प्रायः शासनसत्ता चाहिँ प्रतिशोधी हुने गरेको देखिएको छ ! यद्यपि राजनीति सहिष्णु हुनु आवश्यक छ, क्षमाशील हुनु आवश्यक छ, सत्ताले न्यायपूर्ण विवेकको प्रयोग गर्नु झनै धेरै आवश्यक हुन्छ । प्रतिशोधले प्रतिशोध नै हुर्काउने हुँदा 'जे रोप्यो त्यही फल्छ' भन्ने नजिर प्रतिपादन भयो वा गरियो वा प्रतिशोधी संस्कारलाई हुर्काइयो भने मुलुकको राजनीति कहिल्यै पनि सङ्लिदैन । न्यायको तराजुमा बराबर हुनेगरी जोखिएन भने कतै न कतै प्रतिशोधको गन्ध आउनथाल्छ । 'कहिले सासूको पालो, कहिले बुहारीको पालो' भन्ने मान्यता हुर्कियो भने प्रतिफल प्रतिशोधबाहेक केही हात लाग्दैन वा भनौँ प्रतिफल प्रतिशोधमा अवतरित हुनजान्छ ।

प्रतिशोधले सभ्य र न्यायपूर्ण समाजको निर्माण त हुँदै हुँदैन बरु सिध्याउने र सिद्धिने खेल चाहिँ 'घुर्‍यानमा मौलाएको मुला'जस्तो मौलाइरहन्छ। न्यायको तराजु कतै न कतै कोल्टो पर्‍यो भने न्यायपूर्ण समाज निर्माणको परिकल्पना सार्थक हुनै सक्तैन।

यतिखेर हाम्रो मुलुकको राजनीति पनि कतै प्रतिशोधकै बाटोतिर त हिँड्नखोजिरहेको छैन भन्ने प्रश्न उब्जिएको पाइन्छ ! जनताको अभिमतलाई गलत अर्थ लगाउने हो भने, फेरि फेरि जनताको मूल्याङ्कनको कसीमा मैले घोटिनै पर्दैन भन्ने भ्रम पालियो र 'टाँगामा बाँधिएको घोडा'जस्तो एकोहोरो हिँड्ने दुस्साहस गरियो भने समुन्नत समाज निर्माणको सपना साकार पार्नसकिँदैन, समुन्नत समाज निर्माण हुँदा पनि हुँदैन भन्ने शाश्वततालाई शासनसत्ताको सुअवसर प्राप्त गर्ने जोकोहीले बुझ्नु आवश्यक छ, मनन गर्नु आवश्यक छ र सफा नियतले कार्यसम्पादन गर्नु आवश्यक छ। गोविन्दबहादुर मल्ल 'गोठाले'को 'म जुजुमान' कथाको प्रमुख पात्रजस्तो शासक भइदियो भने, कोहीकसैको सरसल्लाह आवश्यक ठान्दैन भने र पीडामा परेका, उत्पीडनमा परेका, अन्यायमा परेका, निमुखाको आबाज पनि सुनिदिँदैन भने त्यस्तो म जुजुमान शैलीको शासकले पनि समन्यायिक समाजको निर्माण गर्छ, ऊ सफल हुन्छ भन्ने विश्वास गर्नसकिदैन।

प्रतिशोध भनेको सफलताको बाधक कुरा पनि हो। त्यसैगरी प्रतिशोध यात्रीलाई गन्तव्यसम्म पुग्नबाट रोक्ने नजानिदो अवरोधक पनि हो। सत्कर्म, सदाशय, न्यायको पक्षधरता, विवेकको प्रयोग; आफ्नो योग्यता, क्षमता र सिपको सदुपयोग; सहकार्य, सहयोगी वा सहयात्रीका प्रतिको भरोसा पनि सफलताका सूत्र हुनसक्छन् र यस्ता सूत्रको सही प्रयोग गर्ने शासक हम्मेसि प्रतिशोधी हुन पनि सक्तैन। अवसर प्राप्त गरेका वेलामा प्राप्त अवसरलाई देश र जनताको हितमा कसरी प्रयोग गर्नसकिन्छ ? कसरी 'बहुजनहिताय' भन्ने मात्र सोच्नसकिन्छ भन्ने सोच्ने, चिन्तनमनन गर्ने र आफ्ना निर्णयका माध्यमबाट कार्यान्वयनमा ल्याउनसक्ने शासक नै सफल शासक हुन्छ भन्ने कुरामा दुईमत हुनै सक्तैन। झुक्याउने, भ्रम छर्ने, आफैँलाई सर्वज्ञ ठान्ने, स्टन्ट गर्ने, आफूले आफैँलाई नियन्त्रण गर्ननसक्ने र जथाभावी बहुलाउने, पदीय आचरण गर्ननसक्ने वा पदीय मर्यादाको ख्याल नगर्ने बहुलठ्ठी शासक पनि न्यायपूर्ण समाज निर्माणका पक्षमा होइन प्रतिशोधी यात्रामा नै लाग्छ जुन मुलुक र जनताको भाग्य र भविष्य निर्माणको बाधक नै हुन्छ। जनताको प्रचण्ड अभिमतका माध्यमबाट शासनसत्तामा युवाहरू पुगेको वर्तमानमा यो मुलुक र जनताले उनीहरूले नै भनेअनुसार सुशासन र भ्रष्टाचाररहित मुलुकको अपेक्षा गरेका छन्। उद्देश्यमूलक यात्रामा हिँड्नेहरूले प्रतिशोधको कुबाटो हिँड्नु किमार्थ जायज हुँदैन तर न्यायपूर्ण राजमार्गको निर्माण भने अपरिहार्य हुन्छ। दोषी उम्किनुहुँदैन र निर्दोषले कत्ति पनि दुःख पाउनुहुँदैन भन्ने शाश्वततालाई बिर्सिनु पनि जनअभिमतको अपहेलना हो। तपाईँ प्रतिशोधी शासक हो भनेर कोही कसैलाई किटान गर्नुपर्ने अवस्था नै नआइदेओस् न। कि कसो !

***–रमेश पोखरेल***

## यस अङ्कमा


**विशेष संवाद**

**गैरदलितहरूमा...-** *सुन्दर पुर्कुटी/१०*

**मुक्तक/कविता/गजल**

**तीन मुक्तक-** *गोविन्दबहादुर कुँवर/२१*

**द्रौपदीको...-** *डा. सावित्री श्रेष्ठ/२२*

**भन...-** *उमेश उपाध्याय/२५*

**गजल-** *दुर्गा वनवासी/२६*

**गन्तव्यहरूका...-** *मिथिलेश 'आदित्य'/३७*

**तीन मुक्तक-** *ज्ञानुवाकर पौडेल/४९*

**अनुवाद/कविता**

**सिलसिला / चाहत-** *सुबोध श्रीवास्तव/१६*

**कथा/लघुकथा**

**गोपालको...-** *पद्मप्रसाद शर्मा/२४*

**वृद्धभत्ता-** *गंगाप्रसाद अधिकारी/२६*

**खोक्रो...-** *माधव चौलागाईं/३३*

**यसपटक**

*रीता खत्री/७*

**निबन्ध/संस्मरण/**

**कृतिसमीक्षा/समालोचना**

**चेतनाको...-** *चन्द्रबहादुर लामा/१७*

**बलिदानी...-** *शान्ता मानवी/२७*

**एक मुठी...-** *अरुणबहादुर खत्री 'नदी'/३८*

**न्यायका...-** *प्रा.डा. खेम दाहाल/४१*

**जोडीका...-** *देवकी आचार्य,* **(PhD)** /५०

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

**पाश्चात्य साहित्यकार बेनेदितो क्रोचे**/६

**निरन्तर**

वासुदेव अधिकारी/५७

**समाचार** / ६१

**अनूभूति**

प्रा. डा. ध्रुवकुमार घिमिरे/६४



# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क १ पूर्णाङ्क २६४ / २०८३ वैशाख

जिप्रकाका द.नं. ९४ / २०६० / ०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेब संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# पाश्चात्य साहित्यकार बेनेदितो क्रोचे

मानव हितले युक्त भएको लेख रचनालाई नै साहित्य भनिन्छ। साहित्यले मानव, समाज र राष्ट्रको हित गर्दछ । हितकारी साहित्य लेखनका निमित्त दीर्घकालीन साहित्यिक साधना गर्नु अत्यावश्यक हुन्छ। समाज र व्यक्तिको हित गर्ने साहित्य सिर्जना विश्वसाहित्यमा सिर्जित हुँदै गएका छन् । विश्वसाहित्यमा चर्चित व्यक्तित्व इटालियन दार्शनिक बेनेदितो क्रोचेको जन्म १८६६ मा भएको हो।

बेनेदितो क्रोचे आत्मवादी दार्शनिक हुन् । उनले आफ्नो सम्पूर्ण जीवन दर्शन, साहित्य, समालोचनाका साथै विविध वादको प्रारम्भ गरेका छन् । उनको प्रमुख वाद अभिव्यञ्जनावाद रहेको छ । उनका विचारमा सहज ज्ञान, तर्क ज्ञान, सहजानुभूति, कलासम्बन्धी विचार, कलामा आनन्द आदि रहेका छन् । जीवनजगत्मा कलाको महत्व धेरै रहेको छ । कलाले मानवमनमा रहेको सौन्दर्यलाई बाह्यजगत्मा ल्याउने कार्य गर्दछ। उनको विचारमा सत्य तथा यथार्थको केन्द्र केवल एक मानवमस्तिष्क हो। यी दुबै कुरा मानवमनमा नै निहित हुन्छन्।

धनी परिवारमा जन्म भएका क्रोचेले बाल्यकालमा नै आफ्ना आमाबुबाका साथै दिदीलाई गुमाउनुपरेको थियो । उनले औपचारिक रूपमा विश्वविद्यालय शिक्षा पूरा नगरे पनि स्वतन्त्र अध्ययनबाट दर्शन, साहित्य, इतिहासको गहिरो ज्ञान प्राप्त गरे। उनका प्रमुख कृतिहरूमा कलासम्बन्धी सिद्धान्त, इतिहास, स्वतन्त्रताको कथा आदि रहेका छन् । उनले राजनीतिक क्षेत्रमा पनि आफ्ना विचार व्यक्त गरेका छन् । उनले इटालीमा फाँसीवादको विरोध गरे। स्वतन्त्रता र लोकतन्त्रको समर्थन गरे भने केही समयका लागि शिक्षामन्त्री पनि बनेका थिए।

बेनिदितो क्रोचेले दर्शन, इतिहास र साहित्यमा गहिरो प्रभाव छाडेका छन्। उनका विचारले विश्वसाहित्यमा स्थान पाएका छन्। उनले मानवचेतना, कला र इतिहासलाई जोडेर बुझाउने प्रयास गरे जसका कारण उनी आधुनिक युरोपेली दर्शनका महत्त्वपूर्ण व्यक्तित्व मानिएका छन् । आत्मवादलाई साहित्यिक दृष्टिले हेर्दै नयाँ दृष्टिकोण प्रस्तुत गर्ने क्रोचेको निधन २० नोभेम्बर १९५२ मा इटालीमा भएको भए पनि उनी आफ्ना गहन सिर्जनाका माध्यमबाट अमर रहेका छन्, रहिरहने छन्।

*-रूपेश अधिकारी*

## यसपटक



### ❖ रीता खत्री

वि.सं.२०३८ वैशाख ९ मा माता शान्ता खत्री र पिता अर्जुनबहादुर खत्रीकी सुपुत्रीका रूपमा भोजपुर जिल्लाको देउराली ७ मा जन्मिएकी रीता खत्री हाल काठमाडौँ महानगरपालिका वडा नं.२ लाजिम्पाटमा बसोवास गरिरहेकी छिन्। त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेकी रीताले 'सभ्यता' साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादनसमेत गरेकी छिन्। हाल नेपाल विद्युत प्राधिकरणमा सेवारत रहेकी रीताका 'फूल रोएपछि' र 'अक्करगुञ्जन' कवितासङ्ग्रह प्रकाशित भएका छन्। राष्ट्रिय कविता महोत्सव २०६८ मा प्रथम, देवकोटा शताब्दी काव्य पुरस्कार २०६६, अनेसास डिल्लीरमण तिमल्सिना स्मृति नवप्रतिभा सर्वोत्कृष्ट पुस्तक पुरस्कार, विमल स्मृति पुरस्कार, षडानन्द प्रतिभा पुरस्कार, नारी स्रष्टा सम्मानलगायत एक दर्जनभन्दा बढी मान, सम्मान तथा पुरस्कार उनले प्राप्त गरेकी छिन्। समसामयिक यथार्थलाई नजिकबाट नियाल्ने र विकृत एवम् विसङ्गत समग्र पक्षलाई उजागर गर्दै रूपान्तरणका पक्षमा आबाज बुलन्द गर्नु र सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्नु रीता खत्रीको सिर्जनाधर्मिता रहेको पाइन्छ । सिर्जना, राष्ट्रसेवा, सङ्गठन, सामाजिक रूपान्तरण अभियान आदि क्षेत्रमा अविश्रान्त क्रियाशील अहिलेको समयकी यिनै सक्रिय स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

'पहाडको थुप्रो र नुनका ढिका' शीर्षकको कवितामा अनैतिकताका, उत्पीडनका, कुशासनका, असुरक्षाका, विभेदका भोगाइ भोग्दा भोग्दा अन्ततः मानिस पनि विस्फोट हुन्छ भन्ने चुनौतीका साथ रूपान्तरणको ध्वन्यार्थ सम्प्रेषण गरिएको छ । 'चलिरह्यो सृष्टिको शृङ्खला' शीर्षकको कवितामा अभावमा, दुःखमा पनि हाँसी हासी, खुसीका साथ बाँचेकी आमा सहनशील माटो हुन्, बाटो हुन्, नदीजस्तै अविरल र अविश्रान्त यात्रु हुन्, अरूका लागि बाँच्ने तपस्वी हुन र देश पनि त्यस्तै महान् कुरा हो भन्ने शाश्वतता अभिव्यक्त भएको छ। 'समयको चक्र' शीर्षकको कवितामा पीडामा परेर वा उत्पीडन व्यहोरेर बाँचेका महिलाहरूलाई होच्याउनु वा विगत कोट्याइरहेर दुखाउनु झन पीडा बल्झाउनु हो भन्ने यथार्थ उजागर गरिएको छ, आक्रोश व्यक्त गरिएको छ

## पहाडको थुप्रो र नुनका ढिका

हान्दा पनि हम्मरले
भत्काउँदा पनि डोजरले
नदुखेझैँ गरिरहने
तिमी को हौ ?
पहाडको थुप्रो कि जमिनको सडक !

चर्को घामले पोलेपछि त
गरेको छ क्रान्ति हिउँले पनि
अति भएपछि अन्याय
धाँजो फाटेर
गरेको छ विद्रोह त माटोले पनि
पहाडका थुम्काजस्ता
एउटै आसनमा अनवरत
थुप्रिरहेका मानिसहरूसँग
नुनका ढिक्काजस्ता
सदैव पग्लिरहने एकहुल मानिसहरू
खोज्दै छन् पग्लन फेरि पनि
कतै चर्को र कतै बिलिनो बनेर !

चर्कोले चरक्क चर्काएर
हराइरहेका मानिसहरूका हिसाब
कहिले मिलेको छ र यहा‘ ?
वेपत्ता पारिएकी आमा
कतै घर फर्किहाल्छिन् कि
भन्ने झिनो आस बोकेर
बा‘चिरहेका नानीहरूका तिर्खा
कसले पो मेटेको छ र यहा‘ ?

सुक्न नपाउदै आँखाका ताल
यो सत्ता
किन पुनः पुनः दिइरहन्छ
निश्छल आँखामा आँसुका उपहार !
किन निर्लज्ज हानिरहन्छ
कानुनको लौरोले पीडितका पिठ्युँमाथि !

यसरी नै चल्ने हो भने सत्ता र शक्ति
चलमलाउनका लागि हामीसँग पनि छ
बढारेर कसिङ्गर फाल्ने अधिकार
तताएर डाडु दाल झान्ने अधिकार
समातेर कोदालो डल्ला फोर्ने अधिकार
सिलौटोमा राखेर नुन धुल्याउने अधिकार ।
पहाडको थुप्रोजस्तो
अनवरत एकै ठाउँमा थुप्रिएर
अभिमन्यु आँखाले मात्र
यो दुनियाँ हेरिरहेकी
ओ युवती !
बेस्सरी हिर्कायो भने त
घामले पनि हिउँलाई
हिउँ कहाँ हिउँ रहन्छ र !
तिमीले हेर्ने सुन्दर सौन्दर्य बनेर
ऊ किन बस्छ र अनवरत जमेर ।
पोलाइले पग्लेर
हिउँ त नदी बन्छ भने
भोगाइले भोगेर
भन मानिस के के बन्छ !

## चलिरह्यो सृष्टिको शृङ्खला

कति प्यारो लागेको
प्रियतमको प्रेम
केटाकेटीको चकचक
पूजाकोठामा

सदैव चम्किरहने दियोको चहक !
आफूले चलाएको सनातनी भान्सा
आफूले हेर्ने पुरानो ऐना
आफू सुत्ने मैलिएको ओछ्यान
चम्काउँदा चम्काउँदै सबैलाई
उनले आफैँलाई चरक्क दुखाइसकिछन् !

चिकित्सकले चिरेर हेरेपछि
जिन्दगीको भित्तेपात्रोले
मिति नै तोकिदियो मृत्युको !
मिति नै तोकिएपछि मृत्युको
सोचिरहिन् उनले
कसले टक्टक्याइदिन्छ होला
उनको न्यानो ओछ्यान !
कसले बसिदिन्छ होला
प्रत्येक तीजमा प्रियतमको लागि निराहार व्रत !
आमा ! भनेर कसलाई भन्छन् होला
नानीहरूले !
कस्तो लथालिङ्ग हुन्छ होला यो घर !
सोच्दासोच्दै
डाक्टरले दिएको मितिभन्दा
निकै अगाडि नै गइन् उनी !

केही समय शून्य भयो घर
सधैँका लागि हराइन् नानीहरूकी आमा
नुन खाएर झोक्राएको कुखुराझैँ
झोक्राइरहे नानीहरूका बा
प्रेयसीका सम्झनामा
यावत्झैँ
पूर्ववत् नै चलिरह्यो सृष्टिको शृङ्खला ।

सङ्कटका वेला
सिक्नू माटोसँग, सिक्नू नखाएरै अघाउन
सिक्नू बाटोसँग, सिक्नू नथाकेरै हिँडिरहन
सिक्नू नदीसँग, सिक्नू अविरल बगिरहन
सिक्नू पहरासँग, सिक्नू निरन्तर हाँसिरहन ।
अरूकै लागि बाँचे पो बचाइ
चुल्याइरहन सकूँ यो देशको उचाइ ।

## समयको चक्र

मान्छेका विनम्रतालाई कमजोरी ठान्नेहरूले
किन नसकेका होलान् ?
समयको चक्रलाई आफ्नो जाँतोमा घुमाइराख्न !
मृत्युलाई आफ्नै काबुमा राखिराख्न ?
अनेकन् पटक मृत्युको मुखमा पुऱ्याउँदा पनि
मृत्युले ओकेलेर मात्र बाँचेकी म
अझै सुकेका छैनन्
चोटका निला समुद्रहरू मभित्र ।

परचक्री पर्खालले थिचेर
निलाम्मे बनाएको निस्लोट शरीर घिसारेर
थाहा छैन कुन गल्ली भएर हिँडेँ
र जोगिएँ आजसम्म !
अझै सोध्नेहरूले अनायासै सोधिदिन्छन्
र पुनः दुखाउँछन् खाटा बसिसकेको घाउ !
विगतको गहिरो दलदलबाट निस्केर
वर्तमानमा श्वास लिइरहेका मानिसहरूसँग
कृपया, बार बार सोधेर
विगत नदुखाइदिनू ।

# गैरदलितहरूमा रहेको अहङ्कार नहट्दासम्म दलितले विभेद भोगिरहनुपर्छ

❖ सुन्दर पुर्कुटी

**माता बाटुली पुर्कुटी र पिता बिरबल पुर्कुटीका सुपुत्रका रूपमा जन्मिएका र हाल काठमाडौँको बुढानीलकण्ठ नगरपालिका वडा नं.८ मा बसोवास गरिरहेका राष्ट्रिय दलित आयोगका सदस्य सुन्दर पुर्कुटीसँग 'दलित महिलाको अवस्था' विषयक लघुअनुसन्धानका निम्ति शान्ता मानवीद्वारा गरिएको अन्तर्वार्ता हामीले यहाँ समावेश गरेका छौँ।**

***मानवी: मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

***पुर्कुटी:*** दलित भनेको हेपिएका, दबिएका, हक, इज्जत, मान र प्रतिष्ठा गुमाएका, टुक्रा टुक्रा पारिएका भनेर नेपाली शब्दकोशमा व्याख्या गरिएको छ। यो दलित भनेको अवस्था हो। यो ब्राह्मणवादले उपहास गरेर भनिने अपमानित परिचय पनि हो।

*मानवी: दलित शब्दको औचित्य के हो ?*

*पुर्कुटी:* नेपालका अनादिवासी-मूलवासी समुदायलाई अपमानित ठानेर दलित भन्नु अन्याय हो। यसको कुनै औचित्य छैन। तथापि शूद्रअन्तर्गत छरिएर रहेका विभिन्न जाति र थरका एकात्मक भावको प्रतिनिधित्व गराउने उद्देश्यका साथ चयन गरिएको शब्द हो 'दलित' शब्द । जसको श्रेय दलित आन्दोलनका अग्रणी डा.अम्बेडकरलाई जान्छ । यसर्थ दलित समस्या समाधानसँगै दलित शब्दको औचित्य पनि समाप्त हुने छ।

***मानवी: शूद्र र दलित एकै हुन् त ?***

***पुर्कुटी:*** वर्तमानको दलित भनिएको समूह नै विगतको शूद्र हो। विगतमा शूद्र भनिएको समूह नै वर्तमानको दलित हो तर पनि वैदिक कालमा भने शूद्रप्रति छाइछुइको व्यवहार भएको पाइँदैन।

***मानवी: किन शूद्रलाई अछुत मानिएको होला ?***

***पुर्कुटी:*** किनकि हिन्दू धार्मिक ब्राह्मणवादी र मनुवादी मूल्यमान्यता, चालचलन, परम्परा नै विभेद, असमानता र उचनीचमा अडिएको छ। यससन्दर्भमा अम्बेडकरले भन्नुभएको छ, 'विभेद र असमानता नै हिन्दू धर्मको आत्मा हो।' वास्तवमा विभेदजन्य व्यवहार उत्पन्न गर्ने उद्देश्यका साथ वैदिक कालपछि शूद्रलाई अछुत मान्न थालेको पाइन्छ।

***मानवी: दलितभित्र शुद्र पर्छन् कि शूद्रभित्र दलित ?***

***पुर्कुटी:*** शूद्र र दलित शब्द वर्तमानकालीन

सामाजिक परिवेशमा समानार्थी देखिए पनि वर्णाश्रम धर्ममा शूद्र उत्पत्तिको कथालाई आधार मान्दा शूद्रभित्र दलित पर्ने नभएर दलितभित्र चाहिँ शूद्रलाई पारिएको छ।

***मानवीः वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

***पुर्कुटीः*** विभेदजन्य व्यवहारका कारण को ठुलो र को सानो भन्ने निकृष्ट जातिवादी मानसिकताको व्यवहारले गर्दा शूद्र वर्गलाई मात्र दलित भन्ने गरेको पाइन्छ।

***मानवीः हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरेको छ ?***

***पुर्कुटीः*** राष्ट्रिय दलित आयोगको जातीय अनुसूचीलाई आधार मान्दा पहाडमा १७ र मधेसमा १९ गरी २६ ओटा जातिलाई दलित भनी सूचीकरण गरिएको छ।

***मानवीः विशेष गरेर दलितहरूले कुन धर्म मान्ने गर्छन् ?***

***पुर्कुटीः*** आदिम इतिहासलाई हेर्दा वर्तमानमा कथित दलित भनिएको समूह हिन्दुधर्म र वर्णाश्रम व्यवस्थाभन्दा बाहिर रहेको पाइन्छ। सिन्धु मैदानमा आर्यको प्रवेशले सिन्धुघाँटीको सभ्यता नै नष्ट गरियो । त्यसपछि वर्तमान दलितका पुर्खा द्रविडहरूलाई दास बनाएर हिन्दु धर्मको वर्णाश्रम व्यवस्थाभित्र जर्वजस्ती समावेश गरिएको इतिहास छ। वर्तमानमा दलित भनिएको समुदाय आदिम समयमा प्रकृति र कुलपितृपूजक (मानवतावादी भौतिकवादी) धर्म मान्दै आएको तथ्य पाइन्छ । (विस्तृत रूपमा बुझ्न २०८१ साल श्रावण ५ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकमा छापिएको प्रकृति-कुलपितृदेव पूजक शीर्षकको लेख हेर्नसकिन्छ)। तथापि पछि आएर धेरै दलितहरू हिन्दु धर्मको प्रभावमा परेका छन्।

***मानवीः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

***पुर्कुटीः*** विभेदको थालनी हामीले गरेको होइन । नेपालका सन्दर्भमा भन्नुपर्दा जङ्गबहादुर राणाले वि.सं.१९१० सालको मुलुकी ऐन बनाएर तहगत जातीय विभेदलाई कानुनी रूपमै लागू गरेको स्मरणीय छ। त्यो बाध्यकारी कानुनले सबै जातले सबैलाई विभेद र असमानतामा व्यावहारिक रूपमा उभिन बाध्यकारी बनायो । त्यो अभ्यास र कार्यान्वयन आजसम्म जारी छ त्यसैले विगतमा त्यस्तो कानुन बनाएर आजसम्म विभेद जारी राख्नेहरूलाई किन जारी राखेको ? भनेर प्रश्न गर्दै पारित दलितसम्बन्धी कानुनहरू अक्षरशः पालन गराउन प्रतिबद्ध हुनुपर्छ भन्ने लाग्छ।

***मानवीः दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

***पुर्कुटीः*** के व्यवसाय, पेसा कहाँ, के र कसरी गर्छन्भन्दा पनि उनीहरूले नगरेको ज्ञान, सिपकला-प्रविधि, संस्कृति, सम्पदा र सभ्यता नै के बाँकी थियो र ? भन्नु चाहिँ सान्दर्भिक होला। सिङ्गो मानव सभ्यताको विकासकर्ता

र सिर्जनाकार नै वर्तमानमा दलित बनाइएका रैथाने शिल्पी समुदाय हुन् । शिल्प (मानव) सभ्यता भनेको मानवसभ्यता हो, मानवसभ्यता नै आदिम सभ्यता हो, त्यही आदिम सभ्यता सिन्धुघाँटीको सभ्यतालाई मानिन्छ । जसलाई द्रविडहरूले विकास गरेको पछिल्लो आनुवंशिक अनुसन्धानबाट पुष्टि भएको छ । परिचित शिल्पी समुदायले बदलिँदो अवस्थामा आफ्ना पुर्ख्यौली व्यवसाय छाडेर अन्य व्यवसाय अँगाल्न थालेका छन् ।

***मानवीः दलित समुदामा धर्म संस्कारको पालना गराउने पुरोहितका रूपमाको रहन्छ ?***

***पुर्कुटीः*** सामुदायिक मौलिक आदिम धर्मका बारेमा माथि ८ नम्बरको प्रश्नमा जबाफ उल्लेख भएको छ । यदि वर्तमानको रैथाने शिल्पी (कथित दलित) समुदायको पुर्ख्यौली मौलिक ज्ञानपरम्परामा  आधारित संस्कार, संस्कृति, रीतिरिवाज, परम्परा आदिका बारेमा बृहत् जानकारी लिन चाहेमा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट २०७८ सालमा छापिएको गण्डकीका शिल्पी समुदायको मन्त्रसम्पदा ग्रन्थको लेखकीय र उपसंहार पढ्न नसकिन्छ । सोही ग्रन्थका बारेमा २०७८ साल चैत्र १२ गते अन्नपूर्ण पोस्टमा छापिएको गोपीकृष्ण ढुङ्गानाको समीक्षा 'मन्त्रसम्पदामा शिल्पी समुदाय' पढ्दा जानकारी प्राप्त गर्नसकिन्छ । मोटामोटी सामुदायिक संस्कार गराउने प्रमुखको बारेमा यस समीक्षाबाट थप जानकारी प्राप्त हुने छ ।

***मानवीः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खान स्वीकार गरिएको होला ?***

***पुर्कुटीः*** यो प्रश्न जातिवादी, हेपाहा र अहङ्कारी मानसिकताबाट आएकोजस्तो लाग्छ किनकि यसमा तपाईँको कुनै दोष छैन । मुख्य दोष जातिवादी राज्यसंरचना, समाज र घरपरिवारको हो । कोही कसैले आफ्नै खुसीले सिनो खान स्वीकार गर्छ होला र ? बिल्कुलै खाँदैन र स्वीकार पनि गर्दैन । त्यो प्रचलन कतिपय जातीय विभेद र असमानताले सिर्जना गरेको बाध्यकारी अवस्था हो । दलित समुदायभित्र केही जातिले गाईगोरुको मासु खान्छन्, राज्यले जिउँदो काटेर खान नदिएपछि मरेको गाई, गोरुको मासु खाँदा उनीहरूलाई सिनो खाएको भनेर आरोप लगाउनु न्यायसङ्गत हुँदैन । यो चलन नै अहिले हटिसकेको छ ।

***मानवीः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्ननसकेका हुन् ?***

***पुर्कुटीः*** यो समुदायले पटक पटक आन्दोलन, सङ्घर्ष गरेर न्यायका लागि राज्यसँग माग गरेका थुप्रै उदाहरणहरू छन् तर राज्यले हिंसात्मक आन्दोलन, सडक तोडफोड गरेपछि मात्र सुन्ने गलत मानसिकताले गर्दा केही नगरेकोजस्तो भएको छ, यो सत्य होइन । पहिलेका तुलनामा न्याय पाइँदै छ ।

***मानवीः के दलितहरूले गैरदलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

***पुर्कुटीः*** दलितहरूले गैरदलितहरूसँग विहेबारी र पारिवारिक सम्बन्ध कायम गरेका

सयौँ उदाहरणीय परिवार छन्, त्यो खोजबिन गर्ने काम तपाईँ-हामीहरूको पनि दायित्वभित्र पर्छ। परिस्थितिवश कतिपय कुटुम्बेली सम्बन्ध चिरस्थायी हुनसकिरहेका छैनन् ।

***मानवीः दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्रायः दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

***पुर्कुटीः*** दलित समुदायका महिलाहरू जातीय विभेदको सिँढीबाट हेर्दा दोहोरो, तेहोरो, चौहोरो मारमा परेका छन् । यो देशको शिल्पकला, संस्कृति, सम्पदा र सभ्यताको विकासमा दलित भनिएका महिलाको विशिष्ट योगदान रहेको छ। अरू समुदायका महिलाहरूले १२-१५ घण्टा काम गर्लान् तर दलित समुदायका महिलाहरू १८-२२ घण्टासम्म श्रम, उत्पादन र घरायसी काममा व्यस्त हुन्छन् । यस आधारमा हेर्दा सबैभन्दा धनी यही समुदाय हुनुपर्ने हो तर श्रम र उत्पादनलाई समेत जातसँग जोडेर मूल्यप्राप्तिमा अवमूल्यन गरिन्छ त्यसैले अधिकांश दलित महिलाहरू गरिबी, अभाव र विपन्ननतामा बाँच्न बाध्य छन् ।

***मानवीः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

***पुर्कुटीः*** सिधै भन्नुपर्दा हिन्दु ब्राह्मणवादी, मनुवादी तहगत जातीय विभेदको जाँतोमा पिँधिनुपर्दाको दलन नै मुख्य समस्याका रूपमा देखिन्छ। साथै परम्परित गरिबी र बेरोजगारीको अवस्थाका कारण दलित महिला हरक्षेत्रमा पछि पर्दै आएका हुन् भन्दा अत्युक्ति हुँदैन।

***मानवीः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

***पुर्कुटीः*** एक मानवको जन्मसिद्ध शिक्षा लिन पाउने अधिकारमा कानुन बनाएर नै प्रतिबन्ध लगाइन्छ भने दलित भनिएको पुरुष वा महिलाको शिक्षा कसरी माथि उठ्ला ? यो समुदायले खुलारूपमा पढ्न पाएको करिब ५५ वर्ष जति मात्र भयो अनि कसरी उनीहरूको शिक्षा र स्वास्थ्य अवस्था राम्रो होस् जब कि ब्राह्मणलगायत अन्य समुदाय भने हजारौँहजार वर्षअघिदेखि कखरा गर्दै आएका छन् । अर्को कुरा औपचारिक प्रमाणपत्रधारी शिक्षा मात्र भन्ने बुझाइ पनि गलत हो। हाम्रो आफ्नै पुर्ख्यौली ज्ञानपरम्परामा आधारित आदिम ज्ञानप्रणाली छ । त्यो आनुवंशिक आदिवासी ज्ञानप्रणाली हो । यस्तो आदिम ज्ञानप्रणाली हजारौँ वर्षअघि नै हाम्रा पुर्खाहरूले प्रकृतिसँगको लामो सामिप्य, सङ्घर्ष, अनुभव, सिकाइ र भोगाइबाट विकसित गरेका थिए । जस्तो सार्की जातिले खानीबाट चुन निकालेर प्रशोधन गरेपछि छालाको रौँ हटाउने, काँचो छालालाई विभिन्न रङ चढाउने ज्ञानको विकास कुनै जात विभाजनकारीले सिकाएको होइन । त्यसैगरी कामीले धातु वा काठ जोड्ने रसायनशास्त्रको ज्ञानको विकास हजारौँ वर्षअघि गरिसकेका थिए । दमाईँ, गन्धर्व र चमारको बाजा आविष्कार; दास, दमाईँ र कोलीहरूले विकास गरेको कपासखेती र बस्त्र निर्माणको ज्ञानपरम्परा हजारौँ वर्षअघि नै विकास भएको जातीय पुर्ख्यौली ज्ञानप्रणाली हो । वर्णाश्रम व्यवस्थाले श्रमशक्ति वा पसिना

बगाउने, उत्पादन र उद्यमी समुदायलाई जातीय घृणावादले ओझेलमा पाऱ्यो। अर्को कुरा मुख बजार्नेहरूले बनाएको शैक्षिक पाठ्यक्रमले केवल प्रमाणपत्रको भारी बोकाएर गधाजस्तो बनायो। रैथाने कामी जातिले १८-२२ घण्टा घन ठोक्ने विषयको शैक्षिक पाठ्यक्रमले प्राथमिकता नपाउनुले चाहिँ मुलुक दुर्गतिको कारक बन्यो। यसर्थ नेपालका रैथाने समुदायको आनुवंशिक ज्ञानप्रणालीमा आधारित शैक्षिक पाठ्यक्रम लागू नगरिकन समान पहुँच प्राप्त हुनसक्दैन भन्ने मेरो ठहर छ।

***मानवीः वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

***पुर्कुटीः*** हजारौँ वर्ष अघिदेखिको उत्पीडन, विभेद असमानता र बहिष्करणको अन्त्यका लागि सामान्य कुसंस्कारको चिरफारले सम्भव छैन। राज्यको इच्छाशक्ति भएमा ठुलै चिरफार जरुरी छ। अर्थात् निश्चित समयसीमा तोकेर नै जातीय जनसङ्ख्याको आधारमा दलित समुदायलाई हरक्षेत्रमा पूर्णसमानुपातिक, अनिवार्य र बाध्यकारी उपस्थिति गराउनु जरुरी छ।

***मानवीः नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

***पुर्कुटीः*** यो समुदायको आदिम संस्कृतिलाई हेर्दा महिला र पुरुषमा कुनै विभेद थिएन। पुरुष र महिला सामान्यतामा आधारित समाजवादी संस्कार थियो। उदाहरणका लागि पुरुष र महिलाले घर र वनका काममा बराबरी सहयोग रहन्थ्यो। उनीहरू खानपिन, नाचगान सँगसँगै गर्थे, काममा कुनै भेद थिएन। जसको असर वर्तमान समयसम्म परेको छ। विगतमा दलित समुदायमा पुरुष र महिलामा कुनै सत्ता नै थिएन। केवल श्रम, सिपकला-प्रविधि र आविष्कारको सत्ता मात्र कायम थियो। जब नेपालमा हिन्दु खसबाहुनहरूको प्रवेश भयो तब महिलाले पुरुषसँगसँगै नाचगान र खानपिन गर्नुहुँदैन भन्ने दलितहरूले पनि सिकेका हुन्।

***मानवीः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

***पुर्कुटीः*** उत्पत्ति, वर्ण, सामाजिक संस्कार नै फरक फरक भएपछि कसरी एउटै हुन्छ ? हाम्रा पुर्खाहरूलाई पढ्नै, लेख्नै नदिने; आफ्नो जातीय मौलिक संस्कार, संस्कृति, रीतिपरम्पराको स्वतन्त्र अभ्यासमा समेत प्रतिबन्ध लगाएको इतिहास छ। यस्तो अवस्थामा वर्तमानका दलितहरूले आफ्नो मौलिक पृथक संस्कार, संस्कृति बिर्सँदै गए। उनीहरूले पनि पुर्ख्यौली संस्कार मेटाउँदै गए। अन्य समुदायका देखासिकीले गर्दा धेरैजसो गैरदलितका जस्तो संस्कार गर्न दलितहरू विवश भएका हुन्। अन्य समुदायका संस्कारमा जोडिए पनि शिक्षा र स्वास्थ्यमा आवश्यकतानुसार जोडिनसकेको अवस्था छैन।

***मानवीः के तपाइँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

***पुर्कुटीः*** म 'दलित' शब्दप्रति सहमत छैन तर पनि सङ्घर्षका क्रममा स्विकार्नुपर्ने हुन्छ। यो क्षणिक अवस्था हो । सधैँलाई सहमत हुने अवस्था छैन। अहिले धेरै नै विकल्पको खोजी भइरहेको छ । भविष्यमा कुनै निकास आउन पनि सक्छ।

***मानवीः 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने लोकोक्ति पाइन्छ, के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपर भनिएको हो ?***

***पुर्कुटीः*** गरिबीको मापन केले गर्छ ? कुनै पनि देशको सामाजिक, आर्थिक र राजनीतिक प्रणाली कस्तो छ ? भन्ने कुरा उत्पादनसम्बन्ध, वितरणप्रणाली र बजारनियन्त्रणले त्यो देशको गरिबीको सही मापन गर्दछ । तसर्थ नेपालमा कथित दलितको गरिबी आर्थिक अङ्कले मात्र मापन गर्नसक्दैन । उनीहरूको गरिबीको मूल कारण भनेको नै जातीय विभेद, असमानता र छुवाछुतको परिणाम भएकाले गरिब मात्र हरिप हुन्छन् भन्ने कुरा सत्य होइन । यो लोकोक्ति सामन्तहरूले आफू ठालु हुने हेपायत प्रवृत्तिले उब्जाएको हो ।

***मानवीः दलित शब्दले सुन्दैमा जोकोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***


***पुर्कुटी*** : एउटा भनाइ छ- शब्द नै शक्ति हो। धेरैलाई दलित शब्द सुन्दा नमिठो लाग्छ तर पनि परिस्थितिवश । संविधानले सामुदायिक चिनारी दिइएको हो। यो नै आदि र अन्त्य भने होइन। दलित शब्द वर्तमानकालीन अवस्थामा समानताको प्रतीक र सम्मानित शब्दका रूपमा प्रयोग भएको छ।

***मानवी : दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

***पुर्कुटीः*** विभेद, असमानता र अहङ्कार मानिसको मनको उपज हो त्यसैले शैक्षिक प्रणालीमा नै नैतिक र मानसिक विकाससहितको चेतनाको विकास गरिनुपर्दछ । व्यवहारमा संवैधानिक र कानुनी व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गरिनुपर्दछ। समग्रमा एक मानवले अर्को मानवलाई मानवीय व्यवहार गरिदिए पुग्छ।

***मानवीः दलित आरक्षणाका सम्बन्धमा यहाँको धारणा के छ ?***

***पुर्कुटीः*** मेरा विचारमा आरक्षण होइन, विगतमा गरिएको बहिष्करणको क्षतिपूर्ति चाहिन्छ भन्ने लाग्छ । अरू समुदायसरह बराबरी अवस्थामा नआउँदासम्म पूर्ण समानुपातिक सहभागिता अपरिहार्य छ । हामीले पाउने सामुदायिक हकभोग विगतमा एकलौटी खानेहरूले गम्भीरतापूर्वक मनन गर्न जरुरी छ। सर्वप्रथमतः धर्मका नाममा अन्याय गर्दै आएकाहरूले छातीमा हात राखेर अन्यायविरुद्ध मनन गर्नुपर्ने हुन्छ अनि शूद्रप्रतिका नकारात्मक भाव पैदा गराउने हिन्दु धर्मनिर्देशित कुरा र व्यवहारमा सुधार ल्याउनै पर्छ। वास्तवमा जेले बिगार्‍यो त्यसकै मूल पक्डिएर सुधार्नसकेमा मात्र कानुनी मान्यताले सार्थकता पाउने हो । प्रस्तुत कुरा पूरा नहुँदाको अवस्थासम्म आरक्षण पनि आवश्यक रहन्छ।



❖ सुबोध श्रीवास्तव

# सिलसिला

मान्छे
आजीवन सिक्छ
काम गर्ने ढङ्ग...
सानोमा
ठुलाको औँला समातेर
ससाना पैतालाले नाप्छ
आँगनको सेरोफेरो
घोक्छ
परिभाषा
घर/आँगन/सडकको।

बालापनमा
सम्झिन्छ
सानैमा रटेको
परिभाषाको अर्थ
फेरि जब 'वयस्क' हुन्छ
रच्छ
नयाँ परिभाषा
घर/आँगन/सडक
अनि मान्छेको।

# चाहत

म चाहन्न कि
सूर्य मेरो मुट्ठीमा होस्
र
न यो नै सम्भव छ कि
धरती
मैले भनेपछि
आफ्नो धुरीमा घुमोस्।
म कहिले भन्छु कि बच्चाहरू
मलाई देख्नेबित्तिकै प्रफुल्लित होउन्
हो, उनीहरूका रसाएका आँखा
मलाई कत्ति पनि मन पर्दैन।

मन पर्छ
त्यो सबै कुरा
जो रचेको छ त्यस अदृश्यले
सुन्दर

मन पर्दैन
सूर्य निस्तेज रहनु
किसानका खाली हात
आकाश तटस्थ रहनु
अनि चन्द्रमा
खाली पेट जागुन्।

*नवाबगन्ज,*
*कानपुर-२०८००२ (उ.प्र.).भारत।*
*मो. ९१४०६३८४७४*
*इमेल : editor.pariveshmail@ yahoo.com*
*(हिन्दीबाट अनुवादः सुमी लोहनी*
*भाटभटेनी, काठमाडौं नेपाल)*

❑ निबन्ध

# चेतनाको कारागार !



❖ चन्द्रबहादुर लामा

प्रश्नपत्रको घण्टाले कक्षाको शान्त तलाउमा ढुङ्गा हानेझैँ एउटा तरङ्ग फैलियो । मेरा सामुन्ने सेता उत्तरपुस्तिकाहरू राखेर बसेका विद्यार्थीहरू आफ्नै देशको इतिहासको नक्सामा हराएका यात्रीजस्ता देखिन्थे । उनीहरूका अङ्ग्रेजीमा अभ्यस्त औँलाहरू देवनागरी लिपिको भूगोलमा पहिलोपटक पाइला चालिरहेका बटुवाझैँ काँपिरहेका थिए । प्रश्नपत्रमा कुँदिएका शब्दहरू उनीहरूका निम्ति केवल कालो मसीका धब्बाहरू थिए; अर्थ खोज्न उनीहरूको मस्तिष्कमा कुनै शब्दकोश थिएन, केवल अङ्ग्रेजी प्रतिध्वनिहरूको एकोहोरो कोलाहल थियो । म त्यो तीन घण्टाको युद्धभूमिको निरीक्षक, मौनताको बङ्करमा बसेर ती कलिला योद्धाहरूलाई भाषाको तोपसँग निहत्था लडिरहेको हेरिरहेथेँ ।

मैले आफूलाई त्यो निराशाको समुद्रमा चुपचाप डुब्न दिएको थिएँ । म न व्याकरणको सिपाही थिएँ, न शुद्धताको वकालत गर्ने न्यायाधिस । व्याकरणका नियमहरू त केवल भाषाको अस्थिपञ्जर हुन् तर यी नानीहरूका अभिव्यक्तिमा त्यो अस्थिपञ्जरलाई भर्ने भावको मासु र अनुभूतिको रगत नै थिएन । यो लडाइँ अक्षरको होइन, अस्तित्वको थियो; अङ्कको होइन, पहिचानको थियो । उनीहरूका चेतनामा भीमसेन थापाका रणनीतिहरू छन् तर ती 'स्ट्र्याटेजी'को खोलभित्र छन् । उनीहरू सगरमाथाको उचाइ महसुस गर्नसक्थे तर त्यसको वर्णन गर्न 'मेजेस्टिक' र 'असम'जस्ता आयातित विशेषणहरूबाहेक आफ्नै माटोको शब्दभण्डारमा उनीहरू रित्ता थिए । उनीहरूलाई थाहा छ - नेपाल 'ल्यान्डलक्ड' छ, तर 'भूपरिवेष्ठित'को अर्थ पहिल्याउन उनीहरूको जिब्रो लर्बरिन्छ । यो केवल एक शब्दको अज्ञानता थिएन; यो त त्यो शब्दले बोकेको ऐतिहासिक विवशता, भौगोलिक नियति र राष्ट्रिय मनोविज्ञानसँगको सम्बन्धविच्छेद थियो । उनीहरूको ज्ञान सूचनामा सीमित थियो तर अनुभूति र प्रज्ञामा रूपान्तरित हुनसकेको थिएन किनकि अनुभूतिको भाषा उनीहरूसँग थिएन ।

यो ज्ञान र अनुभूतिबिचको खाडल उनीहरूको व्यक्तिगत कमजोरी नभएर हाम्रो समाजले खनेको एउटा भयावह दरार हो । हामीले भाषालाई एउटा यस्तो बजार बनाइदियौँ जहाँ अङ्ग्रेजी सफलता, आधुनिकता र बौद्धिकताको विदेशी मुद्रा बन्यो अनि नेपाली भाषा घरको पूजाकोठामा राखिएको पुरानो सिक्काजस्तो - श्रद्धा छ तर बजारमा चल्दैन । यही बजारको नियमले उनीहरूको चेतनालाई दुई टुक्रामा

बाँडिदियोः एउटा -हजुरआमाको काखको मायाको भाषा । अर्को- भविष्यको दौडमा बोल्नुपर्ने प्रगतिको भाषा । उनीहरू आफ्नो जीवनका दुई हिस्साबिच सधैँ अनुवादक बनेर बाँच्न विवश थिए । दसैँको टीका र जमराको आशीर्वादले उनीहरूको मन नेपालीमा नै रङ्गिन्थ्यो तर त्यही अनुभवलाई निबन्धमा लेख्दा 'फेस्टिभल' र 'ब्लेसिङ्स'जस्ता शब्दहरूको सहारा लिनुपर्थ्यो । हरेक यस्तो अनुवादमा उनीहरूको मौलिक अनुभवको आत्मा अलिकति मर्थ्यो । यो कुनै प्राकृतिक प्रक्रिया थिएन । न त यो विकासको अनिवार्य सर्त नै थियो । यो त एउटा अदृश्य तर शक्तिशाली आक्रमण थियो; आफ्नै पहिचानमाथि, आफ्नै चेतनामाथि !

चिन्तक फ्रान्ज फाँनोले भनेझैँ 'औपनिवेशिक मानसिकताले सधैँ शासकको भाषालाई शक्तिको प्रतीक मान्छ ।' यी नानीहरू कुनै बाह्य शक्तिका उपनिवेश थिएनन् तर आफ्नै घरभित्र हुर्किरहेको भाषिक उपनिवेशवादका सिकार थिए ! 'मम्मी ! क्यान आई ह्याभ वाटर ?' भन्दै हुर्किएका ओठहरूलाई 'आमा ! पानी दिनुहोस् न' भन्दा लज्जाबोध हुन्थ्यो । फाँनोले चित्रण गरेको 'ब्ल्याक स्किन, ह्वाइट मास्क' (कालो छाला, गोरो मुकुण्डो)जस्तै यी नेपाली अनुहारहरूमा अङ्ग्रेजीको एउटा अदृश्य मुकुण्डो टाँसिएको थियो, जसले उनीहरूको मौलिक पहिचान र अभिव्यक्तिको घाँटी थिचिरहेको थियो । उत्तरपुस्तिकामा कोरिएका वाक्यहरू नेपाली थिएनन्, ती अङ्ग्रेजी वाक्य संरचनामाथि नेपाली शब्दहरूले पोतिएका भद्दा चित्रहरू थिए । प्रत्येक वाक्यमा कर्ता र क्रियाको सम्बन्धविच्छेद भएको थियो । हरेक अनुच्छेदमा विचार र अभिव्यक्तिको सम्बन्धविच्छेद भएको थियो ।

भाषाविद् तोभे स्कुत्नाब-काङ्गस्ले यसलाई 'भाषिक हत्या'को संज्ञा दिएकी छन् । हामी 'विश्व नागरिक' बनाउने भव्य भ्रममा आफ्नै सन्ततिलाई उनीहरूकै सांस्कृतिक जराबाट उखेल्दै छौँ । के महाकवि देवकोटाको 'मुनामदन'को कारुणिक लय वा भूपि शेरचनको आक्रोशपूर्ण व्यङ्ग्यलाई 'गुगल ट्रान्सलेट' वा च्याट जिपिटीले कहिल्यै अनुवाद गर्नसक्ला ? हाम्रा छोराछोरीहरूका लागि उनीहरूका महान् साहित्यिक धरोहरहरू केवल पाठ्यक्रमका निर्जीव अध्यायहरू हुन्, जसलाई उनीहरू अनुभूत गर्नसक्दैनन्, केवल कण्ठस्थ गर्न विवश छन् ।

म प्रायः घोरिन्छु, मेरो कक्षाकोठाको यो सन्नाटा चौखम्बाको गल्लीभन्दा कम रहस्यमयी छैन । देवकोटाले आफ्नो युगको वेदना लेख्न बनारसका गल्लीहरूमा शब्द खोजे होलान् । बी.पी. कोइरालाले निर्वासनमा साहित्यमार्फत देशको आत्मा छामे होलान् । शारीरिक पीडाको कारागारमा बन्दी पारिजातले आफ्नो कलमलाई चेतनाको मुक्त आकाशमा उडाएर समयको ऐँठन लेखिन् होलिन् । सिद्धिचरणले राणाकालीन कालकोठरीका चिसो छिँडीमा बसेर अक्षरकै हतियारले स्वतन्त्रताको बिगुल फुके होलान् तर मेरा यी विद्यार्थीहरू आफ्नै देशमा, आफ्नै भाषाबाट निर्वासित भएका छन् ! उनीहरूको पीडा लेखिदिने कोही छैन, उनीहरूको दुःख

सुनिदिने कोही छैन। आधुनिकताको रोगन घसेर चिल्लो बनाइएका यी विद्यालयका पर्खालहरूले नेपाली भाषालाई पाहुनाकोठामा सजाएर राखिएको पुरानो सोफाजस्तै बनाइदिएका छन् - हेर्नमा आकर्षक तर त्यसमा बसेर कोही आत्मीय गफ गर्दैन। हो, आजकल केही निजी विद्यालयहरूले नेपाली भाषालाई प्राथमिकता दिन थालेका वा प्रयास नगरेका होइनन् तर त्यो प्राथमिकता केवल पाठ्यक्रमको कुनै एक कुनामा वा वार्षिक कार्यक्रमको मञ्चमा सीमित छ; विद्यालयको आत्मा, अवसर र प्रतिष्ठाको भाषा अझै पनि अङ्ग्रेजी नै छ। यो त ढिलो गरी आएको एक औपचारिक पश्चातापजस्तो मात्र हो, जसले उनीहरूको चेतनामा परेको गहिरो छापलाई मेट्न सक्दैन। धर्मको नाममा फैलिएको अन्धविश्वासले समाजलाई खोक्रो बनाएझैँ, भाषाको नाममा फैलिएको यो अन्ध-आधुनिकताले हाम्रो मौलिक चेतनालाई क्षयीकरण गरिरहेको छ!

विज्ञहरू यसलाई 'भाषिक स्खलन' वा ' पहिचानको विलय'जस्ता प्राविधिक नाम देलान्, तर मेरोलागि यो एउटा मौन सांस्कृतिक आत्महत्या हो, जहाँ एउटा पुस्ताले थाहै नपाई आफ्नो आत्माको एउटा हिस्सा अर्को भाषाको बजारमा साटिरहेको छ ! यसको पछाडि समाजभाषाविज्ञानका जटिल सिद्धान्तहरू लुकेका छन् जहाँ शक्तिको भाषाले प्रतिष्ठाको बजारमा सधैँ जित्छ र हीनताबोधले ग्रसित मनहरू आफ्नै मातृभाषा बोल्दा लजाउँछन् ! मनोविज्ञानले भन्छ, 'मस्तिष्कका तन्तुहरू पनि बढी प्रयोग हुने भाषाकै पक्षमा बलिया हुँदै जान्छन् र कम प्रयोग हुने भाषाका स्नायुमार्गहरूमा बिस्तारै झारपात उम्रिन थाल्छ जसलाई भाषाविद्हरू 'भाषा क्षय' भन्छन्।' अनि आजको डिजिटल युगमा, जहाँ युट्युब, टिकटक र नेटफ्लिक्सको अङ्ग्रेजी महासागरमा हाम्रा नानीहरू दिनरात डुबुल्की मारिरहेका छन्, उनीहरूको जिब्रोमा नेपाली शब्दले बोकेको मिठास कसरी बसोस् ? उनीहरूका लागि अङ्ग्रेजी बोल्नु विश्वनागरिक हुनुको बिल्ला हो, सामाजिक पुँजी हो। यो केवल भाषाको फेरबदल मात्र होइन, यो त पहिचानको पुनर्निर्माण हो - एउटा यस्तो पुनर्निर्माण, जहाँ जगका ढुङ्गाहरू आफ्नै माटोका हुँदैनन्, बरु आयातित सिमेन्टका हुन्छन् । फलस्वरूप उनीहरूको बोली 'कोड-मिक्सिङ'को खिचडी बन्छ - न पूर्ण नेपाली, न शुद्ध अङ्ग्रेजी; एउटा भाषिक त्रिशङ्कु जसले उनीहरूको मौलिक र गहिरो अभिव्यक्तिलाई झनै कमजोर र अपाङ्ग बनाइदिन्छ । उनीहरू आफ्ना भावनाहरूको अनुवादक बन्छन्, सर्जक होइन।

अनि त्यो अनुवादको प्रक्रियामा व्याकरण मात्रै कहाँ हार्छ र! हार्छ त सिङ्गै एउटा आत्मा। भाषा केवल सञ्चारको पुल मात्र होइन, चेतनाले ओत लाग्ने घर हो। जब जग नै कमजोर हुन्छ, चेतना आफ्नै मनभित्र शरणार्थी बन्न विवश हुन्छ। 'माया' शब्दमा लुकेको वात्सल्यलाई ' लभ'को सपाट अङ्ग्रेजीले र पहिलो झरीको 'माटोको बास्ना'लाई 'पेट्रिकोर'को बौद्धिक शब्दले विस्थापित गर्नसक्दैन। उनीहरू आफ्नै पहिचानको चौबाटोमा उभिएका अलमल यात्रीहरू हुन् जसलाई गन्तव्य देखाउने नक्साको

भाषा नै थाहा छैन ! यही आत्मिक शून्यता ती सेता उत्तरपुस्तिकाहरूमा रगतझैँ पोखिइरहेको थियो। उनीहरूको कलमको मसी सुकेको थिएन, अभिव्यक्तिको मुहान नै सुकेको थियो।

यो भयावह शून्यता राज्य, समाज र परिवारको सामूहिक असफलताको लामो र अँध्यारो कथा हो । राज्य विकासको नक्सा कोर्दा चेतनाको पूर्वाधार निर्माण गर्न चुक्यो । शिक्षा नीतिहरूले अङ्ग्रेजीलाई ' उत्पादन' र नेपालीलाई 'अनिवार्य बोझ' मात्र बनाए । समाजले अङ्ग्रेजी बोल्नेलाई 'सभ्य' र 'स्मार्ट' मान्ने अदृश्य मापदण्ड खडा गर्‍यो र परिवार जो भाषाको पहिलो पाठशाला हो, त्यहीँबाटै विचलनको सुरुवात भयो ! आमाको काखमा सुन्ने लोरीको साटो 'ट्विङ्कल ट्विङ्कल लिटिल स्टार' सुनाएर र 'आमा, पानी' को साटो 'मम्मा, वाटर' भन्न सिकाएर हामीले नै उनीहरूको मातृभाषाको झ्याल सधैँका लागि बन्द गरिदियौँ ! हामीले उनीहरूलाई संसार जित्ने हतियार त दियौँ तर घरको नक्सा बिर्साइदियौँ । यसरी परिवारले नै आफ्ना सन्ततिलाई उनीहरूको सांस्कृतिक र भाषिक विरासतबाट बेदखल गरिदियो, एउटा सुनौलो भविष्यको मृगतृष्णामा।

त्यसोभए अब के गर्ने त ? के यो निराशाको अँध्यारो सुरुङको अन्त्यमा कतै उज्यालो छैन ? चिन्तकहरू भन्छन्, 'समाधान नीतिगत सुधारको घोषणापत्रमा होइन, चेतनाको पुनर्जागरणमा खोज्नुपर्छ। अबको बाटो भनेको अङ्ग्रेजीलाई निषेध गर्ने होइन, बरु नेपाली भाषालाई प्रेम र सम्मान गर्ने संस्कृतिको पुनर्स्थापना गर्ने हो ।' राज्यले शिक्षा नीतिमा आमूल परिवर्तन गरेर बहुभाषिकतालाई कमजोरी होइन, शक्ति हो भन्ने मान्यता स्थापित गर्नुपर्छ। पाठ्यक्रमलाई परीक्षाकेन्द्रित र निर्जीव बनाउनुको सट्टा त्यसलाई जीवन, संस्कृति र सिर्जनासँग जोड्नुपर्छ । साहित्य, सङ्गीत, नाटक र कलाका माध्यमबाट नेपाली भाषाको सौन्दर्य र शक्तिलाई नयाँ पुस्ताको मनमा स्थापित गराउन राज्यले लगानी गर्नुपर्छ।

समाजले आफ्नो दृष्टिकोण बदल्नु अनिवार्य छ। बौद्धिक विमर्शहरू, सञ्चारमाध्यम र कला क्षेत्रले नेपाली भाषामा सिर्जना गर्नेहरूलाई सम्मान र प्रोत्साहन दिनुपर्छ। अङ्ग्रेजी जान्नु आवश्यक छ तर नेपाली बोल्नु गर्वको विषय हो भन्ने भाष्य निर्माण गर्नुपर्छ। अनि सबैभन्दा महत्त्वपूर्ण भूमिका परिवारको हुन्छ। घरलाई मातृभाषाको जीवन्त प्रयोगशाला बनाउनुपर्छ, जहाँ बालबालिकाले आफ्ना भावना, विचार र सपनाहरू विनाकुनै हिचकिचाहट व्यक्त गर्नसकुन्। उनीहरूलाई यो बोध गराउनु जरुरी छ कि अङ्ग्रेजी एउटा ढोका खोल्ने विश्वव्यापी साँचो होला तर नेपाली भाषा त्यो घर हो, जहाँ उनीहरूको आत्मा बस्छ। त्यो घरविना उनीहरू सधैँभरि एक बौद्धिक शरणार्थी मात्रै बनिरहने छन्। यो यात्रा लामो र कठिन हुने छ तर यो यात्रा तय गर्नुको विकल्प हामीसँग छैन किनकि यो केवल भाषा बचाउने लडाइँ होइन, यो त एउटा सिङ्गै पुस्ताको आत्मा र पहिचान बचाउने सङ्घर्ष हो।

निर्धारित तीन घण्टाको मौन यात्रा आफ्नो अन्तिम विन्दुमा पुगेर रोकियो । उत्तर

पुस्तिकाहरूको चाङ मेरोअगाडि लासको थुप्रोजस्तै जम्मा भयो । हरेक पानामा केही छट्पटाएका शब्दहरू थिए, केही अधुरा वाक्यहरू थिए र धेरै खालि ठाउँहरू थिए, जहाँ विद्यार्थीका अव्यक्त भावना र ज्ञानले आत्महत्या गरेका थिए। म त्यो मौन चित्कारको भारी बोकेर कोठातिर लागेँ जहाँ म यो सामूहिक असफलताको शोक एक्लै मनाउन सक्थेँ । कोठाको टेबलमा त्यो लासको थुप्रो बिसाएँ र झ्यालछेउमा गएर उभिएँ। बाहिर साँझ घनीभूत हुँदै थियो। सहरका बत्तीहरू जूनकीरीझैँ निभ्दै र बल्दै थिए तर मेरो कोठाको अँध्यारोमा तिनले प्रकाश छर्नसकेका थिएनन्। झ्यालको सिसामा मैले आफ्नै थकित अनुहारको प्रतिविम्ब देखेँ र त्यसको पछाडि मैले छोडेर आएको त्यो रित्तो कक्षाकोठाको छायाँ मडारिइरहेको थियो। मलाई लाग्यो, त्यो रित्तो कक्षाकोठाको छायाँ मेरो असफलताको प्रतीक मात्र थिएन, बरु त्यो त भाषिक चेतना गुमाएर एक्लिएको, भौँतारिएको पूरै एउटा पुस्ताको एक्लो र मौन भूत थियो जुन अब मेरो विवेकलाई सधैँ झस्काइरहन मसँगै बस्न आएको थियो।

## ❑ तीन मुक्तक



❖ **गोविन्दबहादुर कुँवर**

(१)
कसैलाई तीब्र अहङ्कारले खायो
कतिलाई तीब्र प्रतिशोधले सतायो
मनपरितन्त्र ढिलोचाँडो ढल्नेरहेछ
परिवर्तनका लागि युवाशक्ति छायो।

(२)
बदला लिने कुराको अन्त्य हुनुपर्छ
हरेक कर्मले जनताको मन छुनुपर्छ
कानुन हुनुपर्छ यहाँ सबैलाई बराबरी
गलत गर्नेलाई जरुर एक दिन रुनुपर्छ।

(३)
जुनै जोगी आए पनि कानै चिरेका भन्न नपरोस्
सरकारले राम्रो काम मात्र गरोस् नराम्रो नगरोस्
यतिञ्जेल राम्रा भन्दा हाम्राले धेरै अवसर पाए
जनताको आशा तथा भरोसा वैलिएर नझरोस्।

*जिमित्रे, भोटेओडार, लमजुङ।*



❖ डा. सावित्री श्रेष्ठ

# द्रौपदीको प्रश्न

कृष्ण मेरो सखा !
जसलाई मैले
सबैभन्दा विश्वास र प्रेमसमेत गरेँ
जो सधैँ मेरो भरोसाको केन्द्रमा रहे
जुनै अप्ठ्यारोमा पनि
कृष्ण छन् नि जस्तो लाग्ने मलाई
स्वयम्बरमा धनुषी चातुर्यले
अर्जुन मेरो पोल्टामा आइपरे
नजाने किन हो कृष्ण !
मैले तिमीलाई झलक्क सम्झेँ
कुन्ती आमाको त के नै दोष र !
कुनै वस्तु नै ल्याएछन् छोराले सोचेर
पाँचै भाइले बाँडेर लिनू भनिदिइन् !
निःशव्द अर्जुन !
यत्ति पनि हिम्मत देखाएनौ
यी मेरी पूर्णाङ्गिनी हुन्
वस्तु हैनन् कि यिनको पुर्जा छुटाऊँ
सत्यवादी भनिने युधिस्थिरले पनि
र्‍यालै चुहाए मेरो सौन्दर्यमा
बेठिकलाई बेठिक भन्नसकेनन् !
कृष्ण ! त्यो दिन पनि मैले
तिम्रो प्रतीक्षा गरेकी थिएँ
तिमीले मिलाउने छौ
नमिल्दा सत्यहरू
दोस्रोपटक विश्वास भत्कियो
पाँचैओटा साँढेकी पाँचाली भएँ म !
म द्रौपदी ! आगोवाट निस्किएकी
तर मेरो रोजाइको र स्वयम्बरको मालाको
कुनै अर्थ, कुनै सम्मान
राखेनन् है सूर्यवंशी भनिनेहरूले
सूर्यकै तेजोवध हुने कार्य गरे !
म द्रौपदी ! हरेक दिन बलात्कृत भइरहेँ
वैवाहिक बलात्कार पनि कसरी भनौँ
अर्जुनबाहेक कसैसँग कहाँ कहाँ मेरो बिहे भयो
र युधिस्ठिर त मेरा अपराधी हुन्
लाज लागेन उनलाई
सिंगै नारीलाई जुवामा बाजी लगाउँन !


त्यो दिन उनले
नारीजातिको मानमर्दन गरेका छन्
धिक्कार छ कलङ्कित इतिहासको त्यो क्षणलाई
भीष्म, द्रोण, कृपाचार्य खै के के हुन्
पापी क्षणका हुतिहारा साक्षीहरू
ती बहादुर र धर्म रक्षक रे !
थुक्छु म तिनको नामर्दी कर्मलाई
नारीविनाको त्यो सभा
साँच्चै इतिहासको सबैभन्दा
मनवताको हुर्मत लिएको सभा
खै के भनौँ, दुशासनले दुस्साहस गरिरहे
मेरो चिरहरण गरिरहे
लछारपछार पार्दै रहे
सबै चुपचाप ! सबै मौन !

महाभारतका हस्तीहरू केको हस्ती !
म त थुक्छु तमासे र निर्लज्जहरू !
मेरो होइन त्यो दिन तिमीहरूको
तेजोहरण भएको हो
कृष्ण ! तिमीले पनि त्यो दिन
गर्नु गर्‍यौ सुदर्शन चक्र हातमा लिएर
वस्त्रहरू वर्षाउँदै गर्‍यौ
महाभारतको सुरुवात गर्‍यौ
हुनुपर्ने त यो थियो
कि दुर्योधन र दुशासनहरूको टाउकोमा
सुदर्शन चक्र चल्नुपर्थ्यो
हुनुपर्ने त यो थियो कि
अन्यायविरुद्ध तिमीले शङ्खनाद गर्नै पर्थ्यो
त्यो अति सङ्कटको वेलामा पनि
मैले भरोसा गरेको थिएँ
कृष्ण ! तिमीले मेरो विश्वासको
मान राख्ने छौ तर कृष्ण !
त्यो दिन तिमीले
तिम्रो सुदर्शन चक्र र मेरो आँसु
एकैसाथ बहेको देख्दै देखेनौ !

हामी स्तब्ध थियौँ त्यो दिन
तिमीले देख्दै देखेनौ
आज पनि हामी स्तब्ध छौँ
स्तब्ध, मौन भएरै सुटुक्क भन्दै छु
आज पनि तिम्रै सुदर्शन चक्र
त्यो दिन मलाई
आफ्नो काम गर्न नदिएर
हुनै नपर्ने महाभारत युद्धको
सुरुवात गर्‍यौ कृष्ण तिमीले
द्रौपदीको विश्वासको मान राखेनौ मेरो कृष्ण !
म पनि आज लज्जित छु
तिम्रो भरोसामा रहेर मैले पनि त
आफ्नै स्वाभिमानको रक्षा गरिन
चलाउनै पर्ने एउटा तरबार चलाइन
आफैँसँग पनि लज्जित छु ।

आज पनि नेपाल नामको यो देशमा
कुनै दुशासन चिरहरण गरिरहेछ मानवताको
अहङ्कारको सगरमाथामा चढेर
केही भुस्याहा कुकुरहरू
उसले फालेको हड्डी चुसेर चपाइरहेछन्
आफ्नै आत्मा मर्‍याङमुरुङ मर्‍याङमुरुङ !
कृष्ण ! अन्याय हरयुगमा हुँदो रहेछ
चुपचाप मौन र मौनता
पनि त भागिदार हुन्
कलङ्कित क्षणहरूका
कृष्ण यसमा तिमी के भन्छौ ?

हार्दिक श्रद्धाञ्जली



**डा. गङ्गाप्रसाद अकेला**
जन्मः २९ वैशाख २००१
निधन : २६ फागुन २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**
**शब्द-संयोजन परिवार**

# गोपालको तर्क




❖ पद्मप्रसाद शर्मा

गोपाल घनाजङ्गलको बाटो भएर पूर्वतर्फ गइरहेका थिए । बाटाका आसपासमा केही बेवारिसे पल्टिएका मुढाहरू देख्दा आश्चर्य लाग्यो । यी रुखहरू किन कसरी ढले होलान् ? उनी अघि बढ्दै गए, धेरै स्थानमा यस्तै अवस्था देखे । उनले मनमनै विचार गरे यी रुखहरूले कसको के बिराम गरेका रहेछन् र विनाकारण यसरी ढल्नुपरेको छ ? एउटा तर्क आयो कुनै समय यस्तो थियो महिनामा चार दिनजति नेपाल वन्द वा चक्का जाम या यो क्षेत्र वन्द र त्यो क्षेत्र वन्द भन्ने गरिन्थ्यो हो त्यही समयमा बाटो अवरुद्ध गर्नका लागि बाटोका आसपासका ठुला रुखहरू ढलाएर बाटो रोक्ने गरिन्थ्यो । कतै यी रुखहरू यस्तै बन्दको चपेटामा परेका त होइनन् ? गोपालको मनमा फेरि अर्को तर्क आयो कहिलेकाहीँ वनतस्करहरूले पनि फाइदा उठाउन यस्तो काम गर्दा रहेछन् ! उनी यस्तै तर्कवितर्क वितर्क गर्दै अगाडि बढ्दै रहे । उनले 'हरियो वन नेपालको धन' भनेर सानो उमेरमा कक्षामा पढेको पनि यसै समयमा सम्झिए साथै 'वनले मानवलाई बाँच्ने आधार बनाउँछ' भनेर गुरुले पढाएको पनि सम्झिए ।

अगाडि बढ्दै गर्दा उनको मनमा अर्को विचार आयो, 'यस्तो अमूल्य वस्तु किन नष्ट गर्न चाहन्छ मान्छे ? रुखविरुवाको संरक्षण गर्नुपर्छ, एउटा काटियो भने दुईवटा रोप्नुपर्छ' भन्ने सुनेका गोपाललाई यसरी नेपाल वन्दको नाममा र आफ्नो निजी फाइदाका लागि वनविनाश गरेकोमा निकै चित्त दुःख्यो । उनले फेरि विचार गरे, 'वन त विनाश भयो नै तर कसले गरेको भन्ने यकिन नभएसम्म सारै मन दुखाउनु पनि राम्रो होइन । आखिर सबैलाई बाँच्नका लागि अक्सिजन चाहिन्छ । शुद्ध हावा नभए स्वास्थ्य बिग्रन्छ भनेर सिकाउन नसकेर पो यस्तो भएको हो कि ! ? या राज्यको वेवास्ताका कारणले यस्तो अवस्था आएको पनि हुनसक्छ ।' यस्तै तर्क गर्दै थिए, उनले झण्डै दुई घण्टाको पैदल बाटो पार गरे । वन सकिँनासाथ विशाल फाँट देखियो । उनी त्यसै विशाल फाँटको रमणीय दृश्य हेरेर अगाडि बढ्दै गरे । त्यति वेला सूर्यले मध्याह्नको सङ्केत गरिरहेको थियो ।

हार्दिक श्रद्धाञ्जली



**बुद्धिबहादुर (अमिर) थापा**

जन्म : २८ जेठ १९९३

निधन : १ चैत २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**



❖ उमेश उपाध्याय

# भन लेखक महाशय !

के स्वतन्त्रताको कुरा गर्छौ लेखक महाशय !
कुन समताको समानताको ?
कस्तो मानव अधिकारको ?
कसको मानव अधिकारको ?
कस्तो समृद्धिको बखान गर्छौ लेखक महाशय !
हिजो हामी भोकाहरू मात्र
दास थियौँ किनबेच भइरहने
हामी धुलेमैलेहरू, श्रमिकहरू,
पददलितहरू उपेक्षितहरू,
आज कति परिवर्तित छ संसार
गज्जबले फेरिएको छ दृश्यपट
हुनेखानेहरू पनि
खरिदबिक्रीमा छन् मोलतौलमा
सुकिलामुकिलाहरू, बौद्धिक र चिन्तकहरू
बिक्रीमा, मोलमा तौलमा,
दासताको झन नयाँ चमत्कारको युगमा
शासकहरू छन् किनबेचमा !
हिजोका राजाहरू, आजका महामहिमहरू
किनबेचमा राजनेताहरू,
हैकम जमाएर बसेका पदाधिकारीहरू,
टेक्नोक्रेटहरू, ब्युरोक्रेटहरू
किनबेचमा छन् धनकुबेरहरू, व्यापारीहरू !
दासताको यो विचित्र युगमा
जहाँ शिखरपुरुषहरू
दास भइरहेका छन्
बिक्रीमा जोखेर आफैँलाई
म गरिब खुसी हुनु कि बेखुसी हुनु ?
भन लेखक महाशय !
म खुसी हुनु कि बेखुसी हुनु ?
तिमीलाई पनि देखेँ भने के गर्नु म ?
देखेँ भने तिमीलाई
समयको तराजुमा जोखिइरहेका
आफैँलाई बिक्रीका लागि
कलम हातमा, मोबाइल हातमा,
ल्यापटप हातमा
तिमी हातमा लिएरै
कलम, मोबाइल, ल्यापटप
आफैँलाई तौलाइरहेका तिमीलाई
देखेँ भने दासताको यो विचित्र युगमा ?
भन लेखक महाशय !
म बहुलाउनु कि सद्दे रहनु ?
रुनु कि हाँस्नु ?
म खुसी हुनु कि बेखुसी हुनु
लेखक महाशय ?

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

❑ लघुकथा

# वृद्धभत्ता

❖ **गंगाप्रसाद अधिकारी**

एकजना वृद्ध आमालाई एउटी अधबैंसे महिलाले डोऱ्याउँदै बैङ्कमा लिएर गइन् । बैङ्कको कारोबार माथिल्लो तलामा हुने भएकाले सिँढी चढ्नुपर्ने थियो । आमालाई दम रहेछ । सिँढी चढ्न गारो भयो । महिलाले आमालाई त्यहीँ बस्न भनिन् र आमाको पर्सबाट चेक झिकिन् र माथि उक्लिइन् ।

आमाले वृद्धभत्तालगायत आफ्नो थप रकम पनि बैङ्कमा राख्नुभएको रहेछ । बैङ्कका कर्मचारीले आमाको अशक्त अवस्था बुझेपछि बैङ्कको गार्डलाई साक्षीका रूपमा पठाए । गार्डको साक्षित्वमा आमाले चेकमा रकम बुझेको सहीछाप गर्नुभयो । त्यसपछि सहीछाप भएको चेक लिएर महिला बैङ्कको कार्यकक्षमा उक्लिइन् ।

चेक निकै रकमको रहेछ । बैङ्क कर्मचारीले महिलालाई ठुला दरका दुई बिटा र ठुलादेखि सानासम्मका नोट भएको एउटा बिटोसहित तीन बिटा नोट र केही रेच्की पैसा पनि दिए । महिलाले ठुला दरको नोटको एउटा बिटो आफ्नो पर्समा राखिन् र बाँकी नगद हातमै लिएर तल ओर्लिन् र आमालाई "आमा ! तपाईंको पैसा । रामरी राख्नुहोला है ! हराउला नि !" भन्दै आमाको पर्समा राखिदिइन् । आमा मक्ख पर्नुभयो र स्वाँ स्वाँ गर्दै बाटो लाग्नुभयो ।

*कौशलटार, भक्तपुर ।*

❑ गजल



❖ **दुर्गा वनवासी**

जित्नु मात्र होइन जीवन, कहिलेकाहीँ हार्नुपर्छ
बचाइराख्न केही कुरा स्वयम्लाई नै मार्नुपर्छ ।
बित्छ समय तेरो मेरो इगो अहम् भन्दाभन्दै
आस्था, प्रेमले मनको भित्तो झलमल्ल पार्नुपर्छ ।
माफी दिनू, अघि बढ्नू बिर्सिएर कति कुरा
सम्बन्धको सगरबाट फोस्रो अहम् झार्नुपर्छ ।
माथि उड्न सिकाउँछ हौसलाको पखेटाले
सङ्घर्षको चर्को घाममा आफूलाई खार्नुपर्छ ।
सन्तुलन त्यो गुम्छ आफ्नै तल ताने अरूलाई
मिहिनेतले नौका आफ्नो आफूले नै तार्नुपर्छ ।

*झापा ।*

# बलिदानी भावना !



❖ शान्ता मानवी

अहिलेको यो बदलिँदो समयमा यहाँ मैले केही पुराना ऐतिहासिक विषयलाई उठाउन खोजेकी छु। हुन त यस्तो जल्दोबल्दो परिस्थितिमा पनि के पुरानै विषय उठाउन खोजेको होला भन्ने पाठकहरूलाई लाग्नसक्छ। इतिहासलाई व्यवस्थित गर्नसकिएन भने वर्तमान व्यवस्थित हुनसक्दैन। वर्तमानलाई व्यवस्थित गर्नसकिएन भने भविष्यको सही दिशा निर्देश हुनसक्दैन भन्ने मैले बुझेकी छु। त्यसै कारण यहाँ मैले केही पुराना तर तथ्यपरक विषयलाई लिएर प्रस्तुत गर्दा इतिहासमाथि न्याय नै हुन्छजस्तो मलाई लाग्दछ। जसले यो देशलाई निरङ्कुशताबाट स्वतन्त्रमा ल्याउने सपना देखे उनीहरू नै सशक्त बलिदानी भावनाका साथ लाग्नसके र नै आजको परिस्थिति सृजना हुनपुगेको हो। अनेकौं चुनौतीहरूको कुनै पर्वाहै नगरी लाग्नेहरूमा कतिले आफ्नो जीवनै उत्सर्ग गर्नपुगे भने कतिको सर्वस्व नै हरण भएको छ। तरै पनि निष्ठावान् व्यक्तिहरू लागिरहे ठुला ठुला चुनौतीहरूको सामना गर्न देश र जनताका हितका लागि कैयौं वीर योद्धाका योगदानहरू रहेका छन्। त्यही आदर्शलाई पछ्याउँदै हाम्रो पिँढीसम्म आइपुग्यो र हामीहरू पनि त्यसैलाई पछ्याउँदै लाग्यौं। हाम्रा अग्रजहरूले देखेको भविष्यको सपनालाई सुनिश्चित गर्ने उद्देश्यसाथ तिनैलाई आदर्श मान्दै आउँदा आजको अवस्थामा आइपुगेका छौं।

देश र जनताका हितमा निःस्वार्थ तथा निष्ठापूर्वक लाग्दाको कालखण्ड कस्तो थियो भन्ने विषयमा प्रस्तुत गर्नखोजेकी छु। खुल्ला रूपमा बोल्नेसम्म छुट थिएन, अहिलेजसरी मनपरि लेख्ने र आफूलाई लाग्यो भने गालीगलोजका भाषाशैलीमा अभिव्यक्त गर्ने छुट त अल्लि परैको कुरा थियो। पञ्चायती व्यवस्थाको एकलौटी निरङ्कुश शासनव्यवस्थालाई आफैं भोगेर आउने भुक्तभोगीहरूको पुस्ता हामीहरू अझै बाँकी छौं। लेख्ने, बोल्ने स्वतन्त्रता नभएका देशमा सभासम्मेलन गर्ने त परैको कुरा भयो। त्यसकारण पनि निरङ्कुशतन्त्रलाई अन्त्य गरी त्यसबाट मुक्त भई स्वतन्त्रताको सपना देख्नेहरू एकजुट भई सङ्गठित हुँदै गर्दाका बखतमा रहेका समयको यो एउटा झलक हो। पञ्चायतभन्दा बाहिर रहने अन्य राजनीतिक दलहरू सबै प्रतिबन्धित अवस्थामा थिए। अन्य राजनीतिक दलहरूका लागि देशमा अत्यन्त प्रतिकूल अवस्था थियो। उक्त प्रतिकूल अवस्थालाई चिर्दै आम शोषित, पीडित जनसमुदायलाई गोलबन्द गर्दै निरङ्कुशताको जुगबाट मुक्त गराई जनवादी गणतन्त्रको स्थापना गर्ने

सपनाले सम्पूर्ण न्यायप्रेमीहरू लागेर अहिलेको यो स्वतन्त्रता प्राप्त हुनसकेको हो । त्यसमा ककसका कस्ता कस्ता योदानहरू रहेका थिए ? भन्दा सिङ्गै परिवारका परिवार र व्यक्ति व्यक्तिहरू सबै उमेरसमूह, पेसा, व्यवसाय आदि सम्पूर्णको परिस्थितिअनुसारका अमूल्य योगदानहरू रहेका छन् । नवलपुरको एउटा नमुना परिवालाई मैले यहाँ केन्द्रित गरेकी छु । उनीहरूका परिवारैले पुर्‍याएका विशेष अवस्थाको एउटा दृष्टान्त तस्बिर हो । आमा कृष्णकुमारी जोशी, बुबा गोपाल कर्माचार्य, उनका पाँचजना सन्तान छोरा अशोक र छोरीहरू रमा, उमा, प्रतिमा तथा प्रभा गरी सातजनाको परिवार २०३२ सालतिर पर्वत जिल्लाको बेनीबजारबाट बसाइँ सरी हालको नवलपुर जिल्ला कावासोतीमा आई बसोवास गर्नथालेको हो । त्यस ठाउँमा बस्न आउँदा उनीहरूका कठिनाइका दिनहरू सुरु भएका थिए। त्यस्तो अवस्थामा पनि कम्युनिस्ट पार्टीको सम्पर्कमा आई आफूसक्दो सरहयोग गर्दै सङ्गठित भएको सिंङ्गो परिवार थियो । आफूले देखेका अन्याय, अत्याचार र दमनका विरुद्ध लागेको परिवारले नवलपुरक्षेत्रको पार्टी निर्माणमा ठुलो योगदान पुर्‍याएको मैले पाएकी थिएँ र उनीहरूको सहयोगले नै त्यो क्षेत्रमा भएका कामलाई व्यवस्थित गर्ने तथा नयाँ सङ्गठनहरू निर्माण गर्ने काममा समेत मैले पनि उनीहरूको पूरै साथ-सहयोग पाएकी हुँ।

**मेरो सम्पर्क**

कमरेड (दिपक) गणेश भट्टराईले २०३८ सालतिर मलाई सम्पर्क गराएका थिए । त्यहाँ एउटा सानो गाउँले बजारमा सानातिना अन्य केही पसलहरूसमेत थिए र त्यहाँ उनीहरूको पनि एउटा सामान्य काठको ठाँटीघर थियो । त्यसैमा तल खाना पकाउने भान्सा र आफ्नो जीविकोपार्जनका लागि खोलेको सामान्य होटल रहेको थियो । छोरा अशोकले एउटा प्राइमरी विद्यालयमा पढाउँथे मात्र होइन उनी त्यो विद्यालयका प्रधानअध्यापकसमेत थिए । बहिनीहरू सबै पढ्न जान्थे भने उनीहरूको अन्य कुनै आयस्रोत थिएन। म उनीहरूको सम्पर्कमा पुग्दा र व्यहारहरू देख्दा राम्रै आयस्रोत भएकाजस्तो मलाई लाग्थ्यो तर सङ्गत गर्दै जाँदा बल्ल चाल पाएकी थिएँ । आर्थिक स्थिति त डाँवाडोलै रहेछ तर पूरै परिवारै पार्टीप्रतिको आस्था, निष्ठा र विश्वासमा समर्पित भएको देख्दा निकै खुसी लाग्यो । उनीहरू (कोके) अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेसन केन्द्रसँग सम्पर्कमा रही परिवार नै पार्टीमा होमिएको परिवार हो भनेर मलाई परिचय गराइदिएका थिए। २०३२ सालदेखि मैले रुपन्देही जिल्लाको तराई मूलका किसानबिचमा रही काम गर्दै अएकी थिएँ । पार्टीले २०३८ सालतिर नवलपरासी जिल्लाको पार्टीकामलाई व्यवस्थित गर्न भनी मलाई पार्टीले पठाएको थियो र म गएकी थिएँ। म कार्यरत रहेका क्षेत्रमा कत्ति प्रयास गर्दा पनि सम्पूर्ण परिवारै सचेत बनाउन सकेकी थिइनँ; त्यसले गर्दा घरको मूलीलाई पूर्ण सचेत नगरी घरका अन्य परिवारसँग सामान्य कुराकानी गर्न पनि सकिँदैन थियो । असचेत परिवार भएका सेल्टरहरूमा बस्दा पनि एउटा पाहुनाका रूपमा बस्नुपर्थ्यो र असचेत परिवारलाई हाम्रा घरमा पाहुना आएका छन् भनी बाहिर कसैलाई भन्न

हुँदैनथ्यो । यदि कसैले थाहा पाइहाले भने हामी सबैलाई पुलिस आएर लैजान्छन् भनी डराउने पारिन्थ्यो ।

महिलाहरूका बिचमा केही कुरा राख्न खाज्यो भने पुरुषसमाजले खासै राम्रो मान्दैन थियो त्यसैले गर्दा महिलाहरूका बिचमा जागरण ल्याउने कुरामा खासै राम्रो वातावरण नै हुँदैन थियो । यो हाम्रो पितृप्रधान संस्कार पहाडी मूलका समाजमा भन्दा तराई मूलको समाजमा महिलालाई पुराना रुढिवादी संस्कारले गाँजिएको हुन्छ । जस्तै आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपले अत्यन्त पछाडि परेको तराई मूलको समाजमा महिलाबिच केही नयाँ कुरा राख्ने भनेको फलामका चिउरा चवाउनुजस्तै हुन्थ्यो । त्यसले गर्दा तराई मूलका महिलाका बिचमा एकआद भन्दा बढी उठाउन सकिएको थिएन । एउटा गाउँमा एकजना दुईजनाभन्दा बढीलाई विकास गर्नै कठिन थियो । उदाहरणका लागि २५/३० घरपरिवार भएका ठाउँमा एकजना फगुनीदेवी लोधले आफ्ना पूरै गाउँको नेतृत्व नै सम्हालेकी थिइन् । नलपरासीमा आउँदा उताभन्दा महिलाका बिचमा पार्टी काम पुर्‍याउन अलिसहज भएको थियो र नवलपुरक्षेत्रको पार्टी कामलाई व्यवस्थित गर्नका लागि कृष्णकुमारी आमाको परिवारले तत्कालीन पार्टी निर्माणमा पुर्‍याएको योगदान भुल्न खोजेर कहिल्यै भुल्न सकिँदैन ।

उक्त परिवारको सहयोगले नै नवलपुरक्षेत्रको पार्टीकामलाई सुव्यवस्थित गर्दै अगाडि बढाउन धेरै सजिलो भएको थियो । दिनमा विद्यालय पढ्नजाने ठुली रमा रातिमा मलाई पूरै सघाउँदै गाउँ र बस्तीहरूमा जान्थिन् । त्यस क्षेत्रको सांस्कृतिक कामलाई छोरा अशोकले पूरै सम्हालेका थिए । उनी आफैँले पनि जनवादी गीत, नाटकहरू लेख्ने गर्थे र नाटक खेलाउने, गीत गाउने तथा तालिम आदि दिने उनको जिम्मेवारी नै थियो । उनी दिनभरि पढाउने काम गर्थे । त्यसै विद्यालयमा राति रातिमा सांस्कृतिक तालिमहरू सञ्चालन गर्थे, त्यो पनि गोप्यरूपमा नै गर्नुपर्थ्यो । बहिनी उमा र प्रतिमा गाउन र नाच्न दुबैजना खप्पिस थिए । आमा कृष्णकुमारीको होटल चलाउनेदेखि पार्टीको पूरै संरक्षकको जस्तो भूमिका निर्वाह गर्दै घरमा आउने नेता तथा कार्यकर्ता सबैको खानपिन, सुरक्षा, बिमारी भए उपचारको व्यवस्था मिलाउने काम सबै उनको रहन्थ्यो । बाहिरफेरको रेखदेख गर्ने, बाहिरी सूचनाहरू सङ्कलन गरी पार्टीलाई बाहिरी आक्रमणबाट बचाउने कामको जिम्मेदारी बुबा गोपाल कर्माचार्यको रहन्थ्यो । अहिले उहाँहरू दुबैजना हाम्राबिच रहनुभएन । बहिनीहरू सबै विवाह भई आआफ्ना घरजम गरेर गए र पनि पार्टीप्रतिको आस्था र निष्ठामा कुनै कमी आएको पाइँदैन । न त कहिल्यै हामीले पार्टीबाट केही पाएनौँ भन्ने कतै गुनासाहरू पोख्दै हिँड्ने गरेको सुनियो ! त्यस्ता त्यागी र निष्ठावान् आफ्नालागि नभई देश र जनताका हितका पक्षमा सदा उभिँदै आएको यो परिवारको व्यवहारले हामीहरू पूर्ण पेसेवर कार्यकर्ताका रूपमा कार्यरत सबैलाई आफ्ना घरपरिवार, आफन्त बिर्साउने गर्थे । सबैलाई आफ्नै परिवारका रूपमा गरिने व्यवहारले सबै बिर्साइदिन्थे ।

यो त मैले यहाँ एउटा नमुनाका रूपमा मात्र प्रस्तुत गरेकी हुँ । देशैभरि त्यसरी परिवारै लागेर पार्टी निर्माणका काममा ठुलो योगदान पुऱ्याउनेहरूको खोज अनुसन्धान कसले गर्ने ? सर्वस्व गुमाएर पनि पार्टीका पक्षमा खम्बाजस्तै उभिने परिवारका भनाइ के छन् ? उनीहरूका सुझावहरू के छन् ? भनी कसले सुनिदिने ? जसले पञ्चायती कालरात्रिको पीडा भोगेका थिए । उनीहरू अहिले पनि सतिसालजस्तै उभिएका पाइन्छन् । उनीहरू त शरीरमा एक थोपा रगत रहेसम्म म पार्टीमा आफूले सकेको योगदान दिनेछु भनी हिजो जो पार्टीका पक्षमा उभिएका थिए उनीहरू आफ्नो सर्वस्व गुम्दासमेत बलिदानी भावनाका साथ पार्टीका पक्षमा उभिँदै आएका थिए र अहिले पनि चट्टानजस्तै उभिएकै छन् । त्यस्ता परिवाका नयाँ पुस्ताले समेत परिस्थितिअनुसार पार्टीप्रति उत्तिकै निष्ठाका साथ आफूसक्दो योगदान पुऱ्याइरहेका पाइन्छन् । यस्ता निष्ठावान् नमुना परिवारहरू देशका विभिन्न भागमा हजारौँ रहेका छन् ।

पञ्चायती कालरात्रिको समयमा हत्केलामा मुटु लिएर हिँडेका हामीहरूले पार्टी निर्माणका समयमा आश्रय लिइएका ती आश्रयदाताका योगदानहरूको मात्र होइन कि हामीहरूले गरेका योगदान अभिलिखित गरिएन भने सबैको विगत त्यत्तिकै हराएर जाने छ भन्ने मलाई लाग्छ । त्यही पुरानो धरातललाई सम्झिएर मैले यो ओझेल परेको विषयलाई उधिन्न खोजेकी हुँ । यी सबै पञ्चायती कालखण्डका निरङ्कुश र कहालीलाग्दो समयका कुरा हुन् र लगभग चालिस-पैँतालिस वर्षअघिको इतिहास पनि हो । मलाई यो इतिहास अत्यन्त महत्त्वपूर्ण पनि लागेर संस्मरण तयार गर्न सुरुवात गरेकी हुँ । प्रतिबन्धित दलका नेता, कार्यकर्ता सबैमाथि अराष्ट्रिय तत्त्व भनी वारेन्टहरू जारी गरिएका थिए । त्यस्ता अवस्थामा राजनीतिक नेता, कार्यकर्ताहरूसँग धेरै मानिसहरू बोल्नसमेत पनि डराउने गर्थे । जोसँग देशप्रति मायाँ थियो, स्वतन्त्रताप्रति आस्था र स्वाभिमानका साथ जिउने सपनाहरू थिए । उनै मात्र हामीहरूसँग हातेमालो गर्न आइपुग्थे । हो, तिनै शोषित, पीडितदेखि सम्पूर्ण न्यायप्रेमी नेपालीहरूको साथसहयोगमा सबैका सपना पूरा गर्ने उद्देश्यका साथ हाम्रो गौरवपूर्ण पार्टीकामका सन्दर्भमा हाम्रो भूमिगत यात्रा सुरु भएको थियो । उक्त गौरवपूर्ण यात्रालाई सफलताको शिखरमा पुऱ्याउन सबैको साथसहयोगको उत्तिकै आवश्यक पर्थ्यो । त्यस्ता परिवारहरूको पनि उत्तिकै योगदान रहेको थियो र आआफ्ना क्षेत्रबाट जिम्मेवारीका साथ सजगतापूर्ण भूमिका निर्वाहमा उत्तिकै योगदान रहेको हुन्थ्यो । त्यस्ता देशैभरि रहेका निष्ठावान् परिवारका योगदानलाई पनि खोजी गरेर इतिहास लेखिनुपर्छ । बिर्सिनै नसकिने योगदानहरू यत्रतत्र देशैभरि रहेका छन् । यदि त्यसरी सबैको होस्टेमा हैँसे हुँदैन थियो भने आजका स्वतन्त्रताको उज्यालो पनि हुँदैन थियो । आजको यो अवस्था त्यत्तिकै होहल्ला मच्चाएर सृजना भएको होइन, लाखौँका बलिदानले सृजना भएको विषयलाई कसैले नकार्न मिल्दैन । 'कृष्णकुमारी आमाजस्ताले वा कसैले हाम्रो पार्टीलाई होच्च्याएर बोलेको सुन्दा पनि मेरो मन पिरो भएर

आउँछ। त्यसरी होच्याएर बोल्नेमाथि नै झ्याम्मै जाइलागौँ लागौँजस्तो पो हुन्छ मलाई हेर्नुस् त' भनी भन्ने गर्थिन् कृष्णकुमारी आमाले । सबै वारेन्टेड नेता, कार्यकर्तादेखि पार्टीका सबैखाले मान्छेहरू त्यहाँ बाक्लै आउनेजाने गर्नसक्ने भरपर्दो आश्रय थियो - उनीहरूको घर । सबै गतिविधिहरू गोप्यरूपले गर्नुपर्थ्यो; त्यसले गर्दा रातको समय नै हाम्रालागि उपयुक्त हुने गर्थ्यो। जुनेली रातभन्दा पनि अँधेरीरात नै हाम्रालागि उपयुक्त हुने भएकाले पनि धेरै चुनौतीहरूको सामना गर्नुपर्ने हुन्थ्यो । भूमिगत रही भूमिगतै रूपमा काम गर्नेभन्दा खुल्ला रही भूमिगत काम गर्ने साथीहरूले झनै धेरै चुनौतीहरू भोग्नुपर्ने भएकाले अधिकांश हाम्रा कामकार्यवाही रात रातमै हुने गर्थे ।

**भूमिगत कार्यशैली**

सङ्गठनहरू निर्माण गर्दा उनीहरूका भावनालाई बुझेर मात्र चल्नुपर्ने हुन्थ्यो । प्रशिक्षणहरू सञ्चालन गर्दा, बैठकहरू राख्दा, सम्मेलनहरू सम्पन्न गर्दा सबभन्दा सावधानी अपाउनुपर्ने हुन्थ्यो । सतर्कतापूर्वक परिचालन गर्नुपर्ने भएकाले पनि सङ्गठनका कुनै काम गर्दा हाम्रालागि दिनभन्दा रात नै उपयुक्त हुने भएकाले हाम्रा सम्पूर्ण गतिविधिहरू राति रातिमै हुने गर्थे । त्यसरी निशाचरजस्तै भई गर्नुपर्ने हाम्रा बाध्यताहरू थिए । सुरक्षाका कारण कार्यक्कमहरू गर्ने आश्रय र बस्ने आश्रयहरू अलग अलग हुने गर्थे । जुनसुकै कार्यक्कहरू गर्दासमेत हाम्रा अगाडि समयको सतर्कता, ठाँउहरूको सतर्कतामा रहनुपर्ने हुन्थ्यो। एकसेकेन्ड अघिपछि भयो भने हामीले ठुलै मूल्य चुकाउनुपर्ने हुनसक्थ्यो । थोरै पनि हेलचक्र्याँइले पार्टीको ठुलै नोक्सानी हुनसक्थ्यो । यसकारण हमेसा तमतयार रहँदै समयको स्थिति हेरेर चाल चल्नसक्नुपर्थ्यो । हमेसा हत्केलामा मुटु राखेर चल्नुपर्दा अनेकौँ भौतिक कठिनाइहरू त भोग्नुपर्ने हुन्थ्यो नै तरै पनि पार्टी र राट्रप्रतिको निष्ठाले गर्दा जतिसुकै अप्ठाराहरू भोग्नुपर्दासमेत कुनै दुःख पनि लाग्दैन थियो। जति धेरै चुनातीहरू आउँथे तिनै हाम्रालागि ऊर्वरा शक्ति बनेर हुर्कन्थे र हामीमा बचेर काम गर्नका लागि झनै दृढ मनोबल बढेर जाने गर्थ्यो । अहिले पनि भूमिगत समयको स्मरण गर्दा एकातिर कहाली लागेर आउँछ भने अर्कोतर्फ गर्व लागेर आउँछ त्यो समयको कार्यकालको । चाहे जेसुकै भए पनि हामीले देशैभरि चेतना अभिवृद्धि गर्ने काम गरेर आएका थियौँ । त्यसैको जग हो अहिलेको सामाजिक जागरण भन्न मन लाग्छ मलाई।

पर्वहरूलाई पनि पार्टीकामका लागि नै उपयोग गर्दै देउसीभैलो होस् वा पुनर्मिलन हरितालिका तीज आदि मेलापर्वलाई खुल्ला कार्यक्रमहरू खल्ला रूपमा गर्दै भूमिगत कामलाई अगाडि बढाउने माध्यम बनाएर आएका थियौँ । जुनसुकै कार्यक्रम होस्, तीजगीत कार्यक्रम होस् या अन्य सांस्कृतिक कार्यक्कम आदि कार्यक्रमद्वारा अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा चेतनामूलक प्रगतिशील जागरणका कामहरूले समाजलाई सचेत र दृढ मनोबल उकास्ने काम गर्नपुगिन्थ्यो । तीनैलाई प्रयोग गर्दै आर्थिक, सामाजिक, राजनीतिक र वैचारिक प्रशिक्षण तथा प्रचारप्रसारका कामहरू हुने गर्थे । त्यसले धेरै जनमानसमा प्रभाव पर्थ्यो र आमन्यायपूर्ण समाजलाई त्यो शोषित,


पीडितहरूका पक्षमा गोलबन्द हुने एउटा माध्यम बन्नपुग्थ्यो ।

होटलमा जस्ता पनि मानिसहरू आउने-जाने भएकाले हामीलाई त्यहाँ जान चुनौतीहरू पनि धेरै हुन्थे भने बाटाका छेउमा भएकाले सजिलो पनि थियो । बडी सतर्कता अपनाउनुपर्थ्यो र सुरक्षाका सबालमा धेरै चुनौतीहरूसमेत रहेका हुन्थे । विनाबर्दीका मण्डलेहरू घरघरै चेक गर्न छपक्कै आउने गर्थे । उनीहरूका आँखा छल्दै हिँड्नुपर्दा कहिले बर्दीधारी प्रहरीसँग जम्काभेट हुनपुग्थ्यो । स्थानीय जमिनदार, जालीफटाहाहरू सबैसँग बचेर काम गर्न सजिलो थिएन । विनाबर्दीका मण्डलेहरू वर्दीधारी प्रहरीहरूभन्दा पनि खतर्नाक हुने गर्थे र उनीहरूले नै नेता, कार्यकर्ताहरू बस्ने आश्रय पत्ता लगाई बर्दीधारीलाई सहयोग गर्ने गर्थे । आश्रयदातालाई आतङ्कित गरेर अनेकौँ दुःख दिएर आश्रयदातालाई झनै आतङ्कित पार्थे । आफ्ना विषयमा भन्दा पनि आश्रयदाता जोगाउने हामीहरूको बढी चिन्ता रहनु स्वभाविक हुन्थ्यो । उनीहरूलाई बचाउनु हाम्रो महत्त्वपूर्ण जिम्मेवारी पनि रहेको हुन्थ्यो ।

भूमिगत काम गर्ने भनेको जमिनभित्र बसेर काम गर्ने त होइन ! हरेक क्षेत्रमा सावधानीपूर्वक आफ्ना विरोधीबाट बचेर काम गर्ने भनिएको हो । सबभन्दा समयको पनि उत्तिकै महत्त्व रहन्थ्यो । सजग र सतर्क रहेर आफ्ना परिभाषित जिम्मेवारीहरू पूरा गर्नु हाम्रो कर्तब्य हुन्थ्यो । त्यसरी सिङ्गै परिवारका परिवारहरू लागेर पार्टी निर्माणका कामहरू भएका थिए । त्यस्तै गोप्य सूचनाहरू गोप्य रूपमै पुर्‍याउने, ल्याउने काममा समेत कान्छी बहिनी प्रभा सूचनावाहकका कामहरूमा रहेकी थिइन् । पार्टी निर्माणका समयमा के बुद्धिजीवी, के मजदुर, के विद्यार्थी, के महिला, के किसान, के पत्रकार, के स्वास्थ्यकर्मी, के लेखक-साहित्यकार, के जबान, के प्रौढ, के किशोर आदि सबै क्षेत्रबाट स्थितिअनुकूल सवै सबैको उत्तिकै योदान रहेको छ, रहेको हो । प्रत्येक आश्रयहरू हाम्रा आफ्नै घर बनेका थिए र कामका दौरानमा हामीलाई सञ्चो-बिसञ्चो हुँदासमेत उनीहरूले नै हामीलाई आफ्नै बालबच्चाजस्तै गरी हरघडी हरपल सहयोग पुर्‍याउने ती गुणग्राही व्यक्तिहरू आज कता होलान् ? सामाजिक रूपान्तरण अभियानको हिजोको त्यो त्याग र बलिदान आजकाहरूका लागि एउटा काल्पनिक कथाजस्तो पो लाग्ला कि !

*काठमाडौँ, नयाँबानेश्वर १०, सहभागिता मार्ग ।*

**हार्दिक श्रद्धाञ्जली**




**पदम क्षेत्री**

**निधन : १९ चैत २०८२**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# खोक्रो आदर्शमा बाँचेको जीवन



❖ माधव चौलागाईं

म काठमाडौंको सडकमा लुरुलुरु हिँडिरहेको थिएँ। आजकल काठमाडौंमा चलेको विलासी कार मेरोअगाडि नै रोकियो। कारचालकले कारको झ्याल खोल्दै मेरो नाम लिएर बोलायो। ऊ मेरो कलेजमा सँगै पढेको र केही समय एउटै अफिसमा काम पनि गरेको साथी थियो। कलेजको साथी स्कुलको जस्तो घनिष्ठ हुँदैन, यति लामो समय नभेटेको मान्छेलाई चिन्नु वास्तवमा घनिष्ठताकै कारणले हो र केही समय मात्र भए पनि सँगै काम गरेकोले पनि होला, उसले मलाई मैले उसलाई सजिलै चिनेका थियौं।

ओहो ! साथी मजस्तो भुइँमान्छेलाई पनि चिन्नुभो, खुसी लाग्यो मैले भनेँ। मेरो भनाइले ऊ केही रिसायो र के भनेको यस्तो भनेर बेखुसी प्रकट गर्‍यो। म कहाँ जान लागेको हो पनि नसोधी आउनुहोस् भन्दै कारको ढोका खोल्यो। उसले आग्रह गरेको कुनै कुरामा म प्रश्न गर्दिन भन्ने उसलाई थाहा छ। म अहिले कुनै उद्देश्यविना सडक नापिरहेको थिएँ त्यसैले म आज्ञाकारी विद्यार्थीझैं कारभित्र छिरेँ। उसले काठमाडौं सहरको गतिमा कार दौडाउन लाग्यो र यहाँका सडकको बारेमा केही गुनासो गर्‍यो। सँगसँगै केही चालकहरूलाई गाली पनि गर्‍यो। ऐयासी र विलासीका कुरा हो भने प्रायः म सुन्छु, ऊ बोल्छ। राजनीति, ज्ञानविज्ञान र अन्तर्राष्ट्रिय समसामयिक घटनाको बारेमा विवेचना गर्नुपर्‍यो भने म बोल्छु ऊ सुन्छ। यो हाम्रो पुरानै समझदारीजस्तै हो। आजको यो यात्रामा धेरै उसले कुरा गर्‍यो, मैले सुनेँ मात्र।

उसको कार आजकलको चलनचल्तीको भाषामा हाइब्रिड रहेछ, पेट्रोलबाट पनि चल्ने, ब्याट्रीबाट पनि चल्ने। पचासीजति पर्‍यो उसले भन्यो। हजार कि ? म जिस्किएँ, ऊ हाँस्यो। हामी कता गइरहेका छौं मलाई थाहा छैन, उसले कुनै ठाउँ जाने नाम भनेको छैन। ऊ कुरा गर्दै गाडी हाकिरहेको छ, सायद जिपियस छ, गाडीबाट वेला वेला ठाउँको बारेमा निर्देशन आइरहेको छ। म भने उसँग बिताएको अतितको समयको सम्झनामा रमाइरहेको छु।

त्यो वेला मलाई एउटा गैरसरकारी संस्थाले आकर्षक तलब दिने भनेर कामको लागि बोलाइरहेको थियो। मैले त्यो अफिसमा जाने निश्चय नै गरेको थिएँ तर पनि मैले उसलाई यो जागिरले त जीवन चल्छजस्तो छैन, म त प्राइभेटमा काम गर्न जानुपर्लाजस्तो छ भनेको थिएँ। जबाफमा उसले 'काम गर्ने शैली फेर्नुहोस् साथी, अफिस फेर्ने होइन, सरकारी कामजस्तो प्राइभेटमा हुँदैन, प्राइभेटमा त हाम्रो घुँडा बलियो भइन्जेल दलाउने हुन्, त्यसपछि बुढो भएको गाईलाई बाटोमा छोडेझैं छोडिदिन्छन्' भनेको

थियो। मैले इमान्दारीपूर्वक र लगनशील भएर काम गरेकै थिएँ तर आर्थिक हालत कहिल्यै सुध्रिएको हैन। महिनाभरि खर्च धान्न मुस्किल, मिठोमसिनो खाएको दिन जुनी फेरेजस्तो हुने। अनि 'मैले काम गर्ने शैली चाहिँ कस्तो बनाएपछि मेरो उन्नति हुने हो त' मैले आफैँलाई प्रश्न गरेको थिएँ। आफ्नो तर्फबाट कुनै जबाफ नपाएपछि म उसले दिएको सल्लाहलाई नमानेर सरकारी जागिर छोडेर गैरसरकारी संस्थामा लागेको थिएँ। मलाई यो अफिसमा सरकारी जागिरको तुलनामा आकर्षक तलब पनि दिएको थियो। ऊसँग गाडीमा गुडिरहँदा सरकारी अफिसमा काम गर्दाका केही घटनाहरू मैले सम्झेँ। ती घटनाहरूले नै मैले सरकारी अफिस छोड्ने निर्णय गरेको थिएँ।

कामकै सिलसिलामा एकपटक एउटा सामान सप्लाइ गर्ने पसलको साहुले 'सरको जीवन यति सरल तरिकाले कसरी चलेको छ ?' भनेर सोधेको थियो। उसले किन मलाई यो प्रश्न सोध्यो, त्यति वेला मैले वास्ता गरिन, हाँसेर टारिदिएको थिएँ। सामान सप्लाइ भइसकेपछि उसले मेरो खल्तीमा एउटा खाम हालिदिएको थियो। मैले उसकै अगाडि खाम खोलेर हेरेँ, पैसा थियो। मैले उसैलाई थमाइदिएँ। उसले 'लिनू न सर' भनेर जोड गऱ्यो, मैले अस्विकार गरेँ र भनेँ, 'यो सामान जसको हो यो अतिरिक्त पैसाको हकदार पनि उही हो।' अहिले अरूको हाइब्रिड र अनेक सुविधा भएको गाडीमा गुड्दै गर्दा मैले मेरो खोक्रो स्वाभिमान सम्झिरहेको थिएँ। आफैँले आफैँलाई मानसिक बिरामी पो रहेछु कि भनेर स्वमूल्याङ्कन गरिरहेको थिएँ। पछि उसले मेरा साथीहरूलाई आश्चर्य मानेर भनेको थियो रे, 'यत्रो सामान किन्दा कमिसनको क पनि उच्चारण गर्दैन बुढो त!' तपाईँ यति सरलसँग कसरी जीवन चलाउनुहुन्छ भनेर किन सोधेको रहेछ भनेर त्यसपछि मैले बुझेको थिएँ।

हामी ठमेलमा पुग्दा साँझ पर्नै लागेको थियो। वास्तवमा काठमाडौँमा यति लामो समय बस्दा ठमेल नआएको त होइन तर यहाँको चकाचौँधको अनुभव गरेको थिएन, गरिन। त्यो मेरो इच्छा थिएन कि हैसियत थिएन, त्यतातिर मैले सोच्दा पनि सोचिन। कलेज पढ्दा एकजना साथीको लहैलहमा लागेर भिडियोमा फिल्म हेर्न एकपटक आएको थिएँ तर त्यो फिल्म मेरोलागि बनेको होइन रहेछ भन्ने ठम्माएर फिल्म हेर्दाहेर्दै निस्केको थिएँ। त्यो फिल्मको केही दृश्य सम्झेर अहिले पनि वाक वाक लाग्लाझैँ भयो मलाई।

एउटा पप रेस्टुराँमा उसले मलाई छिरायो। एकैक्षणपछि वेटरले फुलैफुल भएको भुटेको मकै एउटा ठुलो भाँडोमा ल्याएर राखिदियो, पपकर्न सर्भ हुनेहुनाले यसलाई पप रेस्टुराँ भनेको होला, मैले अनुमान गरेँ। अर्कोले बियर ल्यायो। त्यसअघि मैले बियर खाँदै नखाएको त होइन तर म अभ्यस्त थिइन। ग्लासमा राखेको बियर धेरै समयसम्म टेबुलमा रह्यो। मलाई पिउन सङ्कोच लागिरहेको उसले बुझेछ क्यार 'लिऊँ न यार' भनेर जबरजस्ती हातमै थमायो। मैले एक घुट्को निलेर फेरि ग्लास टेबुलमा राखेँ, शीतल भएको अनुभव भयो। सरकारी अफिसमा काम गर्दाताका एकपटक यस्तै बियर पार्टीमा म फसेको थिएँ।

म त्यति वेला भर्खरको थिएँ, यस्तै बिसएक्काइस वर्षको । ठेकदारले खाजा खाने भनेर लगेर मलाई बियर खुवाएको थियो, पछि सरको हात पनि किन खालि पार्नु भनेर एउटा खाम दिएको थियो । बियरको मातमा मैले सहजै त्यो खाम लिएको थिएँ । त्यो गर्मी महिनाको उखरमाउलो गर्मी साँझ त बियरले चिस्याएको थियो तर त्यसपछिका दिनहरूमा ठेकदारले दिएको खाम मैले बोक्नै नसक्ने बोझ बनेको थियो । ठेकदारले गर्नै नमिल्ने काम गर्न दिएको दबाबले म आजित भएको थिएँ । मलाई भतभत पोल्नथालेको थियो । खाम त फिर्ता गर्नसकिन्थ्यो, बियर फाल्नु कसरी ? मैले विनम्रतापूर्वक 'यस्तै काम गराउन हो भने तपाईंको खाम तपाईंलाई नै फिर्ता गर्छु तर बियरको पैसा मलाई ऋण लाग्छ किनभने यो मैले प्रयोग गरिसकेको छु,' भनेर खाम जस्ताकोतस्तै फिर्ता गरेको थिएँ, ठेकदार मेरो अप्रत्यासित निर्णयले अवाक भएको थियो । ठेकदारले खुवाएको बियरको पैसा अझै पनि मलाई ऋण नै छ । यस हिसाबले भन्ने हो भने म उसको अहिले पनि ऋणी छु । मलाई यस कुराले अहिले पनि ग्लानि हुन्छ तर यहाँ उसको र मेरो बिचमा कुनै स्वार्थ थिएन, थियो त केवल मिल्ने साथी धेरै पछि भेट भएको खुसी मात्र । हामी यहाँ बेहिसाब रमाउन सक्थ्यौं । खुबै रमायौं पनि । पपबारबाट निस्क्ने वेलामा वेटरले बिल ल्यायो । छड्केपाराले बिल हेरैं । मलाई पिसाब लाग्यो । पिसाब फेर्न जाने चिह्न हातले देखाएर म रेस्टरुमतिर लागैं । धेरै समयसम्म रेस्टरुममा बसैं । पछि साथीले के सोच्यो होला भनेर पश्चताप पनि लाग्यो । अहिले भने मेरो इमान्दारिताको रापले मलाई पोलिरहेको थियो, निधारमा चिटचिट पसिना आएझैं महसुस भयो । खानेकुरा अर्डर स्लिपसँगैको प्लेटमा साथीले पैसा राखिसकेको थियो । वेटरलाई राम्रै टिप्स साथीले दियो । वेटरले अदबसाथ साथीलाई सलाम गऱ्यो, मैले हात मिलाउन खोजैं ऊ सरक्क अन्त लाग्यो । हामी पपकर्नबाट निस्कियौं ।

देश र जनताको लागि लडेका, मर्नेमार्ने कसम खाएर बलिदानीपूर्ण लडाइँ लडेका भनिएका हात्तीछाप चप्पल लगाएर काठमाडौं छिरेका, आफूले आदर्श मानेका नेताहरूलाई सम्झैं । आफू आदर्श भएको सम्झैं । मलाई मैले आफ्नो स्वर्णिम समय गुमाएझैं लाग्यो । त्यसपछि डान्सबार, क्याबिन रेस्टुरेन्ट, दोहोरी कता कता गइयो । मेरो साथी ड्रिङ्क गरेपछि नबोल्ने रहेछ, म बोलक्ड भएको थिएँ । म यति वेला अलि हौसिन्छु पनि । बहकिन्छु र सम्बेदनशील पनि हुन्छु । मैले के के आदर्शका, सिद्धान्तका कुरा गरैं हुँला, उसले 'तपाईंका खोक्रा यी कुराहरू थन्काउनुहोस्, बरु भन्नुहोस् तपाईंले काठमाडौंमा कहाँ घर बनाउनुभयो ? छोराछोरी कहाँ के के गर्दै छन ?' मेरो भौतिक सम्पत्ति र मैले आत्मसात् गरेको सिद्धान्त र आदर्शको कारणले प्राप्त गरेको राजनैतिक उपलब्धि पनि उल्लेख गर्नलायक केही थिएन । यी दुबै कुरामा म छेउमा थिएँ, कसैले छेउमा पारेको होइन, आफ्नै कारणले र मेरो यो अवस्थालाई कसैले पनि त्याग गरेको या इमान्दार मान्छे भनेको थिएन । बरु प्रगति गर्ननसकेको भनेर औंला ठड्याएका थिए । म आफैंलाई वेला वेला विनोदपूर्णढङ्गमा

सान्त्वना दिने गर्थें, एउटा सिद्धान्तनिष्ठ मान्छे, इमान्दार मान्छे आमरूपमा केही बन्दैन, ऊ अवसरवादी हुँदैन, त्यसैले मूर्ख हुन्छ। ऊ एक्लै बनेर पनि समाज बनाउन चाहन्छ तर म एउटा मात्र असल भएर पनि समाज राम्रो हुन्छ भन्ने सोच्नु मेरो आदर्शवादिता मात्र रहेछ, त्यसैले म मूर्ख नभएर के हुँ ? यो कुरा मैले कहिल्यै सोचिन । त्यसैले म चुप बस्नुको कुनै विकल्प थिएन ।

'साथी ! तपाईंको बोली बन्द भयो नि हैन ? मलाई थाहा थियो मैले यी कुरा सोधेपछि तपाईंको बोली बन्द हुन्छ । भर्खरैसम्म त तपाईं मलाई पढाइरहनुभएको थियो', उसले भन्यो । उसले उपत्यकाको भिआइपी भनिने क्षेत्रमा जग्गा किनेछ र बङ्गला बनाएछ। उसले 'तपाईंलाई आज त घरमा लग्दिन, अर्को दिन लग्छु' भनेर भाका राख्यो । मलाई पनि उचितै लाग्यो। 'के तिमीले यही जागिरबाट यो भौतिक सम्पत्ति आर्जन गरेका हौ त ?' मैले उसलाई सोधेँ । 'यही त हो, अन्त कहाँ जानु काम गर्न' उसले सजिलै भन्यो । सरकारी तलबभत्ता र काठमाडौंको खर्च हिसाब गरेँ। यो त हुनै सक्दैन मैले मनमनै भनेँ । उसले 'तपाईंको अफिसमा त आकर्षक तलब थियो, तपाईंले पनि त घर बनाउनुभएको होला ?' भन्यो। म बियरले मात्र पनि खुबै मातेको थिएँ। मेरो बोली लर्बराएको थियो । धेरै बोल्नसक्ने अवस्थामा थिइन । ' बानेश्वरमा बनाएको छु घरहरू दुईचारवटा, ती घरहरूमा म पालैपालो बस्छु' मैले भनेँ। ऊ मपट्टि फर्केर हाँस्यो, मलाई लाग्यो उसले मेरो मजाक राम्रै बुझेको छ । 'तपाईंलाई जुन ठाउँबाट टिपेको थिएँ (उसले यस्तै भनेकोजस्तो लाग्छ, हीनताबोधले भ्रम भएको पनि हुनसक्छ) त्यही ठाउँमा छोडिदिन्छु, हुन्छ ?' भनेर सोध्यो। मैले उसलाई आफू बस्ने ठाउँमा नलग्ने नै सोच बनाएको थिएँ, त्यसैले 'हुन्छ' भनिदिएँ। यद्यपि त्यहाँबाट म बस्ने ठाउँ केही टाढा नै थियो । म ओर्लें र लडखडाउँदै हिँडेँ। बाटोमा हिँड्दै गर्दा चिनेका पनि नचिनेझैँ लाग्यो, नचिनेकालाई पनि चिनेझैँ लाग्यो। कोहीसँग बोलेँ, कोहीसँग तर्केर हिँडेँ, बोलिन। भोलिपल्ट मेरा नजिकका छिमेकी साथीहरूले मेरो हिजोको अवस्था वर्णन गर्दै 'हिजो रात त तपाईं पनि सुगा हुनुभएको थियो' भन्दा म लाजले भुतुक्क भएँ र उनीहरूसँग मुस्कुराउदै तर्केर हिँडेँ। हिजो रात के के अन्टसन्ट बोलेँ हुँला भन्ने सम्झेर मलाई ग्लानि भयो।

हार्दिक श्रद्धाञ्जली



**सुरेश किरण मानन्धर**

जन्म : वि.स. २०२३

निधन : २५ फागुन २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**



❖ मिथिलेश 'आदित्य'

# गन्तव्यहरूका बिच छुट्ने अनुहारहरू


जीवनमा धेरैपटक मैले यात्रा गरेको छु
कहिले रेलगाडीका लामो सासहरूभित्र
कहिले बसको झ्यालबाट भाग्दै गरेका गाउँहरूबिच
कहिले टेम्पोका हल्लिँदा काखमा
त कहिले सिटी रिक्साका साँघुरा गल्लीहरू हुँदै ।
हरेक यात्रामा केही अनुहारहरू सँगै बसेका हुन्छन्–
मेरोजस्तै यात्रु, मेरोजस्तै अस्थायी ।

बाटो हिँड्दै गर्दा शब्दहरू आफैँ खुल्न थाल्छन्–
घर कहाँ हो ? कुन सहरबाट आउनुभएको ?
के काम गर्नुहुन्छ ?
जसरी यस यात्रामा
एकअर्कालाई चिन्नु नै आवश्यकजस्तो लाग्छ ।
म पनि जान्न चाहन्छु र उनीहरू पनि–
हामी सबै केही समयका लागि
एकअर्कालाई आफ्नै ठान्छौँ ।
तर जति वेला गन्तव्य आइपुग्छ
डिब्बा, बस, रिक्सा एकाएक मौन हुन्छन् ।
सबै चुपचाप ओर्लन्छन्–
न विदाइ, न बाचा
न फेरि भेटौँला भन्ने कुनै शब्द ।

म पनि आफ्नै गन्तव्यमा ओर्लन्छु–
तर मनभित्र कुनै गहिरो विश्राम आउँदैन
बरु एउटा पीडा थामिएर बस्छ ।
जसबाट छुट्टिन्छु
ती मानिसहरू बारम्बार स्मृतिमा उभिन्छन्–
र फेरि यस सहरको भिडमा
यस संसारको कोलाहलमा हराउँछन् ।
थाहा छैन
उनीहरू कुन गल्लीमा रोकिए
कुन मोडमा ओर्लिए
वा कुनै अर्को यात्रामा
कसैसँग फेरि केही बेरका लागि आफ्नै बने ।
यो सहर यात्रुहरूको मौन नगर हो–
जहाँ भेटघाट चलिरहेका सवारीभित्र हुन्छन्
र विछोड हरेक गन्तव्यमा
चुपचाप ओर्लेर जान्छ ।
यहाँ गन्तव्यहरू भेटिन्छन्
तर मानिसहरू कहिल्यै पूरै भेटिँदैनन् !

*विराटनगर, नेपाल*

हार्दिक श्रद्धाञ्जली




**तारानाथ पोखरेल**
निधन : ८ चैत २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# एक मुठी घाम र इन्द्रकुमार




| | | |
|---|---|---|
| कृति | : | एक मुठी घाम |
| कृतिकार | : | इन्द्रकुमार श्रेष्ठ सरित् |
| प्रकाशक | : | बुना दाहाल (सियाटल, वासिङ्टन, अमेरिका) |
| संस्करण | : | प्रथम, वि.सं.२०८१ वैशाख |
| मूल्य | : | रु.२५०।- |
| पृष्ठ | : | १२४ |



❖ अरूणबहादुर खत्री 'नदी'

लघुकथाकार इन्द्रकुमार श्रेष्ठ सरित्को एक मुठी घाम नामक लघुकथासङ्ग्रह २०८१ सालमा प्रकाशित भएको छ । यस कृतिभित्र उनले लेखेका राजनीति, चरित्र, पूर्वाभ्यास, नेताजी, काकाकुलको तिर्खा, मूलघरको मूलढोकालगायत विभिन्न शीर्षकका ४१ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ४१ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको राजनीति शीर्षकको पहिलो लघुकथामा नेताजी सानुराजा सिंहकी जय ! परर तालिकाबिच गाउँहरूले नेताजीको जयजयकार मनाए । त्यति मात्र होइन अब उप्रान्त यस गाउँमा जाँडरक्सी खाने र बेच्ने दुबै कार्य बन्द गरिने छ र हाम्रा चेलीबेटीहरू कामको खोजीमा विदेशमा बेचिएर नारकीय जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले उनीहरूलाई गाउँमै आयमूलक रोजगारीतर्फ उन्मुख गराउन म सक्दो प्रयास गर्ने छु भनिएको छ ।

सङ्ग्रहभित्रका सबै लघुकथाहरू सबाल्टर्निक छैनन् । विषय र विचारगत विविधता सरित्का कथाहरूको विशेषता हो । चरित्र शीर्षकको लघुकथामा एक मुठी खान र एक झुम्रो लाउन पुग्ने वेदबहादुर तुम्बाहाम्फेलाई नेता भनिहाल्दा केही फरक नपर्ला किनभने कुनै समयका उनी नेता थिए भनेर सरित्ले लेखेका छन् । सरित्का प्रायः लघुकथाले गरुङ्गो औपन्यासिक खुराक बन्नसक्ने विषयवस्तुलाई लघुकथाभित्र अटाएका छन् । सूक्ष्मता, तीब्रता, घनत्व, व्यङ्ग्य, सन्देश, पात्रको सन्तुलन र विपरीत मार्गबाट जीवनबोध गराउनु

लघुकथाको आधारभूत तत्त्वहरू हुन्। सरित्‌को लघुकथाको भाषा सरल, सहज र सुबोध्य छन्।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अङ्ग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ। लघुकथाका सम्बन्धमा विविध परिभाषा, बिचार र दृष्टिकोणहरू छन्। जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ। यसै सन्दर्भमा नेपाली समाजको यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन्। थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिनसके कृतिको महत्त्व बढ्ने छ। यस तथ्यलाई लघुकथाकार सरित्‌ले मनन गरेका छन्। विषयवस्तुका हिसाबले बहुमुखी छन्। विसङ्गति, सामाजिक विडम्बना, आर्थिक विपन्नता, बौद्धिक दयनीयता, सांस्कृतिक विचलनजस्ता कुराहरूमा सरित्‌का लघुकथाहरूले व्यङ्ग्य गरिएको छ। भाषा सरल छ। कसिएको छ। प्रस्तुति मिठो छ। सुरम्य छ। लघुत्व छ। सङ्क्षिप्त छ। पढ्दा निकै आनन्द आउँछ। सरित्‌का लघुकथा उनले देखेको व्यक्ति, समाज र राष्ट्रका साथै सुनेका घटनामा पनि आधारित छन्। यिनका कतिपय लघुकथा समय र स्थान सीमाका रूपमा पनि आएका छन्।

मूलघरको मूलढोका शीर्षकको लघुकथामा पार्टी छाडेर जानेहरूसँग पार्टी नफुटाउन चन्द्रप्रसादले जति बिन्ती गरे पनि उनको केही लागेन। आँखाभरि आएको आँसुलाई बलैले रोकेर अवरुद्ध गलाले उनले नयाँ भान्छामा खान उद्धत उद्दण्ड ती व्यक्तिलाई अनुरोध गर्दै भनेका थिए -बिन्ती छ कामरेड मतान्तरहरूलाई पार्टीभित्रै बसेर समाधान गर्ने प्रयत्न गर्नुस् भनेर कथाकारले भनेका छन्। लघुकथाकारको व्यङ्ग्य चेत, सामाजिक चेत तथा समसामयिकता प्रशंसनीय छ। सरित्‌को लघुकथामा हाम्रो समाजको चरित्र स्पष्ट रूपमा देख्न सकिन्छ। यस सङ्ग्रहमा उनले उठाएका विषयवस्तु, जिम्मेवारी बोध र आफ्नोपनमा उनी अडिग छन्।

सक्कली नक्कली शीर्षकको लघुकथामा धनमायाको छातीमा पीडाको पहाड र आँखामा आँसुको भेल थियो। सम्झाउने बुझाउनेहरूको ताँतीले जति सम्झाए पनि उनको मनलाई शान्त पार्नसकेका थिएनन् भनिएको छ। सरित्‌का लघुकथाहरूले कुनै न कुनै सन्देश बोकेका छन्, लघुकथा पठनीय छन्। लघुकथा सिधै भावमा व्यक्त गरिन्न। यस अर्थमा कुनै कुनै लघुकथा दोहोऱ्याइ, तेहऱ्याइ पढ्नुपर्ने हुन्छ। यो विशेषता लघुकथामा हुन्छ नै। समष्टिमा भन्दा लघुकथाको मर्म जान्न चाहनेहरूका लागि समेत भित्ताका कान लघुकथासङ्ग्रह मार्गदर्शकको रूपमा रहेको छ।

यस कृतिभित्र सरल नेपाली भाषामा लेखिएका लघुकथा रहेका छन्। लघुकथालाई नेपाली भाषा साहित्यमा स्थापित लघु आख्यान विधाको रूपमा लिन सकिन्छ। लघु अर्थात् छोटो र कथ्य भए पनि यो छोटो कथा तर सानो आकारको कथा हुनु हो। आकस्मिक उठान र कौतुहलताले लघुकथामा सुनमा सुगन्ध थप्ने काम गर्छ।

लघुकथामा कथानक विषयवस्तु यदि गहन छैन र बीजवाक्य पनि प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सकिएन भने लघुकथा फितला बन्छन् । सबल र प्रभावकारी लघुकथामा कथाको अन्तिम वाक्यलाई उपयुक्त शिल्पकला व्यङ्ग्यात्मक वा प्रतीकात्मक लगाएर प्रदर्शन गरिन्छ । यो नै लघुकथाको प्राण तत्त्व हो । लघुकथाका संरचनात्मक तत्त्वहरू आफ्नै प्रकृतिका छन् । साहस शीर्षकको लघुकथामा उफ् ! दिउँसोको घटना सम्झिएर ऊ आफैँ छक्क परिरह्यो । देश चलाउँछु भन्नेहरू कसरी अरूको इसारामा नाँचेर आफ्नो दास मानसिकता प्रकट गर्दा रहेछन् प्रस्ट देखियो भनेर लेखिएको छ । यस लघुकथासङ्ग्रहभित्रको भोलिको दिन शीर्षकको लघुकथामा बिहानको मधुरो घामले उसको मुहारलाई स्पर्श गरेपछि बिहान भइसकेको रहेछ भनेर उसले बलैले आँखा उघारेर चारैतिर नियाल्यो भनेर कथाकारले लेखेका छन् ।

नेपाली साहित्यमा लघुकथाको आफ्नै विशिष्ट स्थान छ । आजको समयले लघुकथालाई झन् लोकप्रिय बनाएको छ । कथा आफैँमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ । अर्थात् लघुकथा कथाको सङ्क्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार इन्द्रकुमार श्रेष्ठ सरित्को अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने बाचा गरेको छु ।

---

**हार्दिक श्रद्धाञ्जली**



**चन्द्रकान्त झा चन्द्र**

जन्मः ९ पुस २००७

निधनः २४ माघ २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

**हार्दिक श्रद्धाञ्जली**



**केशव आचार्य**

निधन : ९ चैत २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# न्यायका पक्षपाती राजेश्वर देवकोटा र उनका उपन्यास



❖ प्रा. डा. खेम दाहाल

**१. प्रारम्भ :**

रोजेश्वर देवकोटा (१९८६-२०७२) का 'आवर्तन' (२०८१), 'द्वन्द्वको अवशान' (२०४२), 'पूर्वकथा' (२०४३), 'उत्सर्ग प्रेम' (२०४४), 'पूर्णिमा' (२०५४), 'दबली' (२०६०) जस्ता उपन्यास प्रकाशित छन् । सुन्दर प्रकृति र सामान्य जनजीवन उनको रुचिमा पर्ने वस्तु हुन् । बौद्धिक पाठकलाई ध्यानमा राखेर उपन्यास लेख्ने राजेश्वर देवकोटा राजनीतिमा बढी समय दिने स्रष्टाको नाम हो । पुरानो कुरा महाभारत पुरानो नहुने ज्ञानको स्रोत पनि हो । देवकोटालाई राणाशासन पनि पुरनो नहुने इतिहास हो । त्यसैलाई अगाडि सारेर उपन्यास सिर्जना गर्नु उच्च बौद्धिक साधनाको प्रतिफल मान्नुपर्छ । मन्त्री भएर जनतामाझ हृदयमा बस्ने तथा उपन्यासकार भएर प्रौढ पाठकका सामु स्थायी प्रतीक बन्नसक्ने देवकोटा मनको द्वन्द्व पठन गर्छन् ।

**२. विषय प्रवेश :**

उपन्यासको प्रारम्भ प्रकाश र अन्धकारसँग नडराउने प्राणी मानव हो भन्ने सूक्तिबाट भएको छ । यहाँ एउटा पात्रको सम्झना गरिएको छ जो राणाकालको एकवीर पुरुष हुनुपर्छ-पात्र विक्रम हुन् । सन्तान नहुनेको कथासँग एउटा उपन्यासको विषय जोडियोस्, बौद्धिक पाठक भव्यताको अनुभूति गर्नथाल्ने छन् । सन्तान नभएपछि ६५ वर्षको उमेरमा धर्मपुत्रका नाममा सबै सम्पत्ति बकस गरिदिएपछि आफ्नी कान्छी पत्नी गर्भवती भएको घटना अन्धकार र प्रकाशको सङ्गमजस्तै हो । सन्तानको उदय भएछ, बालकको नाम पराक्रम राखिदिएका छन् । धर्मपुत्र बबरजङ्गको नाम समाविष्ट छ । गाडीबाट छुटेको पैयाँजस्तो केटो बबरजङ्ग टुहुरा घरबाट महाजनको घरमा सारिएको बालक अहिले विक्रमको धर्मपुत्र ठुलो घरको भाषा बुझ्ने कुलीन पात्रझैँ लाग्छ । विक्रमकी कान्छी पत्नी अझैँ यौवनको उकालो चढ्दै छिन् । जेठीले धर्मपुत्र बनाएकी हुन्, यसैमा रहस्य भरिभराउ छ । बालक जन्मियो, बाबु विक्रमसँग लहसिन्छ । कान्छी सुधा र जेठी आमालाई घुमाएर डुलाएर फर्किएको क्षणको वर्णनमा बबरजङ्ग घोडाबाट उत्रन्छ, आमाहरू तान्दानबाट, यस प्रसङ्गले कथा आजको होइन, शमशेरको पालाको जस्तै छ । बालक कति पवित्र हुन्छ, बुढो नोकरलाई कुट्नेमाथि

जाइलाग्छ, चिथोर्छ। अर्काका घरमा पालिएको, धर्मपुत्र भएर मोटाएको बबर प्रतिकूल पात्र हो, उसले बुढा नोकरहरूमाथि अत्याचार गर्छ, ऊ आफैँ लखेटिने दिनको हिसाब गर्दैन। ठुलो घर छ, उपयोगविहीन भएर थात्रो छ। ठुली वसुधा र कान्छी सुधा, विक्रम जवान, पुंसकत्वहीन, धर्मपुत्र, यौवन त धनभैँ सञ्चय नहुने तर्क पनि छ। "यौवन त दिनदिनको आय र व्यय हो।" यस्ता सूक्तिले भरिएको उपन्यास लेख्ने क्षमताका धनी राजेश्वर देवकोटालाई सरकारले कति सम्भन्छ ! कुनै पाठकले बिर्सिने छैनन् । हरेक पात्रको मनमा उठेका तरङ्गहरू खहरेभैँ बगेका हुन्छन् भन्ने उपन्यासकारको दृष्टि त्यहाँ पुगेको हुन्छ। उनका पात्रहरू आफैँभित्र अनेक मोड र उकाल देख्छन्। विक्रमकी कान्छी पत्नीको चर्चा गर्दा उपन्यासकारले विपन्न र गाउँले युवतीबाट सुरु गरेका छन् । उसले परिश्रम गरेर खाने जीवनबाट माथि उठेर सम्पन्न घर पाई, नोकर-चाकर, भोज मिष्ठान, पति भने नपुङ्कभैँ ठान्न थाली । 'जीवनमा दिनभर परिश्रम गरेपछि जसले खान पाउँछ, खानु त्यही सार्थक हुन्छ' भन्ने लेखकसूक्ति मनभित्रको एउटा तखता हो। आख्यानकार धर्मपुत्रतिर एक क्षण निहुरिन्छन्, जसको स्वतन्त्रता (आजादी) खोसिदिएको छ। ऊ स्वतन्त्र थियो तर अहिले बुढो धर्मपिता र अलिक बिरामी धर्ममाताको हेरविचारमा सीमित हुनुपरेको छ । स्वतन्त्र मानव पछि गएर यस परिवारको धनको मालिक हुँदै छ तर उसको त्यो स्वतन्त्रता खोसिएर विक्रमकी कान्छी पत्नीको गोठालो, घरको चौकीदारजस्तै हुनुपर्दाको उसको अवस्थामा आख्यानकारको सहानुभूति पोखिन्छ। उसलाई प्राप्त धन नै स्वतन्त्रता थियो तर त्यसलाई बन्धकीमा राख्नुपरेको अवस्थामा ठुलो परिवारको भारी बोक्न आएको भरियाभैँ हुनजान्छ। राम्रो खान र लगाउन मात्र सबै कुरा होइन । बबरको मनभित्र पसेर हेर्दा उसको स्वाधीनता खोसिएको अनुभूति हुन्छ भने सुधाले घरलाई निर्जीव ठान्दाठान्दै पनि बबरमा सजीवता देख्न थाल्नु बीज हो। कथानकको बीज यहीँ अन्त्य हुन्छ । कसैलाई बबर चाहिएको छैन, परिवारका सबै परचक्रीभैँ छन् तर सुधालाई प्रिय वस्तुभैँ लाग्नथाल्यो।

विक्रमको दैनिकीतिर फर्किएर आख्यानकारले गम्भीर चिन्ता गरेका छन् । विक्रम बुढो भएकाले चाकरीमा वा श्री ३ महाराजका दरबारमा जान छाडेको छ, पहिले त्यही घोडामा जाने गरेका विक्रमको घोडा थला परेको समय छ, मर्ने समयमा घोडा रुन्छ। सबै कुरा विचलित हुँदै जाँदा विक्रमको हिजो अब छैन पनि। 'बुढो मानिस भुइँकोठामा बस्नुपर्छ' कसैले खसाल्छ वा आफैँ खसालिने दिन आउँछ । सूक्ति पनि छन्, जीवनलाई चिनाउने सूक्ति हुन् -'बुभ्रेर पनि बुभ्र पचाउने प्राणीको एक नाम मनुष्य पनि हो।' 'शत्रु मास्ने त काँतर हुन्, तिनको कुरा अर्कै छ।' सम्भना गर्दा महाराजलाई सर्वज्ञाता ठान्नुपर्ने युग थियो, उनी परम् पुरुष मानिन्थे, यो राणा शासनका समयमा चाकरीमा जानेहरूले जपना गर्ने मन्त्र हो।

**पात्रको चिनारी गराउने शैली :**

पात्रलाई चिनाउन उपन्यासकार समाख्यातालाई अधिकार दिन्छन् को कस्तो दायित्व र कर्तव्यमा छन् भनी केलाएर हेर्दा भित्री अवस्था पनि अवगत हुन्छ । यहाँ बबरजङको प्राप्त हक र कर्तव्यको चित्र बनाएर देखाइएको छ । उसैको कर्तव्यमा परिवारका सदस्यको मनोकामना पूरा हुन्छ । उसैले गरेको निर्णयले वस्तुको तह निर्धारण हुन्छ- बहुमूल्य, विनाकामका वस्तु, रुचि भएका वस्तुमाथि अधिकार उसैको जिम्मामा रहन थाल्यो । मूलद्वारबाट वस्तु बेचिदैनन्, जस्केलाबाट बेचिन थालेका छन् । 'साधारण मानवले असाधारण मानवको पूजा गर्छ' यही सूत्रले गीतामा कृष्णको भनाइ अर्जुनले स्विकारे । आख्यानकार समीक्षामा अग्रसर छन् र आख्यानका गुणतिर एक दृष्टि लगाउँछन् । विक्रम र बबरको कुरा गर्दागर्दै असल आख्यानमा हुनुपर्ने विशेषतातिर छिर्छन् । कथा लेख्न मिलाउनुपर्ने देश-काल-पर्यावरणको संयोजन सजिलो छैन, धेरै कुरा मिलाउनुपर्छ, इतिहाससँग मिल्ने हुनुपर्छ । यसमा पात्रको स्तरअनुसारको बोली या संवाद हुनु जरुरी हुन्छ तर यहाँ महायुद्ध मच्चाउने पात्रका लागि त्यस्तो गुणको आवश्यकता पर्दैन । पात्रहरू आफूअनुसारका हुनु असल र सुगम पक्ष हो, देवकोटाका बुढा पात्र विक्रम चिन्तक, लेखक र विवेकशील मात्र होइन आलोचक पनि छन् तर जेठीको आग्रह टार्नसक्दैनन् । माया गरेर मिठो खान दिएर राखिएको पिँजडाको सुगाभन्दा पनि स्वतन्त्र पक्षी खुसी भएझैँ पूर्णेश्वर अनाथालयमा ताडनाभित्र हुर्किएको बबरलाई त्यहीँ ताड्नास्थल प्रिय थियो । भित्रैसम्म बालकका बारेमा हाकिम पनि जान्दैन, बोक्रे मात्र अध्ययन छ । कोइलीको अन्डा कोरल्ने काग र आफूमा उस्तै चेत भएको सम्झनु एउटा विश्राम हो । विधिपूर्वक धर्मपुत्र बनाउँदा बिस वर्षको बबरले दुबै आमाका चरण छोयो । महिलाले बबरलाई योग्य देख्नुपर्ने कारण पनि होला, त्यसै किन रोजेर उतै ढल्किनुपर्ने यस किसिमको रोजाइका अनेक कारणमा आफ्ना नातागोताबाट आफलिएको भन्ने शङ्का हुनुपर्छ । हाम्रो स्वतन्त्रता आफ्नै संस्कारका मानवसँग सुहाउँछ, हाम्रो उडेर जाने मन पनि त्यस्तै प्रकृति खोज्छ जस्तो प्रकृति आफ्नो संसारमा भोगिँदै थियो । एउटा अग्लो धरातलबाट तल झर्दा पनि समायोजन हुँदैन, होचो धरातलबाट उठाउँदा भाग्छ ।

सरकारीभन्दा पनि दरबारी शैलीको जीवनमाथि टिप्पणी भएको छ । आफैँ आफ्नो कपडा नलगाउने, चाँदीका थाल र बटुकामा खाने, आफू एक्लै बाहिर नजाने- गार्डका साथ जानेः यी दरबारका कुमारले जान्नुपर्छ । बाबुसाहेब र काजीसाहेबजस्ता शब्द चलाउन र बोल्ने भाषाकै रूप अर्कै प्रकारको हुन्छ, परचक्रीले त्यसलाई सिक्न सहजै नसक्ने उदाहरणमा बबर पर्छ । खानदानी बुढाहरू अलिकति उमेर भए छिमेकीलाई केही दिन्छन्, पुरेतलाई गाईबाच्छा दिन्छन्, पण्डितलाई जमिन र भवन पनि दिन्छन्, शक्ति खस्कियो र घरको रोगी कुकुरझैँ भएपछि केही दिने शक्ति

हराउँछ, सबैले अलग आँखाले हेर्छन्, त्यही कुरा विक्रमसँग जोडिन्छ । नराम्रो, कालो, मुसलजस्तो मनुष्य पनि हेर्दाहेर्दै, नजिक बस्दाबस्दै, पल्लो घरको झ्यालबाट चियाउँदा चियाउँदै अलिक फरक देखिन थाल्छ । धेरै समय भएपछि उसको हाउभाउप्रति इन्द्रियले आग्रह गर्छन् तर विवेकलाई ललकार्दै हुन्छ । ध्वाँसे स्वाँठ भनेर प्रवचन गरिएको पात्र पनि कुनै आन्तरिक कारणले कल्पनामा आउँछ । मानव मन त हो, खान हुँदैन भनिएको वस्तु खाइन्छ, पढ्दै वा आफैँलाई ठोक्दाठोक्दै पनि 'गोठाले'की मिसरीले पल्लो घरको झ्यालबाट हेर्ने हट्टाकट्टा पुरुष रुचाएको घटनाजस्तै सुधाको निष्पाय र नीरस जीवनमा बबरको उपस्थिति एक आकर्षण बन्न समय लाग्दैन । संयोगका पात्रहरू भेट गराउने आख्यानकार प्रसिद्ध हुन्छन् । नारायण वाग्लेले 'पल्पसा क्याफे' उपन्यासमा पल्पसा एक युवती र एक पत्रकारको संयोगले भेट गराएका छन्, 'भ्रमर' उपन्यासमा रूपनारायण सिंहले एक मोटा राई र शेखरको भेट त्यसै गरी गराएका छन् । लैनसिंह बाङ्गदेलले 'मुलुक बाहिर' उपन्यासमा रने र माहिला भुजेलको भेट पनि त्यस्तै रूपमा गराएको पाइन्छ । यहाँ राजेश्वर देवकोटाले एक गाउँले युवती घाँस-दाउरा, भिर-पाखा गरेकी साधारण परिवारकी सुधा र फालिएको अनाथ बालक बबरको कस्तो सम्बन्ध गराए, आश्चर्य लाग्छ ! नपाइने वस्तु अकस्मात पाइयो, हर्ष पनि होइन, कष्ट पनि होइन, खुसी पनि होइन, अर्कै सपनाजस्तै लाग्छ। एउटा खान धौ धौ पर्ने किसानलाई करोडको चिट्ठा परेमा सुरुमा पत्याउन सक्दैन, भरसक हृदयघात नै हुन्छ । दश थप्पड खाएर जुठोपुरो पचाएर आएको पात्रले महलका अनेक परिकार पाउँदा नक्कली संसारझैँ लाग्नथाल्छ । यहाँ प्रसङ्गले एउटा बबर नामक पात्रसित उक्त घटना जोडिन आएको छ । सुधा पनि संसारलाई बेग्लै पाउन थाली, घाँस-दाउरा गरेर भरपेट भोजन नपाउँने पात्रले विनाकर्म त्यत्रो चौरासी भोजन पाउँदा जीवन नै होइन भन्ने लागेछ । यसलाई बन्धक स्वतन्त्रता भनिन्छ । सम्पत्ति खस्कँदै छ, घरका ढोका ढल्ने स्थितिमा छन्, कर्मचारी (घरका) तलब नपाएर भाग्ने समयको पखाइमा छन्, वसुधाको औषधि गर्ने वैद्यले वसुधालाई आर्यघाट लैजाने सल्लाह दिन्छन्, पराक्रमको रेखदेख गर्ने काम विक्रमतिर सर्छ, वसुधा, बबर र सुधा आर्यघाटमा छन् । सास जानुभन्दा अगाडि वसुधाले बबरलाई भन्न चाहेको एउटा वाक्य सुधाले सुन्नुहुँदैन, एक्लै पारेर तीनपटक प्रयास गरेर भनिन्, 'तिमी मेरै कोखबाट पैदा भएका हौं....' (पृ.४९) बबरको भित्री परिचय सुधालाई थाहा नहोस्, कसले जन्माएको भन्ने कुरामा, वसुधा कसरी माता, वसुधा र सुधालाई प्राकृतिक नाता, यसमा सबैतिर भित्रीबार बनेका छन् । उपमा दिएर उनीहरूभन्दा बाँदरको स्वतन्त्रता भव्य उचाइको मानिदिए हुन्छ । वसुधाले मातृत्वको रक्षा गर्दै बबर जन्माइन् । विक्रम र पराक्रमसँग अन्न छैन । दुबै भोका छन्, विचराहरू ! उनीहरू विचरा ! भनिन मान्दैनन्, बाबुले खाउन् भन्ने छोरो, छोराले खाओस् भन्ने बाबु, यही सोचमा उपहार नछोइएकै स्थितिमा रहन्छन् ।

हामी कति कठिन चरित्रका छौँ भन्नेमा हाम्रो आख्यान चर्चा गरिरहन्छ । सँगै जीवन बिताउनेसँग निजी परिचय लुकाउनुपर्छ, त्यस्तै एकमा एक जोड्दा दुई हुन्छ तर हामी त्यसरी नजोडी सहस्रको आकाङ्क्षी बन्छौँ, एक पीडा बोक्नुपर्छ । बुढा भएका विक्रममाथि लेखकको सहानुभूति छ । पहिलेको दुःख र पीडा भोगेको पात्रलाई त्यो पूर्वकथा आनन्दको स्रोत पनि हुने छ । सबै विपन्नहरू सम्पन्न हुन चाहन्छन्, त्यसैमा पीडाको बीज हुन्छ । विक्रम र महात्मा गान्धीका विचारहरू छन्, उनले त्यो कुरा शस्त्रसित शस्त्रहीन युद्धपक्षबाट प्रकट गर्छन् । दृष्टिकोणको कुरा हो, कसैले रुचाएको वस्तु कसैलाई अप्रिय लाग्छ, बिन्तीपत्र लेख भनेर सम्झाइयो, महाराजको नजरमा विक्रमको अवस्था बोध रहोस् भन्ने विचार विक्रमसामु राखियो तर विक्रमले बिन्तीपत्र लेखेनन् । विक्रमलाई देखेर महाराजबाट धन र मान पाउनेहरूले विक्रम पाखण्डी हुन् भनी ठाने । गान्धीको 'शान्त बस, एक गालामा हानेमा अर्को गालो देऊ' भन्ने चिन्तनका विपरीत युद्ध गर्न जर्मनका विपक्षीमा युवाहरू पठाइए, यो एक विडम्बना हो, कति प्रश्न गर्दा पनि महाराजले उत्तर पाए "यो युद्ध महाराजको प्रतापले अङ्ग्रेजले जित्छ ।" महाराजको खुसी मौलायो, सहरमा जुवा खेल्न स्वतन्त्र र खुल्ला गरियो । युद्ध जर्मनले जिते उपनिवेशहरू स्वतन्त्र हुन्छन्, यो भावना उनै युद्धमा जाने युवकहरूको हो । नेपाल स्वतन्त्र भए पनि महाराज अङ्ग्रेजकै उपनिवेशमा छ । तरुणको बहस छ । भित्र एउटा मानव छ, बाहिर अर्कै मानव छ, यी दुई मानव मिलेर हामी बनेका छौँ, हामीले भित्र र बाहिरको जाँच गर्नुपर्छ, त्यसमा पनि भित्रको सन्दर्भलाई बाहिर निकाल्न मिल्दैन । हिटलरका लागि र जर्मन राष्ट्रका लागि युद्धमा मारिए, नेपाली युवकहरू अङ्ग्रेज र महाराजको लागि भन्दा पनि इमानदारीको रक्षार्थ युद्धभूमिमा जीवन बलिदान गरे । महाभारतमा कर्ण कुनै जितका लागि लडेका थिएनन्, उनी महाभारतको युद्धमा सर्वश्रेष्ठ योद्धामा गनिने कारण नै इमानदारीको युद्ध हो । महाराज भने बुख्याचाझैँ छन्, सिपाहीको वीरताले महाराजको प्रतिष्ठा उचालियो, तक्माहरू आभूषणहरू महाराजमा थपिए । सन्तति भनेकै बाले खाएको ऋण तिर्नका लागि हो; आज यो सत्य तितो हुन्छ । युद्धतिरको वर्णन एक गोरेटो, विक्रमतिर अर्को गारेटो, दुबै सबल गोरेटा छन् । पराक्रमले जबानीमा टेक्यो, अब उसले कमाइ गर्नथाल्यो, छाकसम्म टर्छ र खटाइअनुसार पारिश्रमिक कमिन्छ । छाक टरेर बचेको अन्न विक्रमले बाँडिदिने हैरानी पराक्रमले भोग्नुपर्छ । हुरीआँधीको प्रकोपमा सहर काठमाडौँ परेका रात विक्रम भोकै परे कि पराक्रमले केही ल्याएन, पाएन । त्यस कृतिमा अनेक दिनका अनेक सन्दर्भका दैनिकी छन्, भव्य चिन्तक बनाइन्छ एक राणा शासकका अनुयायीलाई सुहाउनेभन्दा ठुला दार्शनिक बनाइन्छ । आफूले लेखेको पराक्रमले पढेपछि आफूलाई थुक्ने भएका करणले उसले थुकेको पृथ्वीमाताकै मुखमा पर्ने डर पनि छ । विक्रम आफैँ नपुङ्संक भएर बहुपत्नी बिहे गर्छ, यही कुरा लेख्न हात काँपेको हो "पराक्रम तिमी मेरो औरस पुत्र होइनौ" लेख्न कलम काँप्छ । सबै

सत्य मानवले आत्मसात् गर्नसक्दैन, गृष्ममा गर्मी सत्य हो, हामी चिसोतिर भाग्छौँ । समय चित्रणातिर दैनिकी मोडिन्छ : अन्तर्जातीय विवाह गर्न पाउने विषयको छलफल चल्दै छ, अविवाहित एक पराक्रम मात्र उपस्थित छ । एक युवती परा देखिई जसको बिहेको आधा काम भएपछि युवक युद्धमा गयो । त्यही 'परा'को लागि पराक्रमले पहल गर्ला ? तरुण समूहले सिफारिस गरे, 'शरद्को जूनमा ज्यान हालेको वस्तु हो परा ।'

कृति पढिरँहदा आन्तोन चेखव पढिरहेझैँ लाग्छ, आख्यानकार विश्वेशरप्रसाद कोइराला पढिरहेझैँ लाग्छ । उनीहरूका व्यङ्ग्यपूर्ण आख्यानमा क्रमबद्ध रूपले पर्खिरहेका सरदारहरू उनको चाकरी थाप्ने कारवाला महाराजहरू उपस्थित छन्, २००१ सालतिर, अझ अगाडिको समयतिर पराक्रम युवक हुन्छ । भिखारी युवतीको विषय मूल प्रवाहमा हुन्छ । बुढो सरदार पराक्रमलाई चाकरीतिर लाग भन्छ तर पराक्रम पशुपतिनाथको मन्दिरतिर पो तानिएको स्थिति छ किनकि उसले खोजेकी भिखारी त्यतै हुने सम्भावना प्रबल छ ।

युद्धका विषयमा अङ्ग्रेजले जित्छ भन्ने सूत्र सिकाइन्छ, पराक्रम मान्दैनन् । विषय दुइटा छन् भिखारी युवती परा र विश्वयुद्धसम्बन्धी धारणा । यसलाई अहिले विपठन भन्ने गरिन्छ । हिट्लरको नाम उच्चारण गर्न निषेध भएको महाराजको राज्यमा त्यो नाम लिएका कारणले पराक्रमलाई प्रहरीले समाएको छ, त्यो समय अङ्ग्रेजको नाम मात्र लिन पाइने हो, यो कृति विपठनमा बाँचेको छ । हाकिम जेलको हाकिम हो । मन पग्लियो, पराको विषय सुनेर, बिहे गर्न ठिकठाक पारिएको युवक युद्धमा मरेको भ्रम विवरण पराले जेल हाकिमसित गरी, भेट्न दिऊँ जागिर जाने, नदिऊँ मन गलिसक्यो । त्यहाँ भित्रभित्रै द्वन्द्व भयो । झ्यालखाना बागी (विद्रोही)हरूले भरिने जो स्रेस्ता मिलाउने काम कर्मचारीकै हो, मिलाए कुनै एक युवकलाई दर्ता नगरी भित्र पठाए, पराक्रमलाई निकाले, सङ्ख्या बराबर भो । "परासितको तिम्रो संयोग विधिको असाधारण रचना" अङ्ग्रेजले युद्ध जितेको खुसीयाली छ । महाराजको हात्तीसवारको अवसर छ, एउटा खण्डहर भएको घरका भग्नावशेष देखिए । महाराजलाई बौलाहा विक्रमको घर भनी सरदारले सुनाए । सुधा त्यहाँ पुगी, घर भत्किएछ, अब इमारत ढलेर किच्दैन । "बस्ता बस्ता उसले खोजेको युवक भेटिएन त उसको त्यस व्यवसायमा उसलाई अरुचि पनि पैदा भयो ।" यो परा नामक युवतीको कथा हो ।

### ३. **निष्कर्ष** :

राणाको विगलित आर्थिक अवस्थाको यस्तै घटना नगेन्द्रराज शर्मा (१९९४)ले 'महापुरुष' मा २०२८ मा चित्रण गर्छन् । सत्य कुरा लुकाएर इज्जत जोगाउने समाजलाई उपहास गर्न विक्रमको दैनिकी राजेश्वर देवकोटाको कलमबाट लेखिएको छ । उनका पात्र विक्रम पाण्डुझैँ लाग्छन् । महाभारतको पाण्डुका सन्तान नहुने भएपछि हस्तिनापुरको रक्षार्थ

धर्मराजबाट युधिष्ठिर, वायुबाट भीम, इन्द्रबाट अर्जुन, अश्वीनीकुमारबाट नकुल र सहदेव जन्माइएको विषय मिथकमा आउँछ । यहाँ नेपाल राज्य हाम्रो देश, राणाशासनमा महाराज (श्री ३ हरू) र सरदारहरू प्रत्यक्ष छन् । दोस्रो विश्वयुद्धमा युवकहरू पठाइए, वीरताको लागि भिडेका मध्ये प्रायः हिटलरको जय गान गर्छन् । जर्मनले जितोस् भन्ने कामना छ तर बोल्नुहुँदैन । एक युवती पराको वागदानपछि उनको युवक धावामा जानुपर्छ, लङ्गडो भएर फर्किएकोसम्म पुग्दा कथा सकिन्छ । महाराजको विषय पक्ष भने अङ्ग्रेजले युद्ध जित्नुपर्छ, सबै युवकले भनुनु, नभन्ने कोही भए पक्राउ पर्छ । पक्राउ पर्ने पराक्रम सुधाको छोरो, सुधा हरेम (महाराजले राखेका महिलाहरूको ससानो दरबार) जे काम पर्छ बोलाइन्छन्'की एक महिलाले अवैध बालिका जन्माइन् । सिपाहीले पाले, युवती भएपछि विक्रमकी कान्छी पत्नी बनिन् र उनले पनि आँखा चिम्म गरेर घरमै पालेको जेठी बसुधाको धर्मपुत्र बबरबाट पराक्रम नामक बालक पाइन् । सुधा र आमा भेट भएछन् । वसुधाले गलित अवस्थामा बबरलाई गोप्य मन्त्रण गरिन्, “तिमी मेरै गर्भबाट जन्म लिएका हौ ।” तर वीर्यदान गर्ने धर्मराज चिनिएका छैनन्, वसुधाले विक्रम (पति) नपुङ्सक भएको बुझेर बालकलाई अनाथालयमा बुझाइन्, ठुलो भएपछि त्यसैलाई धर्मपुत्र बनाइन् । त्यही धर्मपुत्र जवान छ, ऊ सुधा आमाकी सौतासित खेल्छ र पराक्रम जन्माइन्छ तर विक्रम यो सबै जानेर पनि पाठपूजा गरेकै शैलीमा दैनिकी लेख्छन् । आफ्ना वंश, जारपुत्रहरूलाई धन-सम्पत्ति हुँदासम्म पाल्छन् । धनबल सकिँदै जाँदा भत्किएको दरबारको खण्डहरमा जारपिताको सालिक बगैँचा बबरले पाउने छन् । विक्रमका यी सत्यतथ्य घटना जीवित हुँदा प्रकाश नगर्ने सर्त थियो उनी मरेपछि प्रकटमा आयो भने उनलाई पाण्डु भनिदिए हुन्छ ।

सालिकका अक्षरले विक्रमको त्यागको इतिहास बोल्छन्, सालिक बनाउँदा महाराजका लट्ठकले बबरलाई कुट्छन् किनकि विक्रमलाई बागी ठानिएको छ । महाराज बुख्याँचाको शक्तिभैँ बन्दै छन् चराले यथार्थ मानव होइन भन्ने बुझेपछि बुख्याचाको मन डराउँछ, धाक भने बढिरहेछ, निभ्ने बेलाको बत्तीभैँ, बबरको भूमिका महामानव गान्धीको जस्तै छ । फूलबारी, जारपिताका नाममा बनाउनै लागेको बगैँचा र सालिक भत्काउनेलाई माफी छ । बबरको महानताले बैरीहरू हार्छन् । दृष्टिकोण फरक भएपछि सभ्य भनाउँदाले खिसी गर्ने बबर सत्य टेक्नेको हाइहाइ हुन्छ, जारबुबाको सालिक आफ्नै महल खण्डहर भएका ठाउँमा बनाइँदै छ, बुढी दिदी हरेमबाट भाग्दै छोरी खोज्दै जान्छिन्, सुधा आमा खोज्दै जान्छिन्, सालिक निर्माणस्थलमा भेट हुन्छन् । सत्य हुलिया लुकाइएका परा (भिखारी केटी), युद्धबाट लङ्गडो भएर आएको युवक (वाग्दान पाइसकेको) र पराक्रम त्यहीँ भेट हुन्छन् । 'परा'ले नै जेलबाट पराक्रमलाई छुटाई, त्यसैले परा दुबै युवक लङ्गडो र पराक्रमलाई पति बनाउन राजी हुन्छे । पराक्रमकी आमा सुधाले सुरुमा नमानेकी हुन् तर पराक्रमले अरू नारी

अब पत्नी नबनाउने भएपछि नैतिकताले हार्छ र वंश कायम गर्न सुधाले अनुमति दिइन् । सत्य त बलियो रहेछ, प्रकृतिले सत्य अँगाल्छ नीति नियम मान्दैन । द्वापर युगमा ' माधवी'का पुत्रहरू बसुमना, प्रतर्दन, उशीनर शिवि र अष्टक अवैध छैनन् । महाभारतका घृतराष्ट्र र पाण्डु अवैध थिएनन्, सत्यताको वकालत यही हो । 'महाभारत'को युद्धपछि कति नारीहरू अलपत्र भए, कोही ज्यामी भए, कोही गणिका वृत्ति गर्नलागे किनकि उनका पुरुषहरू मारिए। विश्वेश्वरप्रसाद कोइरालाले ' मोदी आइन्' उपन्यासमा मोदी बुढीका मुखबाट झारेको वर्णन हो, यहाँ देवकोटाबाट रचित रोजनामचामा विक्रमको इतिहासले दोस्रो विश्वयुद्धबाट त्यही अवस्था इङ्गित गरेको छ। पात्रको खोजाखोज छ, पराक्रमले परालाई नजिकबाट देखेको होइन, भेट भएमा चिन्न मुस्किल छ, भेट पनि हुन्छ। माधवी उपन्यासमा मदनमणि दीक्षितले त्यस्तै स्थितिमा गालव र माधवीलाई झुलाएका छन् । हामी खोजीमा छौँ, सत्यको खोजीमा गलत बाटो हिँडेर जाँदै छौँ । सुधाले आमाको पाठ खेलिन् । छोराको 'परा'सित बिहे गराएर वंशको रक्षा गर्ने मन भयो, अर्को पति भएकी पराका दुई पति भए । बबर बाबु अर्थात् कर्मपिता, विक्रम धर्मपिता, किनकि विक्रमले जानाजान अवैध सन्तानमाथि असीम मोह राखे । अङ्ग्रेजको लागि युद्ध लडिदिने युवक अझै महान् छ, परालाई असल पति खोजेर बिहे गर भनिरहन्छ तर पराले दुई पतिमा विश्वास गरी । अनेक तक्मा थाप्ने सौभाग्य महाराजलाई छ किनकि उनकै प्रतापले युद्ध जितिएको विश्वास हो तर भित्र थरथर हुँदै बागीहरूका अगाडि महाराजको हुङ्कार जेतमा छ। सत्ताको स्वाद चाखेका महाराजलाई भित्रसम्म पसेर मात्र परीक्षण गर्नसकिन्छ। त्यागमा विजय देखिन्छ, लोभमा पराजय भोगिन्छ, यो ध्रुपसत्य घटना नूतन छ, सधैँ नूतन नै रहन्छ । युग बिते पनि पुरानो हुँदैन । देवकोटाका उपन्यासमा भित्री द्वन्द्वको पठन गतिलो हुन्छ, मनभित्र हुने द्वन्द्वलाई सजीव रूपमा उतार्ने प्रतिभा देखिन्छ। 'आवर्तन' एक सुन्दरीको प्रसङ्गगमा लेखिएको उपन्यासले कलाकार, डाक्टर, समाजवादी मिलेर सुन्दरीका लागि सहर बनाएको देखाउँछ। आदर्शवादी प्रेमी पनि कटेरो बनाएर पारितिर बस्छ । भौतिकवादीहरूले ठुला महल बनाए, सहर कुरूप बनाए, प्राकृतिक रूपका विरोधी जेजस्ता अन्याय हुँदै छन् । प्रकृति रिसाएको घटनाले मन छुन्छ । सुन्दरी त सबैलाई सहयोग गर्ने र माया गर्ने धरती पो हुन् । समालोचकहरूले उक्त कृतिलाई प्रकृति र मनुष्य जीवनका बिचको अन्तर्सम्बन्धको सूक्ष्म पठन मानेका छन् । उनको 'उत्सर्ग प्रेम' (२०४४) क्षमता परीक्षणको घरातल हो, खजनामा नोटका बिटा छन्  मगन्तेहरूले बुझे आफूसँग जति क्षमता छ त्यसैमा टेक्नुपर्छ, खजनाभित्र जुर्मुराएर प्रवेश गर्नेहरूले सहसा साहस गर्नसकेनन्, मनभित्र द्वन्द्व सिर्जना भयो। उनको अर्को उपन्यास 'द्वन्द्वको अवसान' ससानो कृतिमा महाभारतको सम्पूर्ण घटना अटाइएको छ । वीरकर्णका पक्षबाट सिर्जना गरिएको उक्त कृतिमा कृष्णले आफूलाई माथ्लो

तहमा राख्ने र अरू पात्रलाई आफ्नो अधीनमा राख्ने कूटनीति अँगाल्दा कौरवबाट कर्णलाई पाण्डवतिर तान्ने बल गरिँदाका प्रसङ्गहरू ‘द्वन्द्वको अवसान’मा समाविष्ट छन् । यसमा समाजले सचेत हुने मन्त्रणा गरिएको छ। कर्ण र अर्जुनको भिडन्तमा अर्जुनको टाउको कर्णको वाणबाट जोगाउन कृष्णले रथका घोडालाई एक बित्ता थिचिदिए। यही हो देवताझैँ देखिने ठुलाहरूको चरित्र, यसैसँग सावधान रहन सूक्तिमय सन्देश उपन्यासमा सम्प्रेषण गरिएको छ। सत्यको जितहारमा उपन्यासहरू लेखिदिने राजेश्वर देवकोटाप्रति सलाम गर्दै आत्माको चिरशान्तिको कामना गरिएको छ।

देवकोटाको लेखनमा द्वन्द्वको विश्लेषण क्षमता प्रबल छ, पात्रका मनको द्वन्द्व नै खास द्वन्द्व हो, पराको बिन्ती सुनेर पराक्रमसँग भेट गराउन जेलहाकिम चाहन्छन्, भेट गर्न दिँदा जागिर मात्र होइन ज्यान जाने डर, भेट्न नदिँदा अबलाको विलापले गलेको मन, कति गहिरो तानातान देखिने मनस्थिति छ।

*सम्पर्क : ९८४२० ६७८०५*

## ❑ तीन मुक्तक



❖ ज्ञानुवाकर पौडेल

(१)

नआए’नि मेरो जिन्दगीमा बहार के फरक पर्ला र !
साथ  छोड्दैमा तिमीले  ए यार के फरक पर्ला र !!
रहने हो भने सन्तुष्ट आफ्नै इमानको कमाईमा-
नलिए पनि  घुस दुई-चार हजार के फरक पर्ला र !!

(२)

निन्दकहरू  आफू विरूद्ध जुट्दा पनि कहिल्यै दुःखी भइँन,
आफ्नाहरूले नै आफूलाई लुट्दा पनि कहिल्यै दुःखी भइँन;
आफ्ना पीडाहरू त अब साथी जस्तै भइसक्यो  मेरा लागि-
प्रेयसीसँगको लामो साथ छुट्दा पनि कहिल्यै दुःखी भइँन।

( ३)

तिमी मुस्कुराएर के गर्नु तिम्रो अभिमान पनि झुके पो,
हाम्रा यी नयन जुधेर के गर्नु  हाम्रा मन पनि  जुधे  पो;
देखिदनँ ठाउँ कतै तिमी बाहेक यो मनको बोझ बिसाउने -
कति व्यग्र छु म अचेल तिमीलाई भेट्न तिमीले बुझे पो।

*वेन्टवर्थ भिल. सिडनी, अष्ट्रेलिया*



# ‘जोडीका कविता’ सङ्ग्रह : नेपाली कवितामा नवीन शैलीको प्रारम्भ

❖ देवकी आचार्य (PhD)

नेपाली साहित्यका आकाशमा एक नवीन र नौलो आयाम छोड्न सफल कवितासङ्ग्रहको रूपमा‘ जोडीका कविता’ रहेको छ। साहित्यभित्रको सरलता, सहजता, सरसता, सामञ्जस्यता, सौन्दर्य, संयमितता, मानवीय मनभित्रका सानिन्ध्यता, सहनशीलता, समय सापेक्षता, सशक्त, शक्तिशाली भावबाट सिर्जना गरिएका दुबै कविवर दिना सुवेदी र तारक धितालका कविताहरूले नेपाली साहित्यको जगत्‌मा नयाँ आयाम निर्माण गर्न सफल भएका छन्।

प्रगतिवाद, आशा र निराशाको सङ्गम, विकृत र विसङ्गत बन्दै गएको समाजप्रति व्यग्य, विकृति र विसङ्गतिप्रति तिखो प्रहार, वर्तमान राजनीति र राजनीतिज्ञका चरित्रहरू विकृत बन्दै गएको परिदृश्य, स्पष्ट तर घुमाउरा प्रहार, सबैजसो कवितामा कतै आशातित् हुनखोजे पनि निराशाको जालोले घप्लक्क छोपेका कविता रचना गरेर पस्कन कवि तारक धिताल सिपालु देखिएका छन्। यता कोमल हृदयबाट सरल, सुस्पष्ट, सरस, प्रेमिल, प्रकृतिका विभिन्न छ्टालाई मिश्रण गर्दै सहनशील स्वभावका साथ आशा र निराशालाई पनि सँगै लिएर नेपाली नारीजीवनका यथार्थ कथाव्यथालाई साहित्यको एक विधा कवितामा संरचनात्मक हिसाबले छोटा तर भावका अर्थमा व्यापकरूपमा प्रस्तुत गर्न कवि दिना सुवेदीका कविता सशक्त रहेको देखिन्छ।

मैले मेरो जीवनमा हजारौँ साहित्यका कृतिहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय साहित्यका रचनाहरू पढैं तर हालसम्म पनि छुट्टै विशेषता बोकेको यो आयामको कवितासङ्ग्रह प्राप्त गर्ननसकेको महसुस गरेको छु। मान्छेको जीवनमा उत्सव मनाउने धेरै तरिकाहरूमध्ये वैवाहिक वर्षगाँठको ३० औं वसन्तको मालाको रूपमा कविद्वयले ३०/३० वटा कवितालाई एउटै मालामा गाँसेर एकाकार रूपमा यो ‘जोडीका कविता’ पहिरिनु मात्र भएन साहित्यजगत्‌मा एउटा नयाँ आयाम छोडन सफल भएका छन्। एकापट्टिबाट सुल्टो गरी हेर्दा कवि सुवेदीका मार्मिक, मनमोहक, प्रेमिल, शृङ्गारिक भाव, नारीजीवनका यथार्थ अनुभूतिका आशातित कविता भेटिन्छ भने अर्कोपट्टिबाट फर्काएर सुल्टो गरी हेर्दा कवि धितालका क्रान्तिकारी सोच, प्रगतिवाद, सामाजिक यथार्थवाद, समाजको विकृतिको

खरो विरोध, निर्धक्कसँग असल र खराबको पहिचान गर्ने, सुस्पष्ट नेतृत्व चयन गर्ने, सामाजिक विकृतिको अन्त्यको आक्रोश व्यक्त गरिएका कविताहरू रहेका छन् ।

उहाँहरूको भाषालाई सापटी लिँदै भन्दा, जीवनका कुनै मोडमा उट्पट्याङ गर्दै नेपाली साहित्यमा नयाँ आयाममा एउटा इँटा थप्नुभएकोमा बधाई व्यक्त गर्दै उट्पट्याङकै भाषामा तालिकामा उहाँहरूको कविताको छोटो विश्लेषण गर्ने जमर्को गरेकी छु । उहाँहरूका कविताहरू र कविताका विशेषता निम्नानुसार रहेका छन् ः

| कवि दिना सुवेदीका कविता | | | कवि तारक धितालका कविता | | |
|---|---|---|---|---|---|
| क्र. सं. | कविताको शीर्षक | विशेषता | क्र. सं. | कविताको शीर्षक | विशेषता |
| १. | म खै | नेपाली समाजमा नारीहरूलाई दिने उपमा र उनीहरूको समय/समयमा आउने भावनालाई समेटेर छोटो सारमा धेरै भन्न खोजिएको कविता, सरल, सरस र सुस्पष्ट देखिन्छ। सोच विचार, परिस्थितिले सिर्जित स्वभावलाई कवितात्मक शैलीमा मिठासपूर्ण ढंगबाट यो कविता प्रस्तुत गरिएको छ। | १. | आकाश | समसायिकता, प्रकृतिका विभिन्न मनमोहक दृश्यलाई मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको कविता, प्रकृतिसँग जीवनजगत्‌लाई पनि तुलना गरिएको भावनात्मक अभिव्यक्तिले सुसज्जित कविता, |
| २. | रङ्गविहीन तस्बिर | कोमल, हृदयस्पर्शी, सरल र सरस मिठासयुक्त भावमा भरिएको प्रेमिल काव्यात्मकता बोकेको कविता। | २. | ऐना | प्रतिविम्बले भरिएको वास्तविकता भित्रको कविता, आत्माले कहिल्यै पनि झुट बोल्न नसक्ने भाव उद्धृत गरिएको कविता। |
| ३. | भ्रम र बोध | बुद्धि र विवेक, किताबी ज्ञान र आत्मबोध, धन र औकात, आँशु र कठोरता, दोष र निर्दोषलगायतका शब्द चयनबाट भ्रम र बोधलाई कवितात्मक शैली प्रदान गरिएको मार्मिक र ज्ञानबर्धक कविता। | ३. | जुवाडे-हरू | वर्तमान समयमा नेतृत्वलाई जुवाडेको संज्ञा दिएर लेखिएको, बेजोड व्यग्यभावले प्रस्तुत गरिएको कविता।<br>देशभक्तिले ओतप्रोत भएको भाव लिएर कविता लेख्नबस्दा मानसपटलमा विकृति प्रवृत्तिप्रति तिखो प्रहार गर्दै देश पल पल हारेको मर्मस्पर्शी दृष्य प्रस्तुत गरिएको कविता।<br>जुवाडेको खालमा देशलाई च्याखे थापिएको यथार्थ चित्रण। |
| ४. | मभित्रै तिमी | यस कवितामा ३० वर्षको वैवाहिक जीवनमा जोडिबिचको एकअर्कामा समर्पित भावनालाई सरल र सुबोध्य भाषामा प्रस्तुत यस कवितामा एकअर्काबिचको आशा र भरोसालाई प्रस्तुत गरिएको छ। | ४. | अचेल | आशा सँगालेर हाँस्ने साहस बटुल्दा पनि निराशाको बादलले घेरेर विकृत बनाएको अवस्थाप्रति प्रहार गरिएको कविता।<br>प्रकृतिसँग मानव जीवनको तिक्तता पोखिएको कविता। |

| कवि दिना सुवेदीका कविता | | | कवि तारक धितालका कविता | | |
|---|---|---|---|---|---|
| क्र. सं. | कविताको शीर्षक | विशेषता | क्र. सं. | कविताको शीर्षक | विशेषता |
| ५. | तिमी छौ र त म छु | प्रेमिल कवितात्मकतामा सलल बगेको यस कवितामा प्रेमभावनाको सुगन्ध, नजरिया, विश्वास, स्पर्शको सटिक प्रस्तुति बेजोड रहेको कविता। | ५. | जिउँदाका मलामी-हरू | मर्दाका मलामी त जो पनि हुन्थे जिउँदाका मलामी सायदै यस्तो भावमा लेखिएको यो पहिलो कविता हुनुपर्छजस्तो लाग्छ । बाहिरी देखावटी मित्रतालाई भित्री करौँतीले रेटी रेटी उठ्ननदिने स्वार्थको लिप्सा र शक्तिको आडमा उन्मत्त भएकाहरूको बिचमा उभिएको कविको विरक्त भावना यस कवितामा प्रस्तुत भएको छ। |
| ६. | बाँच्न बिर्सेकाहरू | जीवन जिउने नाममा साँचो अर्थमा जीवन जिउन नसक्नेहरूको भिडमा मान्छे हराइरहेको मार्मिक मानव जीवनको यथार्थको प्रस्तुति, रहरलाई एकातिर मारेर मरेतृल्य जीवन जिउन विवश जीवनहरूप्रति यो कविता समर्पित रहेको देखिन्छ। | ६. | कुरिरहको छु | सामाजिक यथार्थलाई घण्टाघरको समयको पदचापसँगै दाँज्दै विकृत र विसङ्गत परिवेशको बेजोड प्रस्तुति गरिएको कविता।<br>काठमाडौँ खाल्टोको विगत र वर्तमानको साक्षीका रूपमा ठिङ्ग उभिएको घण्टाघर विरक्त भएर सुधारको प्रतीक्षामा उभिएको अभिव्यक्ति यस काविताामा रहेको छ। |
| ७. | साथ | प्रेमभावले ओतप्रोत भएको एकअर्काप्रति समर्पित कविताको रूपमा रहेको छ । यस कविताले वैवाहिक जीवनको कथाव्यथामा एकअर्काको साथ र सहयोग, सहारा र भरोसालाई प्रस्तुत गरेको छ। | ७. | कोट्याउने बानी | यस कवितामा नेपाली समाजका मानिसहरूको विकृत स्वभाव, जुनसुकै कुरामा पनि कोट्याएर नङ्ग्याउने प्रवृत्तिसँग व्यग्य प्रहार गरिएको छ। |
| ८. | एक्लो ध्रुव म | एक्लो ध्रुवले झैँ परिवारमा अन्तिमसम्म पनि उज्यालो छर्नसक्ने साहस लिएका नारीहरूको गहन र मर्मस्पर्शी भावना समेटेर लेखिएको कविता हो। यस कवितामा महिलाहरू वैवाहिक बन्धनको सम्बन्धसँग अर्काको घर र संसारमा कसरी विलिन भएर सो घरलाई उज्यालो छरिरहनसक्ने साहस लिन्छन् भन्ने अभिव्यक्ति रहेको छ। | ८. | खुकुरी र दाप | यो कविता वर्तमान राजनीतिक परि दृश्यभित्र चोटिलो व्यङ्ग्य प्रहार गरिएको निराशाले भरिएको छ।<br>कसैको भरोसा र आशाविहीन लज्जास्पद राजनीतिक परिवेशको प्रस्तुति यहाँ गरिएको छ। |
| ९. | मर्नकै लागि बाँच्नुपर्ने | मानव जीवनको यथार्थ चित्रण र वास्तविकता प्रस्तुत गरिएको कविता, यो कविता पढ्दै गर्दा कतै अधुरो भयो कि भन्ने आभास मिलेको छ। अझ पूर्णता कतै लुकेको हो कि भन्ने पनि लाग्छ। | ९. | हाम्रो नेपालमा | अत्यन्तै छोटो तर झिनो कथानकभित्र विशालताले भरिएको, देशको विकृत रूपको प्रस्तुति यस कवितामा देखिन्छ। अलि अलि बाँकी रहेको आशा पनि पूरै निराश भएको अभिव्यक्ति पनि उतिक्कै सशक्त छ। |

| कवि दिना सुवेदीका कविता | | | कवि तारक धितालका कविता | | |
|---|---|---|---|---|---|
| क्र. सं. | कविताको शीर्षक | विशेषता | क्र. सं. | कविताको शीर्षक | विशेषता |
| १०. | झरी | प्रकृति र मानव जीवनबिचको आत्मीयतालाई अति सरल र सरस ढङ्गबाट प्रस्तुत गरिएको कविता, यहाँ मानवीय मूर्खता, क्रोध र अहङ्कारप्रति प्रहार गरिएको छ। | १०. | विज्ञापनको दुनियाँ | राम्रो, नराम्रो जस्तो भए पनि सहन विवश भएको जीवनीलाई विज्ञापनसँग दाँजेजस्तो देखिएको यस कवितामा मानवीय संवेदना पनि विज्ञापनसँग बिक्री हुनथालेको दुःखद परिदृश्यको प्रस्तुति रहेको छ। |
| ११. | रित्तो आकाश | रिक्तताभित्रको परिपूर्णतालाई यस कविताले असाध्यै विशाल ढङ्गबाट प्रस्तुत गरेको छ । यस कवितालाई जसरी विश्लेषण गर्न पनि सकिन्छ । मानवीय विशाल भावना र चाहना अनि इच्छालाई पोख्न यो संसार काफी भएको अनुभूति यस कवितामा देखिएको छ। | ११. | अदृश्य चित्त | मानवीय मन र भावना अदृश्य छ तर पनि चित्त आफ्नै पारामा दुख्छ, घाइते चित्तले न त औषधि न त उपचार पाएको अवस्थाको मार्मिक प्रस्तुति।<br>मानव भावनाभित्रको उकुसमुकुस सोच, वर्तमानको अवस्थाबाट विछिप्त मनबाट निस्किएका अन्तरमनका कुण्ठा यस कवितामा प्रस्तुत गरिएको छ। |
| १२. | विवशता | सांसारिक यथार्थ, दुःखमा मान्छेको जमात कता जान्छ जान्छ, सुखमा सबै वरपर बनिदिने, पीडा साट्ने कोही नहुँदा विछिप्त बनेको मनका निराशा पोखिएको भावना यस कवितामा पाइन्छ। | १२. | झमझम दर्कने पानी | यस कवितामा विगत केही वर्षदेखि चल्दै आएको राजनीतिक अवस्थाको विकृतिप्रति व्यंग्य प्रहार गर्न प्रकृतिलाई उजागर गरिएको छ। |
| १३. | भगवान् नबनाऊ मलाई | घरभित्र मात्र सीमित बनाइएकी नारीलाई कुनै उपमाले पनि काम नगर्ने र स्वतन्त्र गगनमा उड्न चाहने भावना यस कवितामा देखिन्छ। कविले यस कवितालाई जसरी अर्थ्याउँदा पनि फरक नपर्ने गरी प्रस्तुत गरिएको छ। | १३. | राजनीति | यस कवितामा राजनीतिभित्रको लाजनीतिलाई कवितात्मक शैलीमा निराशाको भुङ्ग्रोमा पिल्सिएका जनताका पिरमर्का प्रस्तुत गरिएको छ। |
| १४. | द्रष्टा | अस्पष्ट तर मिठो प्रेमिल अभिव्यक्ति भएको कविता। | १४. | चित्तको चेत | सामाजिक यथार्थको पर्दाफास गर्दै वर्तमान विकृति र विसङ्गतिप्रति प्रहार गरिएको कविता। नकारात्मकताले ढाकेको खोलभित्र आशा र भरोसा अब गर्नसकिने वास्तविक यथार्थ यस कवितामा प्रस्तुत भएको देखिन्छ। |
| १५. | तिमी | प्रेम वासनाले एकअर्कामा समर्पित कविता । आफूभित्रका पीडालाई लुकाएर अरूमाझ मुस्कान छर्ने प्रेमिल अभिव्यक्तिले सुसज्जित कविता। | १५. | सतर्कता | जनताले विगतमा धेरै नेतृत्व चयन गरिसके तर अब कस्तो नेतृत्व चयन गर्ने भन्ने विषयमा सर्तकता अपनाउने दिन आएको शंङ्खघोष गरिएको कविता। |

| कवि दिना सुवेदीका कविता | | | कवि तारक धितालका कविता | | |
|---|---|---|---|---|---|
| क्र. सं. | कविताको शीर्षक | विशेषता | क्र. सं. | कविताको शीर्षक | विशेषता |
| १६. | सम्बन्ध कागजको | वैवाहिक सम्बन्ध वास्तवमा कागजमा एउटा कलमले हस्ताक्षर गरिदिँदा सबै सकिन्छ तर मिल्दा यो सम्बन्ध कसैले टुटाउन र छुटाउन नसक्ने अत्यन्त प्रगाढ सम्बन्धको रूपमा रहन्छ भन्ने यथार्थको प्रस्तुति सरल, सुमधुर र सरस भाषाशैलीमा प्रस्तुत गरिएको कविता। | १६. | बिचरो र छिचरो | नेपाली जनता र नेपाली नेतृत्वको वास्तविक यथार्थ प्रस्तुत गर्दै विकृत अवस्थाप्रति व्यग्य प्रहार गरिएको कविता, |
| १७. | उमेर सँग-सँगै | समयको पदचापले फेरिएका सोचहरू, निराशा र आशाका बिच घुलमिल जीवनको यथार्थ प्रस्तुत गरिएको कविता। | १७. | सद्बुद्धि | 'स' अक्षरबाट बनेका ५८ वटा शब्दलाई कहीं कतै नदोहोऱ्याइ अन्त्यतै शब्दको सुसज्जित कवितात्मक शैली समातेर वर्तमान राजनीतिप्रति प्रहार गरिएको बेजोड कविता। अत्यन्तै सुन्दर र नयाँ इतिहास रच्ने सपना देखेको कविता। |
| १८. | पागल प्रेमी | प्रेमिल भावले भरिएको शृङ्गारिक भावमा रचिएको मनमोहक, एकअर्कामा आकर्षित र समर्पित भएको कविता। | १८. | उज्यालो | अँध्यारोले पच्छ्याउने उज्यालोलाई वर्तमानमा उज्यालो हराउँदै गएको र निराशा फैलँदै गएको अवस्थालाई मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको आशा र निराशा दुबैको समिश्रण भएको कविता। |
| १९. | मेरो मुन्छे | प्रेमभित्रको अदृश्य मायाको पोकोलाई फुकाएर छताछुल्ल माया, स्नेह, प्रेम, एकअर्काको भावनालाई सहजै बुझिदिने जोडीको भावना समेटिएको अत्यन्तै सुन्दर र भावुक कविता। | १९. | अग्रगमन कि अस्थिरता | 'अ' अक्षरबाट नै बनेका ७५ वटा शब्दको सुसज्जित कवितात्मक स्वरूप प्रदान गरिएको यस कवितामा वर्तमानको समयसापेक्ष परिवेशको विशाक्त प्रस्तुति रहेको छ। अग्रगमनको नाममा कतै अस्थिरताको बादल मडारिएको हो कि भन्ने आभाष यस कवितामा मिल्छ। शब्दजालमा निर्मित कविता भए पनि यसरी एउटै अक्षरबाट निर्मित शब्दजालमा जेलिएका कविता सायद छैनन् होला। |
| २०. | आफैँलाई बुझ्न | हामी नारीहरूले आफूले आफैँलाई बुझ्न र चिन्न नसकेको, विभिन्न परिस्थिति, बाध्यताले आफैँलाई हराएको तर पनि आफूलाई बुझ्न खोजिएको आशातित कविता। | २०. | गर्व केमा | हामी अहिले के कुरामा गर्व गर्ने, आफूले गरेको जस्तो भए पनि ठिक अर्काले गरेको जस्तो भए पनि बेठिक, कुन कुरामा अब जनताले गर्व गर्ने भन्ने परिदृश्य नै नदेखिएको धुमिल अवस्थाको चित्रण गरिएको कविता। |

| कवि दिना सुवेदीका कविता | | | कवि तारक धितालका कविता | | |
|---|---|---|---|---|---|
| क्र. सं. | कविताको शीर्षक | विशेषता | क्र. सं. | कविताको शीर्षक | विशेषता |
| २१. | रहर | घरभित्रका अदृश्य दृश्यहरूमा मञ्चन गरिएको नारी जीवनका यथार्थ अभिव्यक्तिले भरिएको यस कवितामा पखेटा काटेर अनि खुट्टा बाँधेर उड्न र हिँड्न बाध्य पार्ने हाम्रो समाजमा नारीका रहर विलीन भएको छोटो, सटिक र भावपूर्ण अभिव्यक्तिले भरिएको सुन्दर कविताको रूपमा रहर कविता प्रस्तुत गरिएको छ। | २१. | झुटको बहार | अत्यन्त झिनो कथनभित्र विशालता अटेको यस कवितामा झुटैझुटको खेती गर्नेहरूको मौलाएको खेतीप्रति मिठो व्यङ्ग्य प्रहार गरिएको कविता। |
| २२. | मान्छे | सक्दिन देख्न भन्छिन् आमा सन्तान थरी थरीका भन्ने देवकोटोका अभिव्यक्तिसँग मेल खाने कविता जसले समाजमा रहेका विभिन्न थरीका मान्छेको जीवनको व्यवहार र सोचलाई प्रस्तुत गर्नखोजिएको छ। | २२ | गणतन्त्र | वर्तमानको गणतन्त्रले अतिवाद मौलाएकोप्रति खेद प्रकट गरिएको कविता। जबरजस्त आशा मौलाउन खोजे पनि निराशाले शङ्खघोष गरिहालेको अवस्था यस कवितामा देखिन्छ। |
| २३. | चाहियो | अझै केही थप हरफहरूले पूर्णता दिन्छ कि भनी छोडिएकोजस्तो लागेको कविता हो। यस कवितामा विशाल चाहनाहरू बाँडेर निर्लज्ज बन्दै गएको राजनीतिक परिवेशप्रति अझै पनि झिनो आशा बाँचेकोजस्तो देखिने तर निराशाको कालो बादलले छेकिसकेको हो कि भन्ने आशयको कविता। | २३ | भागबण्डा महात्म्य | नेता, नेतृत्त, जनता, विकास, भ्रष्टाचार सबै सबैमा भागबण्डाले लुछालुछ गरेर देशलाई कप्लक्क निल्नखोजिएको यथार्थप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको कविता। |
| २४. | मेरो देश | देशभक्तिको भावनाले ओतप्रोत भएर विकृत राष्ट्रिय नेतृत्वप्रति तिखो प्रहार गरिएको कविता। आशाभित्र निकै कुण्ठा र निराशाले घेरेको यथार्थ अभिव्यक्तिले भरएको कविता। | २४. | अप्रिलफुल | झुटको खेती मौलाउँदै हरदिन, हरपल झुट बोल्नेहरूबिचमा कसरी सही र सत्य थाहा पाउने भन्ने भ्रममा बाँच्नुपरेको हुँदा अप्रिलफुल नै किन चाहियो भन्ने तितो र तिखो अभिव्यक्ति। |
| २५. | मन छ | एकअर्काबिचको प्रेमिल भावले लेखिएको सुन्दर प्रेमको प्रस्तुति रहेको छोटो कविता। | २५. | लुगा | लुगाले लाज छोप्छ तर लाजले लुगालाई नछोप्ने वर्तमानको लाजनीतिमाथिको प्रतिकात्मक अभिव्यक्ति पोखिएको कविता। |
| २६. | प्रेरणा | आदर्श नारी जीवनको कोमल, प्रेमिल शालीनता प्रस्तुत गरिएको सरल र सरस कविता। | २६. | बिचर ोसंविधान | संविधानको मर्म र भावनालाई चिथोरी चिथोरी संरक्षण गर्छु भनी बाहिर भन्नेहरूप्रति व्यङ्ग्य प्रहार यस कवितामा गरिएको छ। |

| कवि दिना सुवेदीका कविता | | | कवि तारक धितालका कविता | | |
|---|---|---|---|---|---|
| क्र. सं. | कविताको शीर्षक | विशेषता | क्र. सं. | कविताको शीर्षक | विशेषता |
| २७. | हाकिम | पेसागत जीवनमा भोगिएका हाकिमीपनको व्यवहारभित्रको विविधतालाई समेटेर प्रस्तुत गरिएको समसामयिक कविता। | २७. | म घण्टाघर | आशातित भावमा फेरि निराशाको जालो लागेको यथार्थ अभिव्यक्तिभित्र आशाको झिनो भरोसा पर्खिरहेको अवस्थाको चित्रण गरी राजनीति सुध्रनु उपयुक्त हुने अभिव्यक्ति यस कवितामा प्रस्तुत गरिएको छ। |
| २८. | जीउन | भावनाभित्र उकुसमुकुस भएका जीवनसङ्घर्षका अभिव्यक्तिलाई सरल भाषामा यथार्थ चित्रण गरिएको कविता। | २८. | के भा'को | घमण्ड र अहमूले निर्लज्ज छोपेको अनुहारको पर्दाफास, स्वार्थले ग्रसित मानसिकता र अहमले कुरूप बनाएको पहिचानप्रतिको व्यग्य प्रहार यस कवितामा पाइन्छ। |
| २९. | पहिचान | सामाजिक संस्कार, बन्धन र घरभित्रको विभिन्न परिधिभित्र निसास्सिएको नारी जीवनको यथार्थ प्रस्तुति गरिएको कविता हो। घर, परिवार र सन्तानका निम्ति मरिमेट्दा पनि पछिल्लो मर्यादाक्रममा पर्ने नारीहरूको जीवनको भोगाइको सामाजिक र सांस्कृतिक यथार्थता यस कवितामा प्रस्तुत भएको देखिन्छ। | २९. | ट्रेलर | समय फेरिए पनि सोच र पात्र नफेरिएको, संस्कार र व्यवहार नफेरिएको नेपालको वर्तमान अवस्थाप्रति ट्रेलर शब्दमा कवितात्मकता प्रदान गर्न सफल कविताको रूपमा यसलाई लिनसकिन्छ। |
| ३०. | विकास | विगत र वर्तमानको सहरको तुलना गर्दै यहाँको विकासका नाममा भएका विकृतिप्रति र धुमिल सहरको यथार्थ जीवनीसँग गाँसिएको कविता। | ३०. | भुलिन्न | निराशावादी होइन भनेर कविले भने पनि आशा कतै नदेखिएको कविता। विकृत समाज, निर्लजताले कुरूप बनाएको यथार्थ लाजनीतिप्रति व्यङ्ग्य प्रहार गरिएको कविता, आफूमा आफैं अडिक, दृढनिश्चयी र सत्यको आडमा उभिन तयार योद्धाको कविताको रूपमा यस कवितालाई लिनसकिन्छ। |


## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

*– शब्द-संयोजन परिवार*

# अविस्मृत स्मृति

❖ वासुदेव अधिकारी

निर्वाचनको मौन अवधिमा मित्र खगेन्द्र राई बितेको खबर आयो। मन वेचैन भयो। सँगसँगै काम गरेका पलहरू याद आए। मन सामान्यीकरण नहुँदै दुई तीन हप्ताको अन्तरमा मनोकाशमा रहेका अरू तीन भ्फरिला तारा अस्ताए ! मन अरू अमिलो भयो, हृदय खाली। साथीभाइले फोटोसहित श्रद्धाञ्जली दिए। मैले चारवटै शोकमा विनाफोटो एक एक हाइकुशैलीमा आफ्नो अनुभूति पोस्ट गरेँ। बितेका व्यक्तिलाई किलो किलोका माला चढाउनु र एक थुङ्गा फूल चढाउनु बराबर नै हो। श्रद्धा त हो। हृदयफूल चढाए पनि हुन्छ। कोरोनाकालदेखि नै मैले यो क्रम चलाएको छु। म सामाजिक सञ्जालमा सामान्यतया श्रद्धा तथा समवेदनामा कीर्तिशेष हुनेको फोटो त्यति पोस्ट गर्दिन। अक्षर उत्खननमा म केही अल्छी छु, कन्जुस छु।

चिनजानका व्यक्तिको मृत्युले म मात्र होइन हामी सबै संवेदित हुन्छौँ। केहीको रिक्तता अलि चोटिलो हुन्छ, वेगिलो हुन्छ। उमेर नभइकन हुने विलय अपेक्षितभन्दा बढी पीडादायी हुन्छ। भलादमी, सुपठित, इमान्दार तथा कर्तव्यनिष्ठ मित्र खगेन्द्रपछिको लर्कोमा हठात् अलप भएका अब्बल साथी थिए सुरेश किरण। उनी छयालिस सालअघि इनाप पत्रिकादेखि चिनेका साथी थिए। अद्वितीय प्रतिभा सुरेश पत्रकारिता, लेखन र भाषाआन्दोलनका त्रिवेणी थिए। जताबाट हेरे पनि अब्बल, जसरी मूल्याङ्कन गरे पनि होनहार। उनी रिसाएर होइन हाँसेर, थाकेर होइन थकाइ जितेर कर्मक्षेत्रमा अघि बढ्थे। नेपाल भाषा तथा नेपाली दुबैमा समानान्तर रूपमा कमल चलाउँथे। लेखन मिठो थियो, कथन स्वादिलो। उनी दुबै भाषामा अनुवाद गर्थे। नेवा संस्कृतिको गहिरो चासो, ज्ञान र संरक्षण चेतले ब्युँभ्फिएका सुरेशको नसा नसामा पहिचान थियो। उनी अन्य सांस्कृतिक भूगोलका पहिचानकर्मीसँग सङ्गत गर्थे, सहकार्य गर्थे। अल्पायुमै अस्ताएका सुरेश जीवनको आखिरी समय भाषा आयोगमा थिए। उनको मन, वचन र कर्म एकै ठाउँमा थियो। कविता तथा व्यङ्ग्य लेखनका विराट प्रतिभा सुरेशसँगको भ्फण्डै चार दशकको सङ्गतमा म कति प्रभावित छु शब्दमा व्यक्त गर्न सक्दिन। सुरेशले मलाई 'मिर्मिरे'मा नेपाल भाषा विशेषाङ्क प्रकाशित गर्न, मेरा धेरै कविता, खासगरी करिब एक दशकयता आफ्नो जन्मदिन पारेर मैले पोस्ट गर्ने कविताको नेपाल भाषा अनुवाद गर्न तथा अन्य काममा सघाउँदै आएका थिए। मेरो यात्रा कविता सङ्ग्रह 'युरोस्पर्श'को राजेन्द्र शाक्यले गरेका अनुवादलाई कवि दुर्गालालको रायबमोजिम सुरेशले नै अन्तिम रूप दिएका थिए। दुर्गालाल माड्साबको कथन थियो, 'सुरेशले हुन्छ भनेको छ भने छपाउनु भए हुन्छ।' अर्थात्, सुरेश

काव्यबोध र अनुवादका पनि आधिकारिक व्यक्ति थिए । उनको अनुमोदनपछि मात्रै मेरो कवितासङ्ग्रह नेपाल भाषामा प्रकाशित भएको थियो । त्यसको प्रकाशन, विमोचन तथा परिचर्चाको चाँजोपाँजो मिलाउने पनि उनी नै थिए । चालिसको आखिरीमा दृष्टि साप्ताहिकको 'साहित्य स्तम्भ' संयोजन गर्दाको बखत उनको आशु लेखनको प्रवाह मैले चाल पाएको थिएँ । उनी अर्का मित्र किशोर श्रेष्ठका मनकारी मित्र थिए ।

मलाई सुरेश आत्मश्लाघा नभएको कर्मीमौरी लाग्छ । आफ्नो नियमित लेखनको अलावा उनले नेपाल भाषाको पत्रकारितामा पत्रकार हुँदै लामो समय सम्पादक भएर विशिष्ट योगदान दिएका छन् । वास्तवमा कुनै पनि अभियान वा परियोजना परिपुष्ट हुने कामले नै हो स्वप्नदर्शी, त्यागी र समर्पित व्यक्तिको योगदानले नै हो । सुरेश त्यसमा सुपरफिट थिए । उनी सङ्कल्पका पुञ्ज हुन् । अँगालोभरि काम, बाटोभरि साथी, पाठकको मनमनमा जरा कमै व्यक्तिको हुनसक्छ । उनी धेरैबाट प्रेरणा लिने, धेरैलाई प्रेरणा दिने व्यक्ति हुन् । उनको मन नै उज्यालो, कलम नै उज्यालो । धेरै गोष्ठी, धेरै संस्था र धेरै सिर्जनात्मक काममा सुरेशसँग गरेको सहकार्य सुखद र आत्मिक अनुभव भइरहेको छ । सुरेश बित्दा म कसरी नरुन सक्छु र ? उनी बितेका कारण सांस्कृतिक अभियानमा देखिनु पर्ने धेरै चिज छोपिने भए, लेखिनुपर्ने धेरै सत्य अलिखित नै रहने भए ।

सुरेश बित्नासाथ बिते श्रद्धेय अमिर थापा । अमिर थापा बित्नु एक युग ढल्नु हो । सहजतापूर्वक बिदाइ भए उनी । उनलाई मैले रमेश विकलसँग कुम जोडेर साहित्य सेवा गर्नेक्रममा चालिसको दशकमा चिनेको थिएँ । हकी, निर्लोभी, सहयोगी, क्रियाशील र अनुशाशित उनी समर्पणका पर्याय थिए । हामीले चिन्नुभन्दा अघिदेखि नै समाजसेवामा लागेका उनी काठमाडौँको पूर्वी भेगका नक्षत्र थिए । समाजसेवा तथा साहित्यसेवा उनको मिठो परिचय थियो । शैक्षिक क्षेत्रको विकास र विस्तारमा सरकार अल्मलिइरहेको वेला उनको अगुवाइको एक सामाजिक समूहले आरुबारी-बौद्ध क्षेत्रमा शैक्षिक चेतनाको बिगुल फुक्यो, गुणस्तरीय शिक्षाको गर्विलो बिउ रोप्यो । त्यो आज अरुणिमा शैक्षिक प्रतिष्ठानको रूपमा पुष्पित, पल्लवित भएको छ । अमिर थापाले त्यसको जरामा मृत्युपर्यन्त माया, सद्भाव, निर्देशन र चासोको जल सिञ्चन गरिरहे । उनले पचासको दशकमा साहित्य सदनको स्थापना र विकासमा योगदान गरे । यो अहिले निजी क्षेत्रको एकेडेमीको रूपमा कार्यरत छ । उनको साथकै कारण रमेश विकललगायतका मनीषिलाई सो संस्थाको भीमकाय जग हाल्न सहज भयो । अमिर दाइले उत्साह भेला, आरुबारीतिरको सांस्कृतिक कार्यक्रम आदिमा पनि सहयोग गरेको सम्झना भइरहेको छ । निधनको केही साताअघि अरूणिका शैक्षिक प्रतिष्ठानको अभिावक दिवसमा उनको लामो र प्रेरणादायी मन्तव्य म बिर्सिन सक्दिन । 'नब्बे वर्ष पार गरेको व्यक्तिको यत्रो उत्साह ?' मलाई मात्र होइन प्रमुख अतिथि डा.

अभि सुवेदीलाई पनि छोएको थियो। समाजिक कामप्रति, नयाँपुस्ता निर्माणप्रति उनको सोच तथा योगदान अनुकरणीय छ। ध्रुवताराजस्ता उज्याला अमिर दाइ मेरो मनमा किमार्थ अस्ताउनुहुन्न । चाबेल बौद्ध इलाकामा ‘ लठ्ठी बोकेर हिँडिरहेका वृद्ध’ अमिर दाइ नै हो किजस्तो लागिरहन्छ।

अमिर थापा बितेकै हप्ता अमिर दाइसँग सङ्गत र सहकार्यमा नारिएका, हामीमध्ये धेरैको प्रेरणास्रोत अर्थविद् केशव आचार्य बिते । व्यक्तिगत हिमचिम, पेसागत निकटता, पारिवारिक सानिध्य र अभियानगत आत्मीयताको डोरीले बाँधिएको कारण उनको निधन मनमा निकै गढ्यो । केशव आचार्य जाँदा मुलुकमा निकै ठुलो सन्नाटा छायो । पत्रकारिता र प्राज्ञिक क्षेत्रले ठुलो रिक्तता महसुस गर्‍यो। बैङ्किङ क्षेत्र अवाक् भयो । उनी केन्द्रीय बैङ्कका उच्चदर्जाका निकै अब्बल पेसाकर्मी थिए । अर्थशास्त्र, समाजशास्त्र तथा समकालीन विषयको चासो र ज्ञानमा उनी अग्ला थिए । अर्थशास्त्रको जटिल विषयलाई उनी सरल तरिकाले बुझ्थे र तदनुरूप बुझाउन सक्थे। अनि त हामी उनलाई मन पराउँथ्यौँ। हामी भन्नाले बैङ्कर, पत्रकार, आम जिज्ञासु। पत्रकार उनको व्याख्या सुनेर धेरै विषयमा स्पष्ट हुन्थे। उनी अभिव्यक्तिमा जति सरल र कोमल थिए व्यवहारमा पनि त्यस्तै मिजासिला। सङ्गत गर्दा लाग्थ्यो- केशव आचार्यको हृदय मायाले भरिएको छ र दिमागमा सकारात्मकता बास बस्न आएको छ । यस्तो संयोग धेरै बुद्धिजीवीमा पाइँदैन । प्रगतिशील विचारधाराको आत्मिक अवलम्बनले उनलाई यो तहमा पुर्‍याएको हो।

सरल स्वभाव, मिलनसार व्यक्तित्व, गहिरो ज्ञान तथा सुकोमल अभिव्यक्तिका खानी केशव आचार्यसँग मैले करिब ३८ वर्ष सङ्गत गरेँ। अफिसमा ललिता म्यामसँग सँगै काम गरेँ, छोराछोरीसँग पनि केही मात्रामा सङ्गत हुनपायो। उनलाई मैले जति बुझेँ त्यति प्रभावित भएँ। ०५२ सालमा अर्थमन्त्रीको प्रमुख आर्थिक सल्लाहकार हुँदा होस् कि नियमित जिम्मेबारीमा रहँदा मुलुक, केन्द्रीय बैङ्क वा वित्तीय क्षेत्रको उन्नयनमा उनको सजगता कहिल्यै कम भएन। उनले केन्द्रीय बैङ्कमा रहेर पनि मुलुकको वित्त नीतिमा देख्खल योगदान गरे । यो अवसर पनि हो, उपलब्धि पनि। उनले आर्थिक सुधारका कार्यक्रममार्फत अर्थतन्त्रलाई चलायमान बनाउन मूल्यवान् भूमिका निर्वाह गरे। अन्तर्राष्ट्रिय मुद्रा कोषमा समेत केही वर्ष जिम्मेबारी बहन गरेका उनले आफू आबद्ध भएको बचत तथा ऋण सहकारी संस्था, सामान्य आकारको लगानी कम्पनी, लघुवित्त वा स्कुल कलेजका सबैजसो कार्यक्रममा उत्साहपूर्वक सहभागी हुने र कतिपय संस्थामा पदाधिकारी भई कार्य गरेर विरल इतिहास रचे । धेरैजसो दृष्टान्तको म आफैँ प्रत्यक्ष साक्षी छु। जागिरबाट अवकाश लिएपछि उनको पसिना अन्तर्राष्ट्रिय विकास संस्थामा समेत परेको छ। अग्रज केशव आचार्य अनेक आयाममा सिक्न र सम्झनलायक छन्।

मनमोहन, भरतमोहन आदिसँग विषयविज्ञका रूपमा मिलेर काम गरेका, 'आफ्नो गाउँ आफैँ बनाऊँ'जस्ता लोकप्रिय कार्यक्रम मथ्ने समूहमा बसी योगदान गरेका व्यक्तिको सरलता देख्दा र हामीसँग गर्ने मिजासिलो व्यवहार अनुभूत गर्दा म सधैँ अनगृहित हुँदै आएको छु। कस्तो अनुकरणीय व्यक्तित्व ? न दम्भ, न उन्माद, न लोभ, न आडम्बर। उनी सुकोमल प्रकाशपुञ्ज नै थिए।

केशव आचार्य वेदका ऋचातुल्य बोल्थे, अरूलाई होच्याउँदैनथे । अर्थशास्त्र मात्र होइन नेपाली समाज र संस्कृतिबारे, साहित्य र दार्शनिक चिन्तनबारे उनमा प्रचुर चासो, ज्ञान र सुझबुझ थियो। खानपिनमा शौखिन उनले आफ्नो रूचिअनुसारको सङ्गत विकास पनि गरेका थिए। त्यसका सकारात्मक नकारात्मक दुबै पाटा छन् । मैले चाबहिलस्थित उनको घरमा खाना, चिया, आँगनमा फलेको अम्बा आदि कति खाएँ ? गफ र सरसल्लाहमा कति जुटेँ ? अरुणिमा नेटवर्क र कजेलको सन्दर्भमा कति सुझाव सुनेँ ? स्मृतिको एक एक झिल्का मनमा उठिरहेको छ। माधव घिमिरेको महाकाव्य 'ऋतम्भरा' आएपछि त्यो कृति पढ्नका लागि उनले देखाएको व्यग्रता वर्णन गरिसाध्य छैन। आर्थिक क्षेत्रका सूचना, विचार र विश्लेषणमा डुब्न रुचाउने केशव आचार्यको हृदय पढ्दा कम अर्थशास्त्री बढी कवि प्रतीत हुन्छ। त्यो छनक उनको लेखनमा पनि देखिन्छ। 'केरा लडाइँको नालीबेली' रचनामार्फत उनले गरेको ट्रेडवार तथा अन्तर्राष्ट्रिय व्यापारको विवेचना म कहिल्यै बिर्सिन सक्दिन। अङ्ग्रेजी र नेपाली दुबै भाषामा समान स्तरमा दखल भएका उनले फिलिपिन्समा पढ्न बस्दा श्रीमती ललितालाई सविस्तार पत्र लेख्थे। सो पत्रमा केही साहित्यिक रचना पनि हुने गर्थे। उनका केही रचना (मुक्तक) 'लहर' पत्रिकामा छापेजस्तो पनि लाग्छ। उनले पठाउने त्यस्ता पत्रमा छोराछोरीलाई असल तथा अनुकरणीय व्यक्तिसँग भेट गराउन र तिनको बानीव्यवहार सिक्न सिकाउन पनि अनुरोध गर्थे। धेरै अरूबाट नसिकी कसरी उदात्त र प्रशान्त हुनसकिन्छ र ?

आर्यघाट वा भष्मेश्वर घाटमा केही हप्तामा धुवाँ बनेका उपर्उल्लिखित मित्र तथा अग्रज सबै आगोका फिलिङ्गा हुन्, मनका ध्रुवतारा हुन्, समाजका अनमोल सम्पदा हुन् । तिनले आफ्नो समयमा समाजमा बाटो देखाएका छन्, पर्याप्त उज्यालो छरेका छन्। ध्रुवताराको उज्यालो आफ्नो लागि होइन, अरूका लागि हो । त्यो दिनका लागि पनि हो, रातका लागि पनि । दिनमा एक भेगमा नदेखिएको ध्रुवताराले पृथ्वीको अर्को भागमा प्रकाश फालिरहेको हुन्छ। कृतिशेष व्यक्ति स्मृतिका खजाना हुन् । स्मृति मनको क्यानभासमा लेखिने अक्षर हुन्, मूल्यवान् चित्र हुन्। सामान्य अक्षरलाई समयको इरेजरले सजिलै मेट्नसके पनि गाढा अक्षरलाई सजिलै मेट्नसक्दैन।

*१२ चैत ०८२*

# साहित्य सन्ध्याको ४७४ औं शृङ्खला सम्पन्न

२०८२ चैत्र ७ गते अपराह्न १ बजे प्रकृतिको प्रतिकूलताका कारण गुगल मिटका माध्यमबाट प्रविधिमैत्री कार्यक्रम साहित्य सन्ध्याको नियमित मासिक ४७३ औँ शृङ्खलामा 'जीवनशैली र मानवस्वास्थ्य' विषयमा विशद चर्चा गरिनुका साथै कविगोष्ठीको आयोजना गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा विशेष अतिथिका रूपमा प्रा.श्रीराम पाण्डे उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा सन्ध्याका सल्लाहकार विधान आचार्य, राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्याल, ज्ञानु विद्रोही, डा.भागवत आचार्य, डम्बर पहाडी एलाक, कृष्ण बाउसे, बेनीबहादुर थापा, महेशराज खरेल, विन्दु अधिकारी ढकाल, ओमप्रसाद कोइराला, जयन्ती स्पन्दन, गोपाल नेपाललगायतको उपस्थिति रहेको थियो ।

उक्त समारोहमा प्रा.श्रीराम पाण्डेले 'जीवनशैली र मानवस्वास्थ्य' विषयमा विशद चर्चा गर्नुभएको थियो । महेशराज खरेल, विन्दु अधिकारी ढकाल, ओमप्रसाद कोइराला, गोपाल नेपाल, डा.भागवत आचार्य, डम्बर पहाडी एलाक, प्रशान्त खरेल, कृष्ण बाउसे, विधान आचार्य, जयन्ती स्पन्दन, नर्मदेश्वरी सत्याल, बेनीबहादुर थापा, प्रा.श्रीराम पाण्डे, राम विनय, कुमार नेपाललगायतले आआफ्ना कविता, गीत, गजल, मुक्तक वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि उपप्रा.ज्ञानु विद्रोहीले समीक्षा गर्नुभएको थियो ।

# अविरल जनसाहित्य यात्रा-१०७ सम्पन्न

चैत्र १४ गते अपराह्न १ बजे राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको सभाकक्ष पुतलीसडक, काठमाडौँमा आयोजित समारोहमा राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालले आयोजना गरिरहेको 'अविरल जनसाहित्य यात्रा'को १०७ औं शृङ्खलामा साहित्य सिर्जना, प्राध्यापन, सामाजिक-साङ्गठनिक नेतृत्व तथा सामाजिक रूपान्तरण अभियानमा क्रियाशीलता



जनाइरहेका सशक्त प्रगतिवादी स्रष्टा नारायण निरासीका एक दर्जन कविता गुञ्जिए ।

प्रा.डा.रामप्रसाद ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहको अध्यक्षता राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष प्राज्ञ नर्मदेश्वरी सत्यालले गर्नुभएको थियो भने सङ्घका सचिव सोमनाथ दहालले सञ्चालन गर्नुभएको उक्त समारोहमा प्रगतिशील लेखक सङ्घ नेपालका अध्यक्ष डा.देवी क्षेत्री दुलाल, डा.फणीन्द्रराज निरौला, प्रा.डा.बद्रीविशाल पोखरेल, प्रभाती किरणलगायत कविनायकका इष्टमित्र तथा अन्य कवि, साहित्यकारहरू एवम् साहित्यानुरागीहरूको उपस्थिति रहेको थियो ।

अध्यक्ष नर्मदेश्वरी सत्यालले कविनायकलाई माल्यार्पण गरी स्वागत गर्नुभएको थियो भने कविनायकको परिचय प्रभाती किरणले दिनुभएको थियो । नारायण निरासीले सुस्तामा सीमा मिचिएको वेलामा, मुलुक गरिब होइन हाम्रो मानसिकता गरिब हो भन्ने लागेको वेलामा, सहिदको सम्मान र सम्झनामा, नेपालीलाई हेप्ने प्रवृत्तिका विरुद्धमा, पैसामुखी प्रवृत्ति मोलाएको देखेपछि, मानवता हराएको र स्वाधीनता तल पर्नलागेको अनुभूत गरेपछि, छुवाछुत तथा जातीय विभेद पटक्कै उपयुक्त होइन भन्ने सन्देश दिनका लागि, देशै नरहला कि भन्ने चिन्ता लागेको वेलामा, अभावले जिन्दगीलाई ठेल्दै लग्दाखेरि, निर्मला पन्तजस्ता नेपाली चेलीको बलात्कार तथा नृशंस हत्याको पीडाले विह्वल बनाएपछि मैले कविता सिर्जना गरेको छु भन्दै कविताका रचनागर्भका बारेमा जानकारी गराउँदै 'खुम्चिरहेको नक्सा', 'प्रतिज्ञा', 'पैसा' र 'चेली' शीर्षकका कविता वाचन गर्नुभएको थियो । त्यसैगरी सहयोगी कवि जय गौडेलले 'देशको मानचित्र', पुष्कल किरणले 'आफ्नो सुरक्षा गर' र 'युवा', केशव भट्टराईले 'सहिद', रूपक अलङ्कारले 'हुरी नआउने घर', प्रभाती किरणले 'रोकिन्न क्रान्ति' र शान्ति पौडेलले 'सङ्कल्प' र 'जीवनप्रण' शीर्षकका कविताहरू वाचन गर्नुभएको थियो ।

प्रा.डा.बद्रीविशाल पोखरेलले वाचित कवितामाथि टिप्पणी गर्नुभएको थियो भने प्रमुख अतिथि प्रा.डा.रामप्रसाद ज्ञवालीले कविता सिर्जनाका बारेमा परिचर्चा गर्नुभएको थियो । समारोहमा सहभागी सबैलाई सङ्घका उपाध्यक्ष रमेश पोखरेलले धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

हार्दिक श्रद्धाञ्जली



**बलराम पोखरेल**

**निधनः १४ चैत २०८२**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# हार्दिक धन्यवाद तथा आभार साहित्यिक पत्रकार सङ्घ

वि.सं.२०२९ सालमा स्थापना भएको साहित्यिक पत्रकार सङ्घले ५३ वर्ष पूरा गरेको उपलक्षमा र ४५ औँ कथा दिवसको सन्दर्भ पारेर आज मिति २०८२ चैत्र १९ गते बिहीबार अपराह्न ३ बजे डालो रेस्टुरेन्ट अनामनगरमा सङ्घका अध्यक्ष साहित्यकार राधेश्याम लेकालीको अध्यक्षतामा विशेष समारोहको आयोजना गरी विभिन्न विधाका पाँचओटा पुरस्कार तथा सम्मान समर्पण गऱ्यो ।

नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका पूर्व उपकूलपति के.के.कर्माचार्यको प्रमुख आतिथ्यमा सम्पन्न उक्त विशेष समारोहमा नरेन्द्रबहादुर श्रेष्ठ, प्रमोद प्रधान, श्रीओम श्रेष्ठ 'रोदन'का अलावा सम्मानित हुनुहुने पाँचजना स्रष्टाहरू प्रतिसरा सायमि, विमलातुम्खेबा,मीनकुमारनवोदित,रमेशपोखरेल र प्रवीण जोशी अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो ।

साहित्यकार प्रमोद प्रधानको संयोजकत्वमा श्रीओम श्रेष्ठ 'रोदन' र नरेन्द्रबहादुर श्रेष्ठ सदस्य रहेको मूल्याङ्कन समिति गठन भएको र सोही समितिको सिफारिसमा 'भवानी साहित्यिक पत्रकारिता सम्मान' २०८१ द्वारा शृङ्खला साहित्यिक मासिकका प्रकाशक तथा समपादक प्रवीण जोशी र 'भवानी साहित्यिक पत्रकारिता सम्मान' २०८२ द्वारा शब्द संयोजन साहित्यिक मासिकका कार्यकारी सम्पादक रमेश पोखरेल, 'व्यथित काव्य पुरस्कार तथा सम्मान' २०८१ द्वारा विराटनगरका मीनकुमार नवोदित र २०८२ सालको सोही पुरस्कार तथा सम्मान प्रतिसरा सायमिलाई प्रमुख अतिथि के.के.कर्माचार्य,




सङ्घका अध्यक्ष राधेश्याम लेकाली, नरेन्द्रबहादुर श्रेष्ठ र श्रीओम श्रेष्ठले संयुक्त रूपमा समर्पण गर्नुभएको थियो ।

कवि मणि लोहनीले सञ्चालन गर्नुभएको उक्त विशेष समारोहमा विमल भौकाजीले लघुकथा सुनाएर कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो भने पानसमा बत्ती भने समारोहका अध्यक्षले बाल्नुभएको थियो । स्रष्टा चयनका बारेमा श्रीओम श्रेष्ठ रोदनले प्रकाश पार्नुभएको थियो भने सम्मानित पाँचैजना स्रष्टाको व्यक्तित्व तथा कृतित्वका बारेमा प्रमोद प्रधानले प्रकाश पार्नुभएको थियो ।

प्रमुख अतिथि के.के.कर्माचार्यले त्रिपन्न वर्ष पुरानो इतिहास बोकेको गरिमामय संस्थाको आजको यो विशेष समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित हुनपाउनु र आआफ्ना क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका पाँचजना साधकलाई सम्मान गर्ने अवसर आफैँमा गौरवपूर्ण लागेको बताउनुभयो । समारोहका अध्यक्ष राधेश्याम लेकालीले सङ्घको इतिहास र विगतदेखि हालसम्म सङ्घले सम्पादन गरेका कामहरूका बारेमा सङ्क्षिप्तमा प्रकाश पार्नुभएको थियो । उपस्थित सबै सबै आदरणीय व्यक्तित्वलाई धन्यवाद पद्मावती सिंहले ज्ञापन गर्नुभएको थियो ।

# कविले विचारलाई लोककल्याणमा समर्पित गर्नुपर्छ भन्ने हेक्का राख्नुपर्छ



❖ प्रा. डा. ध्रुवकुमार घिमिरे

अविरल जनसाहित्य यात्राको यो सोद्देश्यमूलक अभियान १०४ औँ शृङ्खलामा पुगेको छ र आजको यो समारोह विशेष समारोहका रूपमा आयोजना भएको पनि देखिएको छ । त्यसैले सर्वप्रथम म आजका कविनायक गौरी प्रधानलाई बधाई दिन्छु र समीक्षकको भूमिकामा समालोचना गर्ने गहन जिम्मेवारीका लागि हार्दिक धन्यवाद दिन्छु । आजका कवि बालअधिकारका क्षेत्रमा काम गर्ने र म आफू पनि बालबालिकाका लागि लेख्ने, उनीहरूलाई उत्प्रेरणा जगाउने काममा लागेको हुँदा एउटै क्षेत्रको संयोग पनि मिलेको छ। कविका भावनालाई विम्बमा, अनुप्रासमा र विचारका माध्यमबाट अभिव्यक्त गर्ने र पाठकसम्म पुर्‍याउने माध्यम हो कविता । आज वाचित एउटै कविताले थोरै शब्दमा सिङ्गै नेपालको चित्र खिचेको छ। कविको शैली हेर्दा भूपि शेरचनको जस्तो विम्ब प्रयोग र अनुप्रास संयोजन रहेको पाइन्छ।

मान्छेले प्रकृतिको अतिदोहन गरेपछि प्राकृतिक विपत्तिको त्रासदी भोग्नुपर्छ भन्ने दृष्टान्तका माध्यमबाट पोहोरको उपत्यकाको बाढीलाई चित्रण गरिएको छ । मान्छेको चरित्र अत्यन्त महत्त्वपूर्ण हुन्छ र त्यसले व्यक्तित्व निर्माण गर्छ भन्ने शाश्वततालाई कवितामा अभिव्यक्त गरिएको छ। बुद्ध र मार्क्सको तुलना गरेर लोककल्याणमा विचारलाई समर्पित गर्नुपर्छ भन्ने सन्देश दिइएको छ। डुङ्गालाई सङ्घर्षको पर्यायका रूपमा चित्रण गरिएको छ। सिंहदरवार विकृतिको प्रतीक बनेको आक्रोश व्यक्त गरिएको छ भने विकृतिकै जड भए पनि इतिहास भएकाले जलाउने दुस्साहसका प्रति भने घृणा गरिएको छ। घटनालाई आफूअनुकूल बहस गर्ने विकृत राजनीतिका प्रति व्यङ्ग्य गरिएको छ । धर्मका नाममा आडम्बर प्रदर्शन गर्ने, विभेद गर्ने र हिंसाको खेती गर्ने प्रवृत्तिको चर्को आलोचना गरिएको छ। चोरीका विभिन्न प्रकारको उल्लेख गर्दै चोरहरू दण्डित हुनुको सट्टा झन छाती फुलाएर हिँड्ने दूरावस्थाको चित्रण गरिएको छ। जनउभार कोही कसैले रोक्नसक्तैन भन्ने शाश्वततालाई अभिव्यक्त गरिएको छ । राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय समस्यालाई पनि कवितामा उजागर गरिएको छ। सङ्घर्षका पक्षमा, न्यायका पक्षमा र श्रमका पक्षमा कवितामा वकालत गरिएको छ । महादेवको निश्छल चरित्र, आँट, साहसको पक्षलाई सकारात्मक र सर्वहाराका रूपमा चित्रण गरिएको छ । कविको अनुभव, अध्ययन र भ्रमणका अनुभूतिलाई कवितामा पाठकको मन र मस्तिष्कलाई झनननन्न पार्नसक्ने बौद्धिक क्षमता कविका आजका कविताले प्रदर्शन गरेका छन् त्यसैले आजको यो समारोह सार्थक रहेको छ। यो महत्त्वपूर्ण समारोहमा कविता सुन्ने र आफ्ना धारणासमेत राख्ने अवसरले मलाई गौरवानुभूति भएको छ। कविका यी कविताको पुस्तकाकार रूप छिटै आओस् ।

*-रमेश पोखरेल (प्रा.डा.ध्रुवकुमार घिमिरेले अविरल जनसाहित्य यात्राको १०४ औँ शृङ्खलामा व्यक्त मन्तव्यमा आधारित)*